# संघीय संसद

# राष्ट्रिय सभा

# बाह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १६ भदौ २०७९

# बिहीवार

# बैठक सङ्ख्या— ५१

राष्ट्रिय सभाको आजको दोस्रो बैठक सम्मानीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १६:४९ बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको दोस्रो बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय गृह मन्त्री बालकृष्ण खाँणलाई सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदनमाथि छलफल गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

**माननीय गृह मन्त्री श्री बालकृष्ण खाँणः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९

सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदनमाथि छलफल गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>-** माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदनमाथि छलफल गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" माथि विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित छलफल प्रारम्भ हुन्छ । माननीय सदस्यहरूलाई समितिको प्रतिवेदन विधेयकको अन्तरवस्तु र राष्ट्रपतिज्यूको सन्देशको विषयवस्तमा मात्रै केन्द्रित रहेर छलफलमा भाग लिन अनुरोध गर्दछु ।

माननीय सदस्यहरू, आज हामी नेपाल नागरिकता जस्तो महत्त्वपूर्ण विषयमा छलफल गर्दै छौं । सङ्घीय सदनको दुवै सदनबाट पारित भई प्रमाणीकरणका लागि पेस भएको "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" सम्माननीय राष्ट्रपति महोदयबाट सन्देशसहित फिर्ता भएको सन्दर्भ यहाँहरूलाई विदितै छ । सम्माननीय राष्ट्रपति महोदयबाट सङ्घीय संसदको गहन अध्ययन, छलफल, विमर्श र विश्लेषणसहित सन्देश प्राप्त भएको सन्दर्भमा राष्ट्रिय सभाले उक्त विधेयक पुनर्विचारका लागि विधायन व्यवस्थापन समितिमा पठाएको थियो । समितिबाट प्राप्त प्रतिवेदन, संविधान सभाबाट जारी संविधान कार्यान्वयन यताको नागरिकतासम्बन्धी पहिलो सङ्घीय कानुनको दीर्घकालीन महत्त्व र राष्ट्रपतिज्यूबाट आफ्नो सन्देशमार्फत सङ्घीय संसदको ध्यानाकार्षण गराउनुभएको

विषयको गम्भीरतासमेतका आधारमा उक्त विधेयकमाथि सदनमा गम्भीर र पर्याप्त छलफल गर्न वाञ्छनीय हुन्छ । तसर्थ, यस छलफलमा भाग लिने माननीय सदस्यहरूका लागि भविष्यमा नजिर नबस्ने गरी समय सीमा नतोकिएको बेहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डायससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

माननीय देवेन्द्र दाहाल ।

**<u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी यो सम्माननीय राष्ट्रपतिज्यूले दुवै सदनबाट पारित भई प्रमाणीकरणको लागि गएको विधेयकलाई केही आफ्ना महत्त्वपूर्ण कन्सर्नका विषयहरू अध्ययन गर्नुपर्ने, विवेचना गर्नुपर्नेलगायतको विभिन्न विमर्शहरू गर्नुपर्ने विषयहरू औंल्याउँदै प्रतिनिधि सभामार्फत नेपालको सङ्घीय संसदमा पठाउनुभएको छ । त्यसैअन्तर्गत विधायन व्यवस्थापन समितिमा यसै सभालले हाम्रो सभामा प्राप्त भइसकेपछि विधायन व्यवस्थापन समितिमा यो राष्ट्रपतिज्यूको सन्देशसहितको यो विधेयकउपर छलफल गर्नका लागि विधायन व्यवस्थापन समितिमा पठाएका थियौं । यो हामीलाई जगजाहेरै छ । उक्त सन्दर्भमा विधायन व्यवस्थापन समितिमा गहन छलफल भयो । र छलफल भएर एउटा निष्कर्ष पनि निस्किएको छ ।

म यहाँनेरि एउटा विषय उल्लेख गर्न चाहन्छु । विधायन व्यवस्थापन समितिमा छलफल भएर यसलाई बहुमतका साथ हामीले गम्भीर असहमतिहरू राखिसकेपछि यो विषयलाई बहुमतका साथ पारित गर्ने निष्कर्ष निकालिएको थियो । तर विधायन व्यवस्थापन समितिका सभापतिले यो प्रतिवेदन पढ्दाखेरि त्यो विषयलाई लुकाएर पढ्नुभएको छ । त्यसैले म सर्वप्रथम त यस्तो कुरामा एउटा राजनीतिक इमानदारिता हुनुपर्छ र इमानदारिता नरेहको कुराप्रति म गम्भीर ध्यान आकर्षण गराउन चाहन्छु । त्योभन्दा धेरै ठुलो अरू शब्द प्रयोग गर्न चाहन्नँ म । यो सदनको गरिमालाई मध्यनजर राखेर र म अर्को कुरो के पनि भन्न चाहन्छु भने सम्माननीय अध्यक्षज्यूमार्फत हाम्रा चारओटा समितिहरू छन् । ती चारओटा समितिहरू अहिले सभापतिविहीन छन् । र ज्येष्ठ नागरिकले यसको सभापतित्व गर्ने प्रचलनअनुसार यो भइरहेको छ । तर यसलाई लामो नराखियोस् । आजको यो गैरजिम्मेवारपन देखेर मलाई जिम्मेवारीपूर्ण ढङ्गले समितिको सभापतित्व गर्नुपर्छ । र मैले यहाँ व्यक्तिगत रूपमा पनि भनेको थिएँ

सभापतिज्यूलाई, अहिले हाम्रो ज्येष्ठ नागरिकलाई तपाईंले इमानदारितापूर्वक पेस गर्नुस् । तर उहाँले त्यो इमानदारिता देखाउन सक्नुभएन । त्यसकारण म ध्यान आकर्षण गराउन चाहन्छु तुरुन्तै यो समितिका सभापतिहरूको निर्वाचन गराइयोस् ।

अब म यो नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको जुन विधेयक छ यो विधेयकको सम्बन्धमा हाम्रो तर्फबाट हामी ३ जना माननीयहरूले असहमति राखेका थियौं । मैले माग गरेको थिएँ विधायन व्यवस्थापन समितिमा पनि र यो के परम्परा छ? कस्तो छ? हामी छलफल गरौं । हाम्रो यो असहमतिका कुराहरूलाई पनि यो प्रतिवेदनको एउटा अङ्ग बनाइयोस् भनेर हामीले माग गरेका थियौं । तर त्यस्तो परम्परा छैन । बहुमत र अल्पमतले पारित गरियो भन्ने अथवा बहुमतले पारित गरियो भन्ने मात्रै लेख्ने प्रचलन छ भनेर माननीयज्यूहरूले कुरा उठाइसकेपछि त्यस कुरालाई मानेर ठिक छ भनियो । र त्यहाँ हामिले प्रस्तुत गरेका असहमतिका कुराहरूलाई सर्वप्रथम म यो सम्मानित सदनमा वाचन गरेर यहाँ प्रस्तुत गर्न चाहन्छु ।

नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक, २०७९ को सम्बन्धमा सम्माननीय राष्ट्रपतिज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (३) बमोजिम प्रतिनिधि सभामा सन्देशसहित पठाउनुभएको र संसदीय प्रक्रियाबमोजिम यो विधेयक प्रतिनिधि सभाबाट पारित भई सन्देशसहित राष्ट्रिय सभामा आएको छ । उक्त विधेयकको सम्बन्धमा सम्माननीय राष्ट्रपतिज्यूबाट प्राप्त सन्देशमा आएका निम्न विषयहरूमा हाम्रा निम्न धारणासहित राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिमार्फत सम्मानित राष्ट्रिय सभामा पेस गरेका छौं ।

(क) सरकारबाट पेस भएको नागरिकता विधेयकको सम्बन्धमा केही जानकारी र अध्ययन तथा विमर्शको लागि औंल्याइएका विषयहरू यो पहिलो नं. मा छ । यस खण्डअन्तर्गत सम्माननीय राष्ट्रपतिज्यूबाट निम्न विषयहरू उठाउनुभएको छ । नेपाली नागरिकले सहज र सरल ढङ्गले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न समुचित कानुनी प्रबन्ध गर्नु राज्यको दायित्वभित्र पर्ने भएकोले अविलम्ब कानुन बनाई नागरिकताविहीन नागरिकलाई नागरिकता दिने प्रबन्ध गरिनुपर्छ । यसर्थ, यसै विषयमा केन्द्रित यो विधेयकलाई अविलम्ब पारित गरिनुपर्दछ । यसको लागि सम्माननीय राष्ट्रपतिज्यूको भावनासमेतलाई मध्यनजर गर्दै विशेष गरी जन्मको आधारमा नागरिकता प्राप्त गरेका व्यक्तिहरूका सन्तानले कानुनअनुसार अविलम्बन नागरिकता पाउनुपर्ने विषयमा हामी प्रस्तावकहरू पनि प्रतिबद्ध छौं । तर राज्यको तर्फबाट कानुनबमोजिम प्रदान गरिने

नागरिकता र उक्त नागरिकता प्राप्तिको प्रक्रिया प्रत्येक नेपालीको आत्मसम्मान तथा राष्ट्रको एकता, राष्ट्रियता, सार्वभौमसत्ता तथा भौगोलिक अखण्डतासँग गहिरो गरी गाँसिएको संवेदनशील विषय भएकोले नागरिकताको बारेमा निर्णय र निष्कर्ष नपुग्दा यो विषयमा गम्भीर भएर सोच्न र तदनुरूप कार्यसम्पादन गर्नुपर्ने भनी सम्माननीय राष्ट्रपतिज्यूको चासो सान्दर्भिक रहेको छ ।

नेपालमा विक्रम संवत् २००९ सालमा नागरिकतासम्बन्धी पहिलो कानुन बनिसकेपछि प्रस्तुत विधेयक यो सदनमा आउँदासम्म नागरिकतासम्बन्धी ऐन प्रस्तुत र संशोधन पेस गर्दा के कस्ता उतार चढावहरू भए भन्ने विषयमा गहिरो अध्ययन गर्नुपर्ने र नागरिकतासम्बन्धी ऐन बनाइरहँदा नागरिकताका सम्बन्धमा हाम्रा अभ्यास र ऐतिहासिक पक्षमाथि विवेचना गर्नु सान्दर्भिक हुन्छ भनेर सम्माननीय राष्ट्रपतिज्यूले औंल्याउनुभएको छ । यसै सन्दर्भमा नेपालमा २०१९ सालमा संविधानमा नै नागरिकतासम्बन्धी विषय समिटिएको । २०२० सालमा नागरिकतासम्बन्धी नेपाल कानुनलाई पुनः व्यवस्थापन गर्न बनेको ऐनमा वंशज, जन्मसिद्ध र अङ्गीकृत नागरिकताको व्यवस्था गरिएको र उक्त ऐनलाई २०३२ सालमा संशोधन गर्दै वंशज र जन्मसिद्धलाई यथावत् राखेर अङ्गीकृत नागरिकका सम्बन्धमा यहीं उत्पति भएकालाई २ वर्ष, नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएको महिलाको हकमा ५ वर्ष र सोबाहेक अरूको हकमा १५ वर्ष राखिएको थियो । यहाँ स्मरणीय कुरा के छ भने सम्माननीय अध्यक्ष महोदय, अङ्गीकृत नागरिकतासम्बन्धी उक्त २०३२ सालको प्रावधान बिचैमा आएर कसरी हट्न गयो? यो विषय गम्भीर र विचारणीय विषय नै रहेको छ । यस विषयमा यो सम्मानित सदनको ध्यान जान जरुरी छ । यो पहिलो चरणमा सम्माननीय राष्ट्रपतिज्यूले उठाउनुभएका विषयमा यी विषय भए ।

यसपछाडि सम्माननीय राष्ट्रपतिज्यूबाट प्रतिनिधि सभामार्फत सम्मानित सदनको ध्यान आकर्षण गराएका बुँदा नं. १ देखि ८ सम्मका विषयहरूमा प्रस्तावित विधेयकमा निम्न संशोधनमार्फत समावेश गर्न प्रस्ताव गरेका छौं ।

(१) मूल ऐनमा दफा ७ (ख) मूल ऐनको दफा ७ पछि विधेयकको दफा (७) (क) पछि देहायको दफा ७ (ख) थप्नुपर्ने । यहाँ यो प्रादेशिक पहिचानसहितको नागरिकताको व्यवस्था गरिएको छैन । यसमा हामीले ७ (क) पछाडि ७ (ख) भनेर नागरिकतामा प्रादेशिक पहिचानसहितको विशेष व्यवस्था भनेर यहाँ थपेका छौं । सम्माननीय राष्ट्रपतिज्यूबाट यो प्रादेशिक पहिचानसहितको नागरिकताको प्रबन्ध गरिनुपर्छ

भनेर आफ्नो पत्रमा अथवा आफ्नो सन्देशमा चैं उल्लेख गर्नुभएको छ । त्यसैले गर्दा यस ऐनबमोजिम नागरिकता प्रदान गर्दा प्रादेशिक पहिचानसहितको एकल सङ्घीय नागरिकता प्रदान गरिने छ भनेर हामीले यो थपेका छौं ।

(२) मूल ऐन दफा ७ बमोजिम नेपालभित्र गाभिने गरी कुनै क्षेत्र प्राप्त भएकोमा उक्त क्षेत्र जुन प्रदेशअन्तर्गत गाभिने हो सो प्रदेशको पहिचान प्रदान गरिने छ भनेर थप्नुपर्छ भनेर भन्या छौं । ३ मा उपदफा (१) मा जुन सुकै कुरा लेखेको भए तापनि मूल ऐनको दफा ६ बमोजिम सम्मानार्थ नागरिकता र विधेयकको ७ (क) बमोजिमको गैरआवासीय नागरिकता प्रदान गर्दा राष्ट्रिय पहिचान कायम राखी फरक स्वरूप र ढाँचा कायम गरिने छ भनेर हामीले यसमा राखेका छौं । चौथोमा प्रादेशिक पहिचानसहितको नागरिकको ढाँचा तथा अन्य कार्यविधि तोकिएबमोजिम हुने छ भनेर हामीले यहाँ प्रस्ताव गर्या छौं ।

२ नं. मा नेपालको संविधानको धारा ११ (६), (७), (८) अनुसार नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा सङ्घीय कानुनबमोजिम नेपालको अङ्गीकृत नागरिकता लिन सक्ने छ भन्ने सम्बन्धमा छिमेकीलगायत अन्य विभिन्न मुलुकहरूको व्यवस्था तथा अभ्यासको अध्ययन गरी त्यसैअनुसार हाम्रो देशको विशिष्ट परिस्थितिमा वैवाहिक अङ्गीकृत नागरिकताको हकमा सम्माननीय राष्ट्रपतिज्यूको समेत भावनालाई आत्मसात् गर्दा नागरिकता ऐनको दफा ५ (१) पछाडि (क) देखि (ग) सम्म निम्नअनुसार थप गरी त्यसैअनुसार दफा क्रम मिलाउनुपर्ने भनेर हामीले प्रस्ताव गर्या छौं । (क) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले नेपाली नागरिकता लिन चाहेमा कानुनबमोजिम नागरिकता लिन सक्ने छिन् । त्यसको लागि वैवाहिक सम्बन्ध कायम गरेको मितिबाट सात वर्षपछि मात्र नेपालको वैवाहिक अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्ने छिन् । (ख) तर नेपालको नागरिकता प्राप्त गर्ने प्रक्रिया अगाडि बढाउँदा आफू जुन देशमा जन्म भएको त्यो देशको नागरिकता त्याग गरेको प्रमाण पेस गर्नुपर्ने छ । (ग) नेपाली नागरिकसँग विधिवत् वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले राजनीतिक र प्रशासनिक अधिकारबाहेकका अधिकार पाउने गरी एक परिचयपत्र प्राप्त गर्न सक्ने छिन् । उक्त परिचयपत्र यसै प्रस्तावको बुँदा नं. २ (क) बमोजिमको नागरिकता पाउने आधार हुने छ ।

विधेयकको दफा ५ मूल ऐनको दफा ८ को संशोधन उपदफा (२) (क१.) मा उल्लेखित स्वघोषणाको हकमा, यहाँ सो घोषणाको विषय पनि उठाइएको छ । त्यसले संविधानको धारा १६ र संविधानको धारा ३८ आकर्षित हुने भएको हुँदा अर्थात् त्यसको भावना विपरीत भएको हुँदा सम्मानपूर्वक बाँच्न पाउने हक भनेर १६ मा उल्लेख गरिएको छ सम्माननीय अध्यक्ष महोदय । प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउन हक हुने छ भनेर यसमा उल्लेख गरिएको छ । र ३८ नं. मा महिलाको हक भनेर ३८ नं. मा प्रत्येक महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुने छ । प्रत्येक महिलालाई सुरक्षित मातृत्वको प्रजनन स्वास्थ्यसम्बन्धी हक हुने छ । महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन र अन्य कुनै आधारमा शारिरीक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुने छ । र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने छ भनेर यसलाई यहाँ उल्लेख गरिएको छ ।

र चौथो नं. मा राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा समावेशी हक हुने छ भनेर भन्या छ । र महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त हक हुने छ भनेर यहाँ उल्लेख गरिएको छ । त्यसैले गर्दाखेरि सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने छ भनेर संविधानमै उल्लेख भएको हुँदा हामीले त्यस सन्दर्भमा यो स्वघोषणाको कुरालाई बाध्य नपारिने भनेर यहाँ प्रस्ताव गरेका छौं । यसमा मूल कानुनको दफा ८ बमोजिम नागरिकता प्राप्तिका लागि निवेदन पेस गर्दा आमाको नाममा नागरिकता लिन चाहने नागरिकले स्वघोषणा गर्दा स्वेच्छिक रूपमा उल्लेख गरेबाहेक पति वा बाबुको नाम थर र अन्य विवरण खुलाउन बाध्य पारिने छैन । (२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि पेस भएको सो घोषणाउपर शङ्का लागेमा नागरिकता जारी गर्ने अधिकारीले जारी गर्नुअगाडि जाँचबुझ गर्न सक्ने छ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा दफा ३ को उपदफा (५) र (७) बमोजिमको अवस्था रहेको पाइएमा सोहीबमोजिम हुने छ ।

(४) स्वघोषणासम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ भनेर हामीले यो तीन जनाले यहाँ विधायन व्यवस्थामा समितिका सदस्य मात्रै छौं र अरू माननीयज्यूहरू पनि हुनुहुन्छ । तर हामीले चैं यो विधायन व्यवस्थापन समितिमार्फत प्रस्तुत गरेको

हुँदाखेरि म देवेन्द्र दाहाल, भैरव सुन्दर श्रेष्ठ, भगवती न्यौपाने तीन जनाले विधिवत् रूपमा विधायन व्यवस्थापन समितिमा यो पेस गरेका छौं । र सम्माननीय अध्यक्ष महोदयमार्फत म यो सम्मानित सदनमा यस कुरालाई पनि प्रस्तुत गर्न चाहन्छु ।

अब यसपछाडि हामीले यो विधेयक ल्याउँदाखेरिको प्रक्रियाको बारेमा थोरै म चर्चा गर्न चाहन्छु । यो विधेयक संसदमा ल्याउँदाखेरि अपनाइएको प्रक्रिया सुरुदेखि नै संसदीय प्रक्रियाबाट भागेको अवस्था देखिन्छ । जस्तैः किनभने २०७५/०४/२३ मा प्रतिनिधि सभामा पेस भएको हाउसमा त्यसपछाडि पेस भइसकेपछि प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिमा पठाइयो । लामो छलफलपछि राज्य व्यवस्थामा छलफल गरी ७७ मा प्रतिवेदन बुझाइसकेपछि यो गठबन्धनको सरकारले हठात् २०७९/३/२४ मा विधेयक फिर्ता लियो । यो प्रतिवेदनउपर छलफल गर्न यो सरकार तयार भएन । पहिलेका प्रावधान राखेर तुरुन्त अर्को विधेयक संसदमा ल्यायो । प्रतिपक्षका सांसहरूले यो विधेयकलाई रोकेर ढिला गर्नुभो' र लाखौं जन्मसिद्ध नागरिकका सन्तानले नागरिकता पाउन सकेनन् भन्ने गठबन्धनका सांसदलाई म यो प्रश्न गर्न चाहन्छु । कुन स्वार्थका लागि तपाईंहरूले संसदमा आइसकेको विधेयक फिर्ता लिनुभयो र सबै प्रोसेसलाई विलम्ब गराउनुभयो? यो प्रतिपक्षले यो विलम्ब गराएको होइन । र सत्तापक्षले नै जब संसदको राज्य व्यवस्था तथा सुशासन समितिले निर्णय गरेर, लामो बहसपछाडि निर्णय गरेर संसदमा ल्यायो, ल्याउन खोजेको थियो अथवा प्रस्तुत गरेको थियो । त्यो त्यहीबाट, बिचैबाट त्यसलाई तुहाइयो । त्यसपछाडि सरकारले हठात् थियो विधेयक फिर्ता लियो । र फिर्ता लिएर अब फेरि फास्ट ट्र्याकबाट भनेर फेरि त्यही पुरानै विधेयक प्रावधानहरू राखेर ल्यायो । त्यसले गर्दाखेरि मेरो प्रश्न छ यो विलम्ब गर्नमा कसको भूमिका छ? त्यति बेला सहज ढङ्गले ल्याको भा' के हुन्थ्यो? राज्य व्यवस्था तथा सुशासन समितिले दिएको सुझावको आधारमा त्यसको प्रतिवेदनको आधारमा यो विधेयक ल्याको भए यो विधेयक अस्ति नै पास भइसक्थ्यो । तर विलम्ब गर्ने काममा सत्तापक्षका सांसद र सत्तापक्ष नै यसमा जिम्मेवार रहेको छ । मैले सांसदहरू नै भन्न चाहन्नँ तर सांसदहरूले उठा'को प्रश्नहरूको बारेमा मात्रै यहाँ प्रश्न गरेको । यो सरकारले, यो गठबन्धन सरकारले यो विधेयकलाई ढिलाइ गर्नमा महत्त्वपूर्ण भूमिका खेलेको छ र उसले भोटको राजनीति गरिरहेको छ । त्यसले गर्दाखेरि राष्ट्रियतामाथि खेलबाड गरिरहेको छ ।

र त्यति बेला यो विधेयकलाई सरासर संसदीय प्रक्रियाबाट नल्याएर यसलाई फेरि संसद चलिरहेको बेलामा यसलाई फिर्ता लिएर फेरि नयाँ विधेयकको रूपमा ल्यायो । त्यति बेला यो वैवाहिक अङ्गीकृत नागरिकताको सम्बन्धमा ठुलो विवाद भ'को । विवादको बिचमा यो धेरै छलफलको क्रममा गइसकेपछि यो चैं मत विमतकै रूपमा ग'को । तर जे जस्तो प्रक्रिया भए तापनि त्यसले चैं वैवाहिक अङ्गीकृतको हकमा ७ वर्षे प्रावधान राखेको थियो । त्यो ७ वर्षे प्रावधानलाई एउटा कुरा म यहाँ भन्न चाहन्छु । प्रतिपक्षको मित्रहरू विभिन्न ठाउँमा मैले सुन्ने गर्या छु प्रमुख प्रतिपक्षले ल्याएको पहिलेको अध्यादेशकै हामीले सबै कुराहरू चैं हुबहु ल्याएका छौं भनेर भनिएको छ । तर हामी भन्न चाहन्छौं अध्यादेशमा जे जस्तो ल्याए पनि पछाडि पछिल्लो कालमा त्यो अध्यादेशमा भएको कुरामा केही थप घट गरेर कानुन ल्याउँदाखेरि त अब त्यही अध्यादेश जस्ताका तस्तै ल्याउने कुराहरू आएन नि त । कानुन ल्याउँदाखेरि त अलि समसामयिक अवस्था, सम्पूर्ण कुराहरूलाई हेरेर अहिलेको माग, अहिलेको आवश्यकता, हाम्रो देशको परिस्थिति सबै कुरालाई हेरेर त्यहाँ राख्नुपर्ने प्रवाधानहरू राख्नुपर्ने । हामीले पछिल्लो कालमा पहिले अध्यादेशमा जे जस्तो आएको भए तापनि वैवाहिक अङ्गीकृतको हकमा केही न केही प्रावधान राख्नुपर्छ भनेर हामीले आवाज उठायौं । त्यसपछाडि त्यो कुरा चैं सदनमा पनि इन्ट्री गर्यो, समितिमा पनि इन्ट्री गर्यो र छलफल भयो ।

मलाई लाग्छ यसको बारेमा नेपाल जस्तो देशमा केही कारणहरूले हाम्रो जस्तो देशमा चैं नागरिकता दिने सवालमा खुकुलो प्रावधान राखिनुहुँदैन भन्ने हाम्रो दृढ अडान छ । १ नं. मा यो कानुन के त भन्दाखेरि नेपालको भूराजनीतिक अवस्था नै हो । विश्वका विश्व विशाल जनसङ्ख्या भएका दुइटा छिमेकी मुलुकका बिचमा रहेको छ नेपाल । र अहिले यति बेला जनसङ्ख्याको हिसाबले हेर्ने हो भने हाराहारी पुगेको छ । चीनको जनसङ्ख्या १ अरब ४५ करोड १३ लाख ११ हजार २ सय ६३ पुगेको छ । भारतको जनसङ्ख्या भरखरै मात्रैको कतिपय देशहरूमा जनसङ्ख्या लाइभ पनि हेर्ने सकिन्छ । त्यो जनगणना हुने भन्ने कुरो चैं त्यो एउटा आधिकारिक कुराहरू मात्रै हो । जनगणना नभए पनि कतिपय देशमा यस्तो सिस्टम कायम गरिएको छ कि जनसङ्ख्या कति पुग्यो भन्ने कुरो त्यो लाइभ अहिले आज कति छ भन्ने कुरो पनि हेर्न सकिन्छ । त्यसले गर्दाखेरि भारतको जनसङ्ख्या १ अरब ४१ करोड ७५ लाख २ हजार ७ सय ६५ पुगेको छ । र छिट्टै नै अझै खुकुलो सीमावर्ती क्षेत्र खुकुलो भएको भारत ३ पट्टिबाट सीमाले घेरिएको भारतको जनसङ्ख्या केही वर्षमा चिनलाई उछिन्दै छ भन्ने कुरो

आएको छ । त्यसले गर्दाखेरि नेपालको भूराजनीतिक अवस्थाको कार्यान्वयन गर्दाखेरि पनि नागरिकता जस्तो सवालमा खुकुलो बनाइनुहुँदैन भन्ने कुरा हामीले उठाएको हो ।

त्यसै गरेर दोस्रो कुरोमा भारतसँगको १९५० को असमान सन्धिमा अझै पनि हामी बाँधिएका छौं । त्यसकारणले गर्दा पनि यो विषय अलि गहकिलो ढङ्गले, गहिरो ढङ्गले लिनुपर्छ, छलफल गर्नुपर्छ भन्नुको अर्थ के हो? हामीले छलफल गरौं यसमा । हामीले विज्ञहरूलाई बोलाएर छलफल गरौं । के छ स्थिति भनेर बुझौं भनेर हामीले माग गर्या थियौं । तर त्यो पनि सुनिएन । विज्ञहरूसँग छलफलै नगर्ने भनियो । त्यसले गर्दाखेरि यो असमान सन्धिमा पनि बाँधिएका छौं हामी । त्यसै गरेर १८८० किलोमिटरभन्दा बढी खुला सिमाना रहेको छ । अर्को कुरो यो जन्मको आधारमा नागरिकता दिने र पटक पटक आधार वर्ष पनि परिवर्तन गर्न जस्ता काम पनि भएका छन् । यसको बारेमा अहिले धेरै छलफलको विषय भएन यो । मैले खालि के भने प्रसङ्गवश मात्रै उठा'को ।

र त्यसपछाडि म जान्छु सम्माननीय राष्ट्रपतिज्यूको सन्देश र यो सरकारले अपनाएको रवैया । सम्माननीय राष्ट्रपतिज्यूले अध्ययन गरेर संवैधानिक प्रक्रियाअनुसार नै संविधानअनुसार सम्माननीय राष्ट्रपतिज्यूले दुवै सदनले पारित गरेर पठाएको विधेयक प्रमाणीकरण गर्ने बेलामा संविधानको प्रावधानअनुसार नै अध्ययन गरेर केही विषय अलिकति यो नागरिकता जस्तो सवालमा ध्यान दिनुपर्छ भनेर सन्देश पठाउनुभयो । तर यो सन्देशको बारेमा प्रतिनिधि सभामा आइसकेपछि सत्ता गठबन्धहरूको चैं जुन रवैया हो त्यो रवैया निकै रोचक रवैया छ । प्रतिनिधि सभाको बैठक चलिरहेको थियो । राष्ट्रिय सभाको बैठक पनि चलिरहेको थियो । तर सत्ता गठबन्धका केही नेताहरू बालुवाटारमा भेला भएर राष्ट्रपतिले पठाएको जुन सन्देश छ त्यसलाई कुनै पनि ग्रहण गर्नुहुँदैन र यसलाई जस्ताका त्यस्तै पठाउनुपर्छ भनेर त्यहाँबाट निर्णय गर्नुभयो । त्यो कुरा चैं पत्र पत्रिकामा व्यापक आयो । त्यसपछाडि त्यो विषय प्रतिनिधि सभामा इन्ट्री गर्यो । प्रतिनिधि सभामा इन्ट्री गरिसकेपछि पनि हतार हतार प्रतिनिधि सभाबाट कुनै समितिमा छलफल नगरीकन प्रतिनिधि सभाबाट बहुमत र अल्पमतको आधारमा अथवा मत विभाजन गरेर त्यसलाई पारित गरियो । त्यसपछि यो राष्ट्रिय सभामा आयो । र राष्ट्रिय सभामा आइसकेपछि पनि हामीले बारम्बार कुरा उठाएका थियौं यसलाई अलिकति गहन छलफल गरौं भनेर । तर त्यो छलफल चैं कसरी गरियो भन्दाखेरि त्यो छलफल ल एउटा उहाँहरूको मागलाई पनि अलिकति सम्बोधन गरे जस्तो गर्दिऊँ न त भन्ने

हिसाबले । वास्तविक रूपले होइन । त्यसले गर्दाखेरि यो सम्माननीय राष्ट्रपतिज्यूको पत्र प्राप्त भइसकेपछिको सत्ता गठबन्धको रवैया वास्तवमा भन्ने हो भने लोकतन्त्र, प्रजातन्त्र, गणतन्त्र सम्पूर्ण कुरालाई खिल्ली उठाउने खालको रहेको छ । त्यसकारण यो यस्तो रवैयाप्रति पनि म ध्यान आकर्षण गराउन चाहन्छु र गम्भीर असहमति व्यक्त गर्न चाहन्छु । त्यसकारणले गर्दा अब हामीले यो विधेयक हाम्रो अगाडि प्रस्तुत भएको छ र विधायन व्यवस्थापन समितिमा छलफल भएको छ । र विधायन व्यवस्थापन समितिमा छलफल भएर केही कुराहरू आएका छन् । हामीले पनि फरक आफ्ना विचारहरू राखेका छौं । र यी फरक विचारलाई पनि सम्बोधन गरेर नागरिकता जस्तो विधेयकलाई पारित गरिनुपर्छ । र यहाँ कुनै टाउको बनेर वा हुन्छ वा हुन्न भनेर यो नागरिकता विधेयक पारित गरिनुहुन्न । र यसलाई सहमतिको आधारमा, सहमतिको दस्तावेजको रूपमा यो विधेयकलाई पारित गरिनुपर्छ । र नागरिकताविहीन नागरिकलाई नागरिकता दिने गरी सबै सोच्नुपर्छ । त्यो कुरा चैं प्रतिपक्षतर्फ सोझ्याउने होइन । सत्तापक्ष जिम्मेवार भएर यो विधेयकलाई पारित गरिनुपर्छ भन्ने आफ्नो धारणा, आफ्नो दृष्टिकोण राख्दै आफ्नो भनाइलाई यहीँ अन्त्य गर्न चाहन्छु । हवस् त, धन्यवाद ।

**पीठासीन**:- माननीय दिल कुमारी रावल थापा (पार्वती) ।

**सम्माननीय अध्यक्ष**:- माननीय शारदा देवी भट्ट ।

**माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, देश, राष्ट्र, जन्मभूमि एउटा शब्द मात्र होइन यो प्रत्येक राष्ट्र प्रेमी नागरिकको लागि उसको आत्मा हो, उसको जीवन हो, उसको आत्मसम्मान हो । जीवनमा परिवार, समाज, मान, प्रतिष्ठा, पद आदि इत्यादि राष्ट्रका अगि गण कुरा हुन् । र प्रत्येक राष्ट्र प्रेमी नेपाली जनताका लागि राष्ट्र पहिलो प्राथमिकतामा रहनु आवश्यक छ । अध्यक्षज्यू, यसअगि सङ्घीय संसदको दुवै सदनबाट पारित भएर गएको नागरिकता संशोधन विधेयक सम्माननीय राष्ट्रपतिज्यूबाट फेरि यसै सदनमा फिर्ता पठाएको छ । जसको विरोध पनि गरिँदै छ । तर म यसको विरोध गरिरहनुपर्ने त्यस्तो कारण केही देख्दिनँ । किनकि उहाँले संविधानले दिएको अधिकार प्रयोग गरेरै छलफलको लागि पठाउनुभएको हो । म पनि एउटा महिला हो । महिलाको अधिकारको लागि बोलेको हो । यसलाई ठुलो इस्यु

बनाउनु कुनै अर्थ छैन । वास्तवमा यस नागरिकता संशोधन विधेयकमा, २०७९ मा कमी कमजोरी त छ नै । विवादित पनि छ । यसको राष्ट्रलाई दीर्घकालीन रूपमा नकारात्मक असर पार्ने कुरोमा दुई मत छैन । यसमा भएका केही बुँदाहरू विवादित छन् । जसको विरोध पनि छलफलको क्रममा अधिकांश माननीयज्यूबाट भएको सर्वविदितै छ । विशेष गरेर अङ्गीकृत नागरिकताको विषयमा ।

अध्यक्षज्यू, अङ्गीकृत नागरिकताको सवालमा विदेशी बुहारीलाई जुन तरिकाले नागरिकता दिनु खोजिएको छ यो गलत छ । बिहा गरी आएको भोलिपल्ट नै उसको नागरिकता लिन पाउने व्यवस्था त्रुटिपूर्ण छ । यसमा सीमा तोकिनु आवश्यक छ, निश्चित छ । समय अवधि उसले नेपालमा बिताएपछि मात्रै नागरिकता दिनुपर्दछ । यो समय ५ वर्ष, ७ वर्ष हुन सक्छ । विश्वका प्रत्येक देशमा व्यवस्था विद्यमान छ । हामी मात्रै किन उद्धार भइरहेका छौं? यसको पछि के र कसको स्वार्थ जोडिएको छ जस्तो मलाई लाग्छ । यसै वर्तमान विधेयकलाई लैङ्गिक समानताको दृष्टिले हेर्दा पनि बेठिक छ । जस्तैः पुरुषले बिहे गरी ल्याएको विदेशी बुहारीलाई श्रीमान्..... नागरिकताको आधारमा तुरुन्तै नागरिकता दिने प्रावधान छ भने नेपाली नागरिकताधारक महिलाले विदेशी केटासँग बिहा गर्दा नागरिकता नपाउने व्यवस्था के यो महिलामाथिको विभेद नै हो त? समान नेपाली नागरिकता भएका दुइटै समान अधिकार हुनुपर्ने होइन? यसमा विरोधाभास किन? महिला भएकै कारण उसको नागरिकता कम्तर भएको हो? त्यस्तै आमाको नामबाट उसका सन्तानले नागरिकता पाउने कुरा स्वागतयोग्य छ । तर यहाँ पनि स्वघोषणाको सर्त राखेर नागरिकको आत्मसम्मानमाथि प्रहार गरेको छ । जुन स्वीकार्य हुन सक्दैन । पुरुषले मेरा सन्तान हुन् भनेको भरमा नागरिकता दिन मिल्ने । तर त्यही सन्तानकी जननी आमाको हकमा सर्त राखिनु कतिको उचित हो? यो म प्रश्न गर्न चाहन्छु ।

अध्यक्षज्यू, नागरिकता विधेयकमा विवेकपूर्ण निर्णय गर्नु आवश्यकता, एकदम विवेकपूर्ण निर्णय गर्नु आवश्यकता रहेको छ । राष्ट्रको हितसँग जोडिएको मामलामा सत्तापक्षसँग या कसैसँग बहुमत छ भन्दैमा ड्यास ठोकेर मुढे बलमा महिलामाथि अत्याचार गर्न पाइँदैन । जबर्जस्ती नागरिकता विधेयक लागु गर्नु उचित हुँदैन । राष्ट्र हितको सवाल बहुमतको आधारमा नभई राष्ट्र हित केमा छ ? सबै पार्टीको राय लिई राष्ट्रिय सहमतिको आधारमा हुनुपर्दछ भनाइ मेरो हो । राष्ट्रभन्दा ठुलो पार्टी होइन । देश नै नरहे के पार्टी? केको सत्ता? नागरिकता राष्ट्रसँग जोडिएको संवेदनशील विषय

हो । यो कुनै मन्दिरको प्रसाद होइन । जो कोहीलाई बोलाउँदै बाँड्ने । त्यसर्थ, म अध्यक्षज्यूमार्फत म सबै माननीयज्यूहरूलाई राष्ट्र हितमा एक जुट भई बोल्न आह्वान गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय विमला राई पौडयाल ।

**<u>माननीय डा. विमला राई पौडयाल (मनोनीत)</u>**:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम त म सम्माननीय अध्यक्षज्यूलाई आज यो लगाउनुभएको टाइम लिमिट जुन सांसदहरूले बोल्नको एउटा समय सीमा तोकिन्थ्यो त्यो समय सीमा आजलाई नागरिकताको विधेयकको सान्दर्भिकता, यसको संवेदनशीलता र राष्ट्रपतिज्यूबाट आएको सन्देशको संवेदनशीलतालाई ध्यानमा राखेर टाइम लिमिट हटाउनुभा'को छ । त्यसमा म हार्दिक धन्यवाद दिन चाहन्छु ।

अगाडि पनि धेरै पटक यो विषयमा बोलिसकेको भएर त्यही कुराहरू कति दोहोर्याउने जस्तो पनि लाग्छ । प्रक्रियामा हामीले प्रक्रियागत त्रुटि थुप्रै गरेका छौं यो नागरिकता विधेयक पास गर्ने प्रक्रियामा । अब प्रतिनिधि सभामा आइसकेको विधेयक त्यतिका महिनासम्म पर्खेर वर्षैसम्म पर्खेर बस्यो । सभामुखको टेबलमै आएर पनि ६ महिना, ८ महिना कति पर्खेर बस्यो । समितिले पनि २२ महिना लगाएर गरेको काम त्यति धेरै काम भएको अहिलेको सरकारले त्यसलाई फिर्ता लिएर शून्यमा झारिदियो । फेरि नयाँ विधेयक आयो । फेरि नयाँ विधेयक आउँदाखेरि पनि थुप्रै संशोधनहरू परे । त्यति धेरै संशोधनको बेवास्ता गर्दै समितिमा पठाइयन । प्रतिनिधि सभामा पनि सभाबाटै पारित गरियो । दफावार छलफल हुन पाएन । त्यसपछि राष्ट्रिय सभामा पनि दफावार छलफल हुन पाएन । यस्ता त्रुटिगत थुप्रै त्रुटिहरू प्रक्रियागत त्रुटिहरू भए । तर पनि विधेयकको इन्टेन्सन, यसले केन्द्रमा राखेको विषयवस्तु भनेको नेपाली आमा र बाबाका सन्तान जसले नागरिकता नपाएर दिनदिनै जीवनयापनमा थुप्रै समस्या भोग्नुपरेको छ । उनीहरूलाई नागरिकता दिलाउने । र विभिन्न कारणबाट एकल आमाबाट जन्मिएका सन्तानलाई नागरिकता दिलाउने । यो चैं केन्द्रविन्दुमा रहेको हो भनेर सरकारले ल्याइरहँदाखेरि यो यहाँबाट पनि पास भएर गयो । बहुमतबाटै पास गर्यो ।

राष्ट्रपतिज्यूले बहुत धेरै मेहनतका साथ सबै राष्ट्रिय अन्तर्राष्ट्रिय सन्दर्भ पनि केलाउँदै र ऐतिहासिक सन्दर्भहरू पनि केलाउँदै एकदमै संवेदनशील रूपमा यो यहाँबाट

पास भएर गएको नागरिकताको विधेयकमा उहाँले आफैले अध्ययन गरेर, त्यसपछि योसम्बन्धी अझै धेरै विचार गर्नुपर्ने विषयहरू छन् भनेर संविधानकै अधीनमा रहेर सन्देशसहित विधेयक फिर्ता पठाउनुभयो । विधेयक फिर्ता पठाइसकेपछि मलाई लागेको थियो अब फेरि प्रतिनिधि सभामा छलफल हुन्छ । फेरि प्रक्रियामा जान्छ । र कम्तीमा देशको राष्ट्र प्रमुखले औंल्याउनुभएका विषयवस्तुहरूमा छलफल भएर जुन कुरा गर्न सकिन्छ, सम्बोधन गर्न सकिन्छ गठबन्धको सरकार पनि हल्लिदैन, ढल्दैन त्यति गर्दाखेरि । छरछिमेकहरू को को रिसाउनुपर्ने पनि रिसाउँदैनन् । ती विषयहरू चैं कम्तीमा सम्बोधन हुन्छ भन्ने आशा लागेको थियो । तर भइदियो कस्तो भने अगि पनि एक जना माननीयज्यूले भनिसक्नुभा'को छ । राष्ट्रपतिज्यूको सन्देश आएर टेबल हुन पा'को छैन गठबन्धनका मुख्य नेताहरू बालुवाटारमा बस्नुभयो र राष्ट्रपतिज्यूको सन्देश जस्ताको तस्तै हामी त्यही विधेयक पास गरेर पठाउँछौं । केही पनि हामी सम्बोधन गर्दैनौं भनेर सारै ठुलो घमन्ड, सारै ठुलो अहङ्कार देखाउनुभयो । त्यति बेला सम्माननीय अध्यक्षज्यू, मलाई कस्तो लाग्यो भने हाम्रो संसद त यो गठबन्धनका नेताहरूको क्लब रैछ कि क्या हो? अनि सभामुखहरू त त्यो क्लबमा म्यानेजर हुन् कि क्या हो? पटकै छलफल गर्न नहुने । उताबाट जे निर्णय हुन्छ त्यही हुन्छ यहाँ । बहुत गजब लाग्यो । तर जसो तसो त्यहाँबाट अब केही छलफलै भएन । छलफलै नभईकन त्यो फेरि जस्ताको तस्तै पठाउने भनेर त्यही अहङ्कारै बोल्यो । र त्यहाँबाट पास भएर आयो । तर म यहाँ धन्यवाद दिन चाहन्छु सम्माननीय अध्यक्षज्यू र सम्माननीय अध्यक्षज्यूमार्फत गृह मन्त्री बालकृष्ण खाँणज्यूलाई । कम्तीमा राष्ट्रिय सभाको गरिमा जोगाउँदै यसलाई गठबन्धनका नेताहरूको क्लब बन्न दिइएन । र यो विधेयक फेरि राष्ट्रपतिको सन्देश चैं छलफल हुनुपर्छ । उहाँले पुनर्विचार गर्ने भन्नुभा'को छ । पुनर्विचार हुनुपर्छ भनेर विधायन समितिमा पठाइयो । यो सकारात्मक कदम हो । यसको लागि म गृह मन्त्रीज्यूलाई धन्यवाद पनि दिन चाहन्छु । मर्यादा जोगाइदिनुभएको छ यहाँले ।

विधायन समितिमा हामी छलफल गर्न गयौं । पहिला हामीले भन्यौं यो बहुत महत्त्वपूर्ण संवेदनशील विषय थियो । यसमा राष्ट्रिय सभामा धेरै सदस्यहरूले सत्तापक्षका पनि, प्रतिपक्षका पनि, स्वतन्त्र पनि हामी सबैले आफ्ना आफ्ना भनाइ राखेका थियौं । सबैको चासो छ । अब देशको राष्ट्र प्रमुखले पनि चासो व्यक्त गरेर, चिन्ता व्यक्त गरेर, ध्यानाकार्षणका लागि भनेर केही थप बुँदाहरू पठाउनुभा'को छ भनेदेखि विधायन

समितिलाई पनि खुकुलो बनाऊँ । र इन्ट्रेस्टेड, चाख लिने सबै सदस्यहरूले छलफलमा भाग लिने वातावरण बनाऊँ भनेर भन्यौं । त्यो पनि हुन सकेन । त्यो गर्न नसकिसकेपछि केही माननीय सांसदज्यूहरूले विज्ञहरूसँग छलफल गरौं भन्नुभो । त्यो पनि समय देखाएर गर्न सकिदैन भनियो । र सबैभन्दा महत्त्वपूर्ण के भयो भनेदेखि हामीले सरकारलाई सोध्यौं संशोधन गरिन्छ कि जस्ताको तस्तै पास गरिन्छ? भनेर सोध्यौं । जब कि संसदले सरकारलाई निर्देश गर्ने हो संशोधन गर भनेर । संशोधन गर्छौं कि जस्ताको तस्तै पास गर्छौं भनेर सरकारलाई सोध्यो भने त जुन सुकै विधेयक पनि जस्ताको तस्तै पास हुन्छ । किन भने सरकारले ल्या' त्यही त हो नि । हामीले यहाँ पनि सरकालाई नै सोध्यौं । तिमी संशोधन गर्छौं कि यतिकै पास गर्छौं भनेर । अनि जानाजानी थियो । गृह मन्त्रीज्यूले अब यो प्रतिनिधि सभाबाट जस्ताको तस्तै पास भएपछि यहाँबाट पनि जस्ताको तस्तै पास गर्छौं भनेर भन्नुभयो । त्यो जानाजानी नै थियो । यसले यो प्रक्रिया पुर्याको पनि उहीं दखाउनको लागि मात्र रैछ जस्तो लाग्यो ।

मलाई दुःख केमा लागेको छ भने आज को सत्तामा हुन्छ? को प्रतिपक्षमा हुन्छ? भोलि को सत्तामा बस्छ? को प्रतिपक्षमा बस्छ? राजनीति हो उतार चढाव भई नै रहन्छ । हामीले देखेकै छौं । उतार चढाव प्रत्येक कुरामा हुन्छ । तर राष्ट्र प्रमुखले, राष्ट्र अध्यक्षले त्यो भनेको कुर्सी हो । त्यो भनेको श्रीमती विद्यादेवी भण्डारीज्यू मात्रै होइन । त्यो भनेको कुर्सी हो । र त्यो कुर्सी, त्यो संस्था यति महत्त्वपूर्ण संस्थाले ध्यानाकार्षण गराएर यो यो सम्बन्धमा चैं पुनर्विचार गर, ध्यानाकार्षण मैले गराएँ । यो यो कुरामा अझै धेरै पक्षहरू अध्ययन गर भनेर पठाइसकेपछि केही न केही हामीले विधेयकमा संशोधन गर्न सक्नुपर्थ्यो । त्यो नगर्नु भनेको एउटा नजिर हामीले फेरि पनि बसायौं । राष्ट्र अध्यक्षलाई अपमान गरेको ठानेको छु मैले । यसलाई देशले कसरी हेर्छ मलाई था' छैन । तर मलाई त्यो महसुस भएको छ । यसमा पनि अहङ्कार नै बोलेको छ, घमन्ड नै बोलेको छ । जस्ताको तस्तै पठाउँछु भन्ने घमन्ड दलका नेताहरूको । त्यो दलका नेताहरूको घमन्डले गर्दा हामी सांसदहरू पनि त्यही घमन्डमा पिसियौं । घुन पिसिए जस्तो पिसिएका छौं । हामी कति सांसदहरूको मनमा यो सम्बोधन गर्न पाए हुन्थ्यो । यो प्रावधान सम्बोधन गर्न सकिन्थ्यो भन्ने लागिराखेको छ । तर बालुवाटारभित्र भएको एउटा निर्णयले हामी सबैलाई बाँधेको छ । यो बहुत धेरै दुःख लाग्दो विषय हो । यसलाई करेक्सन गरेनौं भने हाम्रो संसदीय प्रणाली चैं त्यो पहिला

एकचोटि नेकपा माओवादी जङ्गलमा जानुहुँदाखेरि भन्नुहुन्थ्यो नि त्यस्तै हुन्छ । त्यो भएर त्यो विचारणीय पक्ष छ भनेर मैले यहाँ ध्यानाकर्षण गराउन चाहेँ ।

अब त्यो सँगसँगै कन्टेन्टका कुराहरू पनि छन् जहाँ हामीलाई दुःख मनाउ छ । तर त्योभन्दा पहिला, कन्टेन्ट जानुभन्दा पहिला केही प्रश्नहरूको उत्तर पनि दिन चाहन्छु । प्रतिनिधि सभामा भएका सांसदहरूले यही राष्ट्रिय सभामा भएका सांसद साथीहरूले बाहिर पनि धेरै कुराहरू गरिन्छ । र त्यसमा एउटा गरिने प्रश्न के हो भने हिजो त्यति बेलाको सरकारले ल्याएको अध्यादेश, त्यति बेलाको सरकारले प्रस्तुत गरेको विधेयक त्यसमा केही पनि कमेन्ट नगर्ने अनि अहिले आएर संशोधन राख्ने भनेर प्रश्न गरिन्छ । मेरो भनाइ के छ भने न अध्यादेश राष्ट्रिय सभामा पसेको थियो । न पूर्ववर्ती सरकारले ल्याएको विधेयक राष्ट्रिय सभाको एजेन्डा बनेको थियो । टेबल नै नभएको ठाउँमा सांसदहरू बाटोमा गएर संशोधन हाल्ने त होइन । सांसदहरूले संशोधन हाल्ने त सभामा हो । विचार गरियोस् भन्ने प्रस्ताव पास भइसकेपछिका ७२ घण्टामा होइन र हामीले संशोधन हाल्ने? अनि त्यो भा'को थियो र यहाँ? अनि त्यो हुनै नपाईकन त्यसरी प्रश्न गर्न मिल्छ? मलाई छक्क लाग्छ । हामी संसदीय अभ्यासमा बसेका सांसदहरूबाटै यो खालको प्रश्नहरू आइरहन्छ । जब कि अध्यादेश र विधेयक राष्ट्रिय सभाको विषय बनेको थिएन । अहिले बनेको छ । त्यसकारण संशोधन राखियो ।

दोस्रोः दोस्रो प्रश्न गरिन्छ, राष्ट्रपतिज्यूले अध्यादेश ल्याएर अध्यादेश आउँदखेरि, पहिला अध्यादेश विचार विमर्श नगरीगन जस्ताको तस्तै पास गरिदिनुभयो, तुरुन्तै पास गरिदिनुभयो । त्यसमा पनि संविधानले अध्यादेश भनेको गाँठो फुकाउने ल्याइने कुरा हो । फुल विधेयक होइन । अनि अध्यादेश ल्याउँदा राष्ट्रपतिलाई बोल्ने अधिकार दिएको छैन । त्यो गाँठो फुकाउने भएको भएर अहिलेलाई गाँठो फुकाइदिऊँ यो विषयमा तर यसको छिनोफानो संसदले गर्छ भनेर प्रष्ट रूपमा भनेको छ । भ'को त्यही हो । उहाँले केही दिन राख्न सक्नुहुन्थ्यो होला । दुई दिन, तीन, चार दिन राख्न सक्नुहुन्थ्यो होला । त्यो फरक विषय हो । तर उहाँले केही पनि चलाउन सक्नुहुन्न थियो । किनभने त्यो विधेयक संसदमा आउँथ्यो । त्यो अध्यादेश संसदमा आउथ्यो र संसदले पास गर्थ्यो । यति नजान्या सांसद हौं र हामी? अनि त्यस्ता कुरा गर्ने हो? त्यो भएर मलाई यो वेतुका प्रश्न गरेर अहिलेको विधेयकलाई जबरजस्ती अगाडि बढाउने, यो विधेयक फेरि फेल होस् भन्नेमा म छैन । किनभने मलाई था' छ, मलाई था' छ अहिले थुप्रै अनागरिकहरू नागरिकताविहीन भएका छन् । उनीहरूले नागरिकता पाउनुपर्छ ।

त्यो आवाज मैले पनि यो संसदमा उठाएको छु धेरैचोटि । तर त्यो सँगसँगै आएका केही प्रावधानहरूमा अहिले देखिएका बेथितिहरू, बिसङ्गतिहरू, विभेदहरू सम्बोधन गरौं न भनेर भन्दा यस्ता खालका प्रश्न गरिनु यो पनि लज्जाजनक छ ।

त्यसपछि म कन्टेन्टमा जान्छु सम्माननीय अध्यक्षज्यू । मैले अस्ति पनि कन्टेन्टमा केही प्रश्नहरू राखेको थिएँ । एउटा खुसी लागेको छ गृहमन्त्रीज्यूले मैले राखेका केही प्रश्नहरूलाई नियमावलीमार्फत भए पनि म सम्बोधन गर्छु भनेर संवेदनशीलता पनि देखाउनुभएको छ, प्रतिबद्धता पनि देखाउनुभएको छ । त्यसको म सम्मान गर्छु । विशेष गरीकन राष्ट्रपतिज्यूले पनि आफ्नो सन्देशमा राखेका कुराहरू जस्तोः प्रादेशिक पहिचानको विषय । त्यो चैं कानुनमै आओस् । प्रादेशिक पहिचानसहितको नागरिकता दिइन्छ भनेर संविधानले भनेपछि कानुनमै त्यसको व्याख्या होस् भनेर राष्ट्रपतिज्यूले भन्नुभएको हो । जुन कुरा सम्बोधन गर्न सकिन्थ्यो । तर मैले अगि भनेका कारणहरूले गर्दा सम्बोधन गर्न सकिएन । तर पनि गृह मन्त्रीज्यूले नियमावलीमा राख्छु भन्नुभा'को छ । म त्यसको सम्मान गर्छु । तर मलाई अझै पनि चित्त नबुझेको विधायन समितिमा पनि बारम्बार तीन चोटि बोल्न दिनुभयो सभापतिज्यू यहाँलाई पनि थुप्रै धन्यवाद । तीनचोटि बोलेर पनि मैले सबैको मन बुझाउन नसकेको विषय भनेको स्वघोषणाको विषय हो । संविधानले महिलाको प्रजनन अधिकार, महिलाको समान वंशीय अधिकार, गोपनीयताको अधिकारलाई सुरक्षित गरेको छ । त्यो हकमा बाउले छोरा छोरीको नागरिकता निकाल्दाखेरि आमाको नाम नखोजिने तर आमाले, एकल आमाले आफ्नो सन्तानको नागरिकता निकाल्दाखेरि बाबुको पहिचान नभएको भनेर स्वघोषणा गर्नुपर्ने प्रावधान जुन प्रावधान अहिलेको विधेयकमा आएको छ त्यो गलत छ । त्यो गलत प्रावधान, संविधान विरोधी प्रावधान धेरै महिलाहरूको आत्मसम्मानमा चोट पर्ने प्रावधान हटाइयोस् भन्ने मेरो माग थियो । तर मैले अगि नै भनें गठबन्धका नेताहरूको बालुवाटारमा बसेको बैठकले जस्ताको तस्तै पास गर्ने भनेपछि त कमा पनि चेन्ज गर्न पाइएन नि त यहाँ त । अनि गृह मन्त्रीज्यूले चाहेर पनि त्यो चेन्ज गर्न पाउनुहुन्न नि । किनभने नेताहरू त रिसाइहाल्छन् । त्यो भइसकेपछि उहाँले म नियमावलीमार्फत भए पनि परिवर्तन गर्छु भन्नुभयो ।

सारवान् कानुनमा आइसकेको कुरा नियमावलीले परिवर्तन गर्छ जस्तो मलाई लाग्दैन । त्यो भएर मैले हिजो विधायन व्यवस्थापन समितिमा मैले चार वर्ष जति भयो होला करिब, तीन वर्ष, चार वर्ष भयो म विधायन समितिमा आएर काम गरेको कहिले

फरक मत दर्ज गर्नुपरेको थिएनँ । तर हिजो मैले दुःख साथ फरक मत दर्ज गरेको छु । यो दर्ज गर्नुको कारण के हो भन्नुहुन्छ भने विधेयकमा भएका राम्रा प्रावधानहरूको समर्थन गर्छु भन्दै भन्दै मैले स्वघोषणाको प्रावधान हटाइनुपर्छ, हटाइनुपर्थ्यो यो माग उठेको हो । मैले पनि राखेको हो । तर पनि यसको सुनवाइ भएन । त्यसकारण म यो विधेयकको अहिले बनेको प्रतिवेदनको विरुद्धमा छु भनेर मैले फरक मत जाहेर गरेको हो सम्माननीयज्यू ।

अब मलाई कस्तो लाग्छ भनेदेखि अब सङ्घीय कानुन धेरै ठाउँमा नागरकिताको विषयमा विशेष गरीकन अङ्गीकृत नागरिकताको विषयमा होस् । कस्तो गर्ने? के गर्ने? भन्ने विषयमा होस् । प्रादेशिक पहिचानसहितको नागरिकताको विषयमा होस् । अथवा लैङ्गिक समानताको पक्षमा रहेको नागरिकताको विषयमा होस् । सङ्घीय कानुनअनुसार हुने छ, सङ्घीय कानुनअनुसार हुने छ भनेर संविधानले भनेको छ । त्यो भएर मलाई अहिले पनि के लाग्छ भनेदेखि अब अहिले त हामीले अर्को फड्को फुकाउनेजस्तै गरेर यो विधेयक सायद पास गर्छौं बहुमतबाट । किनभने थुप्रै व्यक्तिहरू चैं अनागरिक व्यक्तिहरू पर्खेर बसिरहेका छन् यो विधेयक पास होस् भनेर । त्यो भएर हामी यो पास गर्छौं । तर अब नेपाल सरकारले सङ्घीय कानुन नागरिकताको लागि बनाउनुपर्छ । र यो अहिलेको कानुन सङ्घीय कानुन होइन । हुनत भनेको छ संविधानले संविधानसँग बाझिएका कानुनहरूलाई अस्तिनै हामीले, दुई वर्षको अवधिमै हामीले सुधार गरिसक्यौं । अरू कानुनहरू, संविधान अगाडि भएका कानुनहरू एक्जिस्ट गर्छ भनेको छ । तर नागरिकतासम्बन्धी प्रावधान महिला पुरुषबिचको असमानतालाई कायम राख्ने गरी, विभेदलाई कायम राख्ने गरी बनेको छ । यो विभेदलाई हटाउनको लागि पनि सङ्घीय कानुन ल्याउन जरुरी छ । त्यो पनि त्यो नागरिकताको अहिलेको विद्यमान प्रावधान जसले छोराले बिहा गरे बुहारीलाई नागरिकता तुरुन्तै दिने, छोरीले बिहा गरे नागरिकता दिँदै नदिने, बोल्दै नबोल्ने । यो प्रावधान लैङ्गिक समानताको विरुद्धमा छ । त्यो भएर यसको लागि यो गाँठो फुकाउनको लागि पनि सङ्घीय कानुन बनोस् भन्ने एउटा मेरो चाहना हो । र अहिले मैले जुन फरक मत दर्ज गरें माननीय गृह मन्त्रीज्यूले सक्नुहुन्छ नियमावलीमा सम्बोधन गरेर देखाउनुस् । म एकदमै धेरै यहाँलाई हार्दिक धन्यवाद दिन्छु । थुप्रै महिलाहरूले पनि हेरिराखेका छन् अहिले । यहाँले कतिसम्म लैङ्गिक संवेदनशील बन्न सक्नुहुन्छ भनेर यो परीक्षा पनि हो यो । हामी सबैको परीक्षा हो यो । हामी थुप्रै महिला सांसदहरू छौं यहाँ । सत्तापक्ष र प्रतिपक्षमा बाँडिने विषय होइन ।

महिला अस्मिताको कुरा हो । सत्तापक्ष र प्रतिपक्षमा बाँडिने विषय होइन लैङ्गिक समानताको कुरा अनि राष्ट्रियताको कुरा । त्यो कुरा पनि मनन गरौं । र मैले गृह मन्त्रीज्यूलाई फेरि पनि अनुरोध गर्न चाहन्छु सकिन्छ महिलाको आत्मसम्मान, गोपनीयता, प्रजनन अधिकारको सुरक्षित रूपमा कसरी अवतरण हुन सक्छ र उनको मर्यादालाई कसरी जोगाउन सकिन्छ त्यो हिसाबमा स्वघोषणाका प्रावधानलाई परिमार्जन गरिदिनुस् । गर्न सकिदैन भने सङ्घीय कानुन बन्दा के गरेर गर्नुसक्नुहुन्छ त्यो पनि प्रस्तुत गरिदिनुस् भनेर मैले सम्पूर्ण नेपाली महिलाहरूको तर्फबाट । यहाँ म आज प्रतिपक्ष, स्वतन्त्र, राष्ट्रपतिबाट मनोनीत भएर बोलिराखेको छैन सम्माननीयज्यू । सम्पूर्ण महिलाहरूको तर्फबाट मैले आज यो अनुरोध गरिराखेको छु । र मैले फरक मत राखेको कारण पनि यही हो । यसमा विचार होस् भनेर मैले यहाँलाई अनुरोध गर्न चाहें ।

अङ्गीकृत नागरिकताको विषयमा धेरै कुराहरू उठेको छ । हामीले इतिहासमा जे गल्ती गर्यौं त्यो गल्ती गर्दै गर्नुपर्छ भन्ने जरुरी छैन । परिमार्जन गर्न सकिन्छ । मलाई बुहारीलाई कति वर्ष, जुवाइँलाई कति वर्ष भन्नेमा मलाई चिन्ता होइन । मलाई चिन्ता हो असमानताको । अङ्गीकृत नागरिकतामा पनि देखिएको असमानता बुहारी र जुवाइँबिच त्यो भनेको छोरा र छोरीबिच । छोरा र छोरीबिच देखिएको असमानता हटाउनुपर्छ । के प्रावधान राखेर हट्न सक्छ? दुइटैलाई प्रक्रिया तोक्नुपर्छ भने दुइटैलाई प्रक्रिया तोकौं । सबैलाई खुल्ला गर्न सकिदैन भने एउटालाई खुल्ला एउटालाई बन्द गर्न त मिलेन नि त । दुइटैलाई प्रक्रिया तोकौं । दुइटैलाई समान हुने खालको प्रक्रिया तोकौं न । गर्न सकिन्छ र त्यो पनि सङ्घीय कानुन बन्दाखेरि । फेरि पनि म गृह मन्त्रीज्यूलाई अहिले अनुरोध गर्छु । यो विषयलाई फेरि पनि सत्तापक्ष प्रतिपक्ष होइन राष्ट्रियताको कुरा, लैङ्गिक समानताको कुरामा राखेर विचार गरियोस् भनेर मैले अनुरोध गर्दछु । यति भन्दै मेरो फरक मत रहेको कुरा विधेयकको विरुद्धमा होइन म भन्दै छु । धेरै अनागरिकहरू अहिले पनि विधेयक आउला र नागरिकता पाउला भनेर बसिरहेका छन् । धेरै एकल आमाका सन्तानहरू बसिरहेका छन् । गैरआवासीय नेपाली नागरिकहरूको पनि ठुलो हिस्सा पर्खिराखको छ । त्यो हिसाबमा त्यहाँ भएका सबै प्रावधानको मैले विरोध गर्दिन । म समर्थन गर्छु । त्यसमा मैले माग पनि गरेको हो र त्यो मागअनुसार नेपाल सरकारले जुन विधेयक ल्याएको छ त्यसमा भएको केही प्रावधानहरूको म समर्थन गर्छु । तर मेरो फरक मत पनि दर्ज गर्छु लैङ्गिक असमानता र महिलाको मर्यादालाई होच्याउने गरी आएको प्रावधानको विरुद्धमा । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय इन्दु कडरीया ।

**<u>माननीय श्री इन्दु कडरीया (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, हामी नागरिकता विधेयक, २०६३ लाई संशोधन गर्न बनेको विधयेकमाथिको छलफलमा छौं । नागरिकता नागरिकको पहिचान हो । नागरिकताविना कुनै पनि कामको सुरुवात हुँदैन । नागरिकता नागरिकको पहिचान हो भन्ने कुरा पनि मैले राखें । नेपालीहरू नागरिकताविहीन छन् । धेरै नेपालीहरू नागरिकताविहीन छन् । आज लाखौं नेपालीहरूले नागरिकता नपाएको अवस्था छ । तर नागरिकता जस्तो राष्ट्रियतासँग जोडिएको विषयलाई त्यति हलका रूपमा लिनुहुँदैन । हामी दुई मुलुकको बिचमा छौं । र त्यसैले यो नागरिकता प्राप्त गर्ने विषयमा खुलुको भयो भने आज हाम्रो जस्तो देशमा जनसङ्ख्या बढेर देशमा नै नअटाउने सम्भावना हुन्छ । हामी चाहन्छौं कुनै पनि नेपालीले नागरिकताबाट वञ्चित हुन नपरोस् र गैरनेपालीले नागरिकता पाउनु पनि हुँदैन । तर नागरिकता जस्तो संवेदनशील विषयलाई गम्भीर रूपमा लिनुहुँदैन ।

जब सम्माननीय राष्ट्रपतिज्यूबाट विधेयक फिर्ता आयो र प्रतिनिधि सभामा यो विधेयक आयो । र यो सरकारको प्रमुख प्रतिपक्षको नेतासँग आएको विधेयकलाई सरकारको प्रमुख प्रतिपक्षसँग बृहत रूपमा छलफल हुनुपर्थ्यो । त्यो पनि हुन सकेन । र प्रतिनिधि सभामा पनि बृहत रूपमा छलफल हुनुपर्थ्यो । त्यो पनि हुन सकेन । विज्ञसँग पनि छलफल हुनुपर्थ्यो । त्यो पनि हुन सकेन । र यो नागरिकता विधेयकमा सरकार संवेदनशील हुन सकेन । र सरकारका मन्त्री, अहिलेका प्रधानमन्त्री पनि यो विषयमा संवेदनशील हुन सक्नुभएन । तर यो नागरिकताले देशलाई एउटा राष्ट्रलाई नै आघात पुर्याउने कुरा हो । जब गैरनेपालीले नागरिकता पाउँछ भने यो देशमा त्यस्ता गैरनेपालीले नागरिकता पाउनुहुँदैन भन्ने पनि हाम्रो भनाइ हो । र मैले यो विधेयकलाई चैं यतिकै पास गर्नुहुँदैन । यो संशोधन गरेर मात्रै यसका केही बुँदाहरूमा संशोधन गरेर मात्रै यो विधेयक पास गर्नुपर्छ । नागरिकता, अहिले पनि धेरै नेपालीले नागरिकता नपाएको अवस्था छ । र त्यो अवस्थामा नागरिकता विधेयकलाई रोकेर राख्नु पनि हुँदैन । यो रोकेर राखियो भने आज पनि धेरै नेपालीले नागरिकताबाट वञ्चित हुने छन् । त्यसैले यसका धेरै बुँदाहरूलाई सच्याएर मात्रै यो नागरिकता विधेयक पास गर्नुपर्छ भन्ने कुरामा मैले राख्न चाहैं । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय विमला घिमिरे ।

**माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्षज्यू, हामी नागरिकता विधेयकको विषयमा छलफल गरिरहेका छौं । विशेष गरी हामीले योभन्दा अगाडि पनि यो विषयमा छलफल गर्यौं । यहाँ मात्रै छलफल गर्यौं । हामीले समितिमा छलफल गर्न पाएनौं । प्रतिनिधि सभाले सम्माननीय राष्ट्रपतिज्यूले पुनर्विचारका लागि पठाइएको यो नागरिकता विधेयक जस्ताको तस्तै पास गरेको छ । यसबाट पनि के प्रष्ट छ भने हामीले अहिलेको सरकार जनताप्रति, राष्ट्रियताप्रति कति गम्भीर छ र यसलाई छलफल गर्न आवश्यक ठान्यो कि ठानेन भन्ने कुरा यसबाट पनि प्रष्ट हुन्छ । यसलाई आवश्यक ठानेन । यो सरकारले, राष्ट्र प्रमुखले पुनर्विचारका लागि पठाइएको विधेयकमा जस्तको तस्तै पास गर्छु भनेर जुन खालको एउटा दम्भ देखाएको छ यसप्रति हाम्रो गम्भीर असहमति छ ।

र यहाँ विधायन समितिमा जुन एउटा राष्ट्रिय सभाले आफ्नो परिपक्वता देखाउँदै विधायन समितिमा छलफल गर्नका निम्ति पठाइयो, पठायौं हामीले । र त्यहाँ विधायन समितिमा हामीले त्यहाँ चाहेका थियौं । खास गरी त्यहाँ छलफल गर्नका निम्ति चाहना गर्नुहुने माननीयहरूलाई त्यहाँ बोलाएर छलफल गरियोस् किनकि त्यहाँ धेरैले अगिल्लोपटक संशोधन हालेका थियौं । र त्यही संशोधनका, हामीले हालेका संशोधनका बुँदाहरूसमेत अहिले सम्माननीय राष्ट्रपतिले पठाउनुभएका कुराहरूमा समेटिएका छन् । ती कुराहरू पनि समेटिएका छन् । त्यसैले हामी त्यहाँ चाहन्थ्यौं । तर त्यो अवसरबाट हामीलाई वञ्चित गराइयो । तथापि त्यहाँ रहनुहुने माननीयज्यूहरूले आफ्नो फरक मत दर्ज गर्नुभ'को छ । र यहाँ दुई जना माननीयले आफ्नो फरक मत यहाँ प्रस्तुत गर्नुभो' । म ती दुई माननीयहरूले प्रस्तुत गर्नुभएको फरक मतको पूर्ण रूपमा समर्थन गर्न चाहन्छु किनकि हामीले हिजो उठाएकै विषयवस्तु तिनै थिए ।

र एउटा राष्ट्र प्रमुखले पठाएको जुन पुनर्विचारका निम्ति पठाइएको विषयलाई यहाँ सत्तापक्ष र प्रतिपक्षको नजरबाट हेरियो । यो एउटा राष्ट्रियतासित जोडिएको विषय त्यसरी थिएन । हामीले त्यो आशा, त्यो अपेक्षा गरेकै थिएनौं । तर पनि यो भयो । तथापि हामी आज फेरि छलफलमा छौं । र यो छलफलमा मैले स्मरण गराउन चाहन्छु सत्तापक्षका माननीयज्यूहरूले पनि हामीले भन्दा पनि अझ चर्का चर्का कुरा गरेर

नागरिकता विधेयको विषयमा छलफलमा भाग लिनुभएको हामीले स्मरण गर्नुपर्छ । उहाँले भाग लिनुभो' । संशोधन पनि राख्नुभो' । तर उहाँहरूलाई के ले छेक्यो? हुनत यहाँ माननीय अगि नै हाम्रो अर्को माननीयज्यूहरूले भनिसक्नुभो' । उहाँहरूलाई छेक्ने बालुवाटार छ, उहाँहरूको गठबन्धन छ । त्यसले छेकेको होला । तथापि एउटा यो राष्ट्रियतासित जोडिएको र यो राष्ट्रिय सहमति गर्नुपर्ने विषय भएको हुनाले उहाँहरू यसरी पछाडि हट्नु वाञ्छनीय थिएन ।

हामीले धेरै चर्का कुरा सुनेका थियौं । कुरा चर्का गर्ने र पछि गएर यो हिजैको सरकारले पेस गरेका हुन् । उसले जस्ताको तस्तै हामीले यहाँ जस्ताको तस्तै ल्याएका छौं भनेर यहाँ हाम्रो माननीय गृह मन्त्रीले पनि हामीलाई यहाँ जवाफ दिनुभ'को थियो । यदि जस्ताको तस्तै यहाँहरूले ल्याउनुभ'को हो भने किन त्यो पुरानो विधेयकलाई फिर्ता गरेर त्यहाँ छलफल भ'को प्रतिवेदनसहितको विधेयकलाई फिर्ता गरेर नयाँ विधेयक किन ल्याउनुपर्यो त? म यो सम्मानित सदनमा सम्माननीय अध्यक्षमार्फत म गृह मन्त्रीलाई फेरि पनि प्रश्न गर्न चाहन्छु । यदि जस्ताको तस्तै हो भने किन त्यसलाई फिर्ता गर्नुभो'? र फेरि ल्याउनुभो'? हामीले अध्यादेशमा राष्ट्रपतिले अत्यन्तै छिटो त्यसलाई प्रमाणीकरण गर्नुभो' । यो विधेयकलाई गर्नुभएन भनेर आलोचना अगि नै यहाँ चर्चा चल्यो आलोचना हामीले बजारमा सुनेका छौं । यति पनि संविधानमा के उल्लेख भ'को छ? के अधिकार त्यहाँ दिएको छ? भन्ने कुराहरू थाहा नपाईकन हामीले प्रतिपक्षलाई एउटा दोष लगाउनका निम्ति र खास गरी प्रतिपक्षलाई दोष लगाउनभन्दा पनि आफूमा जुन लुकेका नियतहरू छन् ती नियतहरूलाई लुकाउनका निम्ति यहाँहरूले त्यो आरोप लगाउनुभ'को भन्ने हामीलाई लाग्छ । नत्र यति पनि अध्यादेशमा के अन्तर छ भन्ने कुरा छुट्याउन नसक्ने माननीयहरू यहाँ हुनुहुन्न जस्तो हामीलाई लागेको छ ।

यसमा समेटिएका हामीले खास गरी यो विधेयकको बारेमा छलफल गर्दै जाँदा यसको ऐतिहासिक महत्त्व, हाम्रो वर्तमान अवस्था र हाम्रो राष्ट्रिय सुरक्षाका यी तीनवटै विषयमा गम्भीर बन्नुपर्ने, हामी प्रतिपक्ष त गम्भीर नै छौं । तर सत्तापक्ष यसमा गम्भीर देखिएन । यसमा संवेदनशील देखिएन । यहाँहरूलाई त्यसो हुनुमा केले रोकेको छ? त्यहाँ रोकेको हामीलाई अहिलेसम्म यहाँहरूका अभ्यास, यहाँहरूले गरेका व्यवहार, यहाँहरूले हरेक कुरामा चैं एउटा दम्भा एउटा सङ्ख्याको हिसाबले जुन दम्भा देखाइरहनुभो' सरकारको तर्फबाट यसमा अत्यन्तै मेरो राष्ट्रियतासित जोडिएको विषय हुनाले हामी यसमा गम्भीर भएका छौं । यहाँहरूलाई सत्ता, स्वार्थ, पद, प्रतिष्ठा र अरू

कसैका लागि कम्फर्टेबल सरकाको निरन्तरताले पनि केही बाधा पुर्याएको होला । त्यो यहाँहरूको बाध्यता होला । तर हामी यहाँहरूको बाध्यतासित भन्दा पनि हामी राष्ट्रियता, नेपालका नागरिक र उनीहरूले पाउनुपर्ने अधिकारमा बढी संवेदनशील छौँ । यहाँहरूको अब सत्ताको कुराहरू यहाँहरूसित जोडिएको होला । हामी राष्ट्रयतासित जोडिएका छौँ । त्यसैले हामी यो विषयमा गम्भीर छौँ ।

र हामीले उठाएका जुन विषयवस्तुहरू छन् हिजोका दिनमा हामीले संशोधन हालेका विषयवस्तु र अझै त्यसलाई त्योभन्दा पनि धेरै महत्त्वपूर्ण विषयवस्तुहरू हाम्रो राष्ट्र प्रमुखले, सम्माननीय राष्ट्रपतिज्यूले विचार गर्नका निम्ति फेरि पठाउनुभ'को छ पुनर्विचारका लागि यी विषयवस्तु अत्यन्तै गहन अध्ययनका साथ हिजोको ऐतिहासिकतालाई समेत अध्ययन गरेर वर्तमानमा धेरै विज्ञहरूसमेत यसमा सहभागी हुनुभएर उहाँहरूले सल्लाह दिनुभ'को छ र त्योअनुसार हाम्रो बिचमा यो आएको छ । त्यसैले एउटा राष्ट्र प्रमुखलाई अपमान गर्ने गरी राष्ट्र प्रमुखले भनेका कुराहरूलाई एउटा दम भ'को भरमा अगाडि बढाउँछौँ भन्ने कुरा यो आफैमा लज्जास्पद, एउटा अझै म सत्तापक्षलाई के भन्न चाहन्छु भने यहाँहरूले संविधान गलाउँछौँ । यो गठबन्धन किन आवश्यक छ भन्दा हामीले संविधान जोगाउनका निम्ति हो भनेर भन्नुभो' । विगतका दिनमा हामीलाई पटक पटक सत्तापक्षमा, हामी सत्तापक्षमा हुँदा यहाँहरूले भनेका ती कुराहरू हामी अहिले पनि स्मरण गर्न सक्छौँ । पटक पटक ती कुराहरू उठाउनुभो' तर अहिले आफू सत्तामा हुँदा के स्वार्थका निम्ति कसले चलाएर यी कुराहरू चलिरहेका छन्? हामी आफैमा अचम्मित भएका छौँ । एउटा राष्ट्र प्रमुखलाई अपमान हुने गरी यहाँहरूले जुन खालको नागरिकता विधेयकलाई अगाडि बढाउन खोज्दै हुनुहुन्छ यो एउटा गरिमामय राष्ट्रिय सभा हो । एउटा परिपक्व सभा पनि हो ।

हामीलाई दुःख लागेको छ । प्रतिनिधि सभाले यसरी पठाउनहुने थिएन । त्यसले फेरि पनि छलफल गर्नुपर्थ्यो । तर पठायो । र हामी अहिले यो परिपक्व सभामा भएको हुनाले यहाँ उठाइएका हाम्रो सम्माननीय राष्ट्रपतिज्यूले उठाउनुभएका विषयवस्तुलाई सम्बोधन गर्दै यो विधेयकलाई अगाडि बढाऊँ । यसका धेरै संवेदनशील विषयहरूलाई हामी पहिले नै गम्भीर बनेका छौँ । र जन्मसिद्धका छोरा छोरीले पाउनुपर्ने नागरिकता, आमाको नामबाट पाउनुपर्ने नागरिकता हामीले सत्ता हुँदा होस् या हामी प्रतिपक्षमा हुँदा होस् हामी यो विषयमा गम्भीर छौँ । त्यस्ताले जति सक्दो छिटो नागरिकता पाउनुपर्छ भन्ने विषयमा हाम्रो चासो छ, चिन्ता छ । त्यहीकारणले हाम्रो सरकारले त्यति बेला

अध्यादेश ल्याएको थियो । त्यो खास गरी जन्मसिद्ध आधारमा जुन नागरिकता पाउनुपर्ने जुन बच्चाहरू थिए उनीहरूलाई लक्षित गरेर, उनीहरूलाई फोकस गरेर ल्याइएको थियो । तर अहिले बदनाम गर्ने हिसाबले यो अध्यादेश र विधेयकमा कुनै अन्तर नछुटाईकन ती कुराहरू हामीलाई आरोप लगाउने काम भएको छ । यो आरोप प्रत्यारोपभन्दा पनि यो सत्तापक्ष प्रतिपक्षभन्दा पनि यसले एउटा राष्ट्रिय सहमति कायम गरेर जब सम्माननीय राष्ट्रपतिले यो विषय पठाउनुभएको थियो भने पठाइसकेपछाडि एउटा राष्ट्रिय सहमति गरेर प्रतिपक्षलाई पनि साथमा लिएर यो एउटा सम्झदारी गरेर अगाडि बढेको भए प्रतिनिधि सभामा तब आएको भए यो धेरै महत्त्व राख्थ्यो र यसले दूरगानी असर पार्थ्यो । तथापि यो अगाडि बढिसकेको हुनाले हामीले यो विधेयकका सबै विषयवस्तुलाई रोक्न चाहेकै छैनौं । सम्माननीय राष्ट्रपतिज्यूले लक्षित गरेर पठाएका विषयवस्तुहरूलाई तत्काल सम्बोधन होस् । यो विषयमा अझै पनि दुई, चार दिन लगाएर भए पनि हामी फेरि समझदारी गरेर मात्रै यी विषयवस्तु बढाऊँ भन्ने कुरा म गृह मन्त्रीज्यूको ध्यान आकर्षण गराउन चाहन्छु ।

र यसले अहिले भरखरै निर्वाचनको कुरालाई मात्रै हेरेर यहाँहरूले यदि त्यसो गर्न खोज्नुभएको हो भने निर्वाचन यस्ता पाँच पाँच वर्षमा फेरि आइरहन्छन् । हामीले एउटा राष्ट्र जोगाउन सकेनौं भने ती सत्ता, ती कुर्सी, ती निर्वाचनहरू हामीलाई कुनै पनि काम लाग्ने छैनन् । त्यसैले विशेष गरी अगि नै माननीयज्यूहरूले यहाँ राखिसक्नुभ'को छ प्रादेशिक पहिचानसहितको एकल सङ्घीय नागरिकताको कुरा, वैवाहिक अङ्गीकृतमा सीमा तोक्ने कुराहरू र हामीले जुन स्वघोषणा गर्ने कुराहरू त्यसमा उल्लेख भ'को छ त्यसलाई हटाइनुपर्छ भन्ने कुराहरू यो अत्यन्तै महत्त्वपूर्ण विषय हुन् । यी तीनवटै कुराहरूलाई संवेदनशील भएर अझै पनि राष्ट्रिय सहमतिमा जाऊँ भन्ने कुरा म आग्रह गर्न चाहन्छु र सरकारको ध्यान आकर्षण गराउन चाहन्छु ।

र यसले हामीलाई अत्यन्तै हिजो विधायन समितिबाट जुन पास गरेर यहाँहरूले ल्याउनुभो' बहुमतबाट । त्यो विधायन समितिमा पनि त्यति धेरै हतार गर्न जरुरी थिएन । त्यहाँ सबैको विषयवस्तु समेट्न पाए धेरै त्यहाँ माननीयहरूलाई बोलाएर छलफल गर्न पाएको भए, अझ विज्ञहरूलाई बोलाएर छलफल गर्न पाएको भए धेरै राम्रो हुन्थ्यो । यहाँहरूलाई के चैं हतार हो? यो बुझ्न सकिएन । सदन चलेकै छ । यसलाई दुई, चार दिन ढिलो गर्दा केही पनि बिग्रिन्न । अझै पनि हामी यहाँ आएका छौं । र हामी अझै पनि यसमा राष्ट्रिय सहमति गर्ने कुरामा म सरकारको फेरि पनि

ध्यान आकर्षण गराउँदै आफ्ना यहाँ विषयवस्तुहरू राख्ने अवसर पाइएको छ । जुन एउटा समय सीमा तोकिएको छैन । म यसका निम्ति म धन्यवाद दिन चाहन्छु । र जति सक्यो यसलाई ती विचारहरूलाई समेत समेट्दै छिटोभन्दा छिटो यो नागरिकता विधेयक पास गर्ने कुरामा अगाडि बढ्नका निम्ति म ध्यान आकर्षण गराउँदै आफ्ना भनाइ अन्त्य गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय मोहमम्द खालिद ।

**<u>माननीय श्री मोहमम्द खालिद (जनता समाजवादी पार्टी, नेपाल)</u>**ः- सम्माननीय अध्यक्षज्यू, नागरिकताको विषयको विषय निश्चित नै एउटा गम्भीर र संवेदनशील विषय हो । र मलाई लाग्छ कि प्रतिनिधि सभाले र राष्ट्रिय सभाले गम्भीरताका साथ नै यसलाई पारित गरेको थियो । प्रश्न यहाँ धेरै उठेको छ । सबभन्दा ठुलो प्रश्न त यहाँ राष्ट्रियताको आएको छ । यहाँ के लागिरहेको छ भने कि यदि वैवाहिक अङ्गीकृतलाई नागरिकता दियो भने राष्ट्र नै खतरामा पुगिहाल्छ । राष्ट्रमाथि नै खतरा आइहाल्छ । यो मानसिकता मेरो भनाइमा, मेरो बुझाइमा हाम्रो लागि अत्यन्त, अत्यन्त दुःखदायी हो । हामीले उनीहरूको जसले नागरिकता पाएको छैन र उस समुदायको जो मधेसमा बसोबास गरिरहेको छ अहिले । र हजारौंको सङ्ख्यामा त्यो आइमाईले नागरिकता पाएको छैन । त्यसले कुन कुन समस्याबाट जुधिरहेको छ त्यसको व्यवहारिक कठिनाइको बोध सायद यहाँ काठमाडौंमा बस्ने हाम्रा साथीहरूलाई छैन । कुन कुन कठिनाइ भइरहेको छ, कुन कुन दुःख उनीहरूले भोगिरहेको छ त्यसको कठिनाइ छैन । मात्र झुठ्ठा राष्ट्रवादका कुरा लिएर हामी यो अत्यन्त महत्त्वपूर्ण विषयलाई अहिलेसम्म थाती रखेका थियौं ।

अनुभव, विगतका अनुभव ठुलो कुरो हुन्छ । मलाई भन्नुस् अङ्गीकृत महिलालाई अङ्गीकृत नागरिकता दिनु नेपालमा के नौलो कुरो हो? के पहिला दिएको छैनौं हामी? पहिला पनि दिएका थियौं । तर मलाई भन्नुस् कञ्चनपुरदेखि कैलालीसम्म कतिओटा समस्या उत्पन्न भयो? एकातिर हामी भन्ने गर्छौं के मधेसमा, तराईमा महिलाहरू राजनीतिमा आउँदैन, राजनीति गर्दैन, घरबाट निस्किदैन, पर्दामा बस्छ, बुर्कामा बस्छ, मकानमा बस्छ । यिनीहरू कामै लाग्ने छैन । एकातिर । अर्कोतिर उनीहरू यत्रो खतरनाक भइहाल्छ कि जसबाट राष्ट्रलाई नै खतरा पुगिहाल्छ । मलाई अचम्म लाग्छ सरकार । केही दिनअगाडि नै हाम्रो मित्रहरूले अध्यादेशबाट यसै कुराको समधान गर्ने

प्रयास गर्या थियो । मलाई पनि था' छ । तपाईंलाई पनि था' छ । अध्यादेश र विधेयकमा फरक छ । निश्चित नै फरक छ । तर दुइटैको अभिप्राय के थियो? दुइटैको उद्देश्य के थियो? नागरिकताविहीनलाई नागरिकता प्रदान गर्नु ।

अर्को कुरा जुन हामी जनघनत्वको कुरा गरिरहेका छौं । तीनतर्फदेखि भारतले घेरिरहेको छ । यो भूत र जिनलाई आफ्नो मस्तिकबाट निकाल्नुपर्छ । नत्र अहिले पनि सूचाङ्कमा कहीं होला कि हाम्रा नेपाली बढी भारतमा बस्या छन् कि भारतीयहरू हाम्रो नेपालमा बढी बस्या छन्? यो तपाईं सूचाङ्क निकाल्नुस् । यो इन्डेक्स निकाल्नुस् था' भइहाल्छ । अहिलेको समस्या यो छ हामी व्यवहारिक रूपमा यो समस्यालई भोगिरहेका छौं । अहिले भारतीयहरू नेपालमा बिहा गर्न खोजिरहेकै छैन । समस्या यहाँ छ । उनीहरूको भनाइ के छ तिमीकहाँ जागिर छैन, खेती छैन, समस्यै समस्या छ । कुनै अवसर छैन । आफ्नो छोरी दिएर उसको भविष्य कसरी बिग्रार्ने? किन बिग्रार्ने? त्यहाँ समस्या एकातिर यो छ कि भारतीयहरूले नेपालीलाई आफ्नै चेली बेटी दिन मानिरहेको छैन । वास्तवमा हेर्ने हो भने हामीलाई के लागिरहेछ भने करोडौंको सङ्ख्यामा आइहाल्छ र आएर झ्याप्प नेपालमाथि कब्जा गरिहाल्छ । त्यस्तो अवस्था छैन सम्माननीय अध्यक्षज्यू ।

अर्को कुरो म के भन्न चाहन्छु यदि तपाईं त्यो नेपाली बनेकी वा नेपाली बन्न खोजेकी बुहारीलाई नागरिकता दिनुहुन्न भने के उसबाट जन्मिने सन्तानलाई पाँच वर्ष वा सात वर्ष यो बोध गराउन, यो आभास गराउन खोजिराखुभएछ? के तिमी दुई नम्बर आमाकी नागरिकको सन्तान हो? यो हामी बोध गराउन चाहन्छौं? तसर्थ, मेरो बुझाइमा जहाँ एकतर्फ हामी महिला अधिकारको कुरा गरिरहेछौं । नारी सम्मानका कुरा गरिरहेछौं । अर्कोतर्फ महिलालाई नै आफ्नो, फेरि अर्को देशको उदाहरण किन बाबा? हामी उदाहरण दिन्छौं फलानो देशमा प्रधानमन्त्री बन्न दिएन । सोनिया गान्धीलाई प्रधानमन्त्रीको पद ग्रहण गर्न दिएन । म भन्छु हामी नेपाली छौं । हाम्रो आफ्नै संस्कृति छ । र कम्तीमा हामी आफ्नो संस्कृतिमा धनी छौं । हामी आफ्नो सभ्यता र संस्कृतिको रक्षा गर्दै हामी नयाँ इतिहास रचौं । जुन कुरा कसैले गर्या छैन त्यो कुरा हामी गरेर देखाऊँ । म विश्वासका साथ भन्न चाहन्छु योबाट, यो कार्यबाट राष्ट्रियतामाथि कुनै खतरा उत्पन्न हुँदैन । बलि राष्ट्रियता बलियो हुन्छ । जुन मधेसीहरूलाई यो आज आभास भइरहेको छ कि राष्ट्रले हामीसँग दुर्व्यवहार गरिरहेछ । यो विधेयकले

उनीहरूलाई बोध गराउँछ । होइन तिमी पनि राष्ट्रवादी हौं । तिम्रो पनि यो देशमा अधिकार छ । तिम्रो पनि केही छ यो देशमा ।

त्यसले गर्दा म यो जनघनत्वको बारेमा अरू के भन्न चाहन्छु भने के बिहे मात्र एउटा साधन हो? नेपाल छिर्नको लागि बिहे मात्र एउटा साधन हो? अरू साधन छैन? हाम्रो खुला सिमाना छ । व्यपारको नाताले, रोजगारको नाताले, गैरकानुनी तरिकाले, स्मगलिङबाट, आदि इत्यादि दिनहुँ आइरहेको छ, गइरहेको छ हजारौं लाखौंको सङ्ख्यामा । त्यसका लागि हामीसँग दश प्रहरी छन्, जवान छन्, सेना छन् उनीहरूले काम गर्छन् । यसको लागि हामी अधिकारबाट नै वञ्चित गर्दियौं एउटा समुदायलाई, एउटा वर्ग विशेषलाई र नेपालमा जन्मिने सन्तानका आमालाई । उसको अपमान गरौं र यसलाई राष्ट्रियताको नाम दिऊँ । यो एकदम दुःखद कुरो हो । म सम्पूर्ण सदनबाट यो निवेदन गर्न चाहन्छु कि हामी छाती चौडा गरेर आफ्नो देशमा आएकी आफ्नो बुवा आमालाई, आफ्नो दाजु, दिदी बहिनीलाई, आफ्नो खेत खलियानलाई आफ्नो गलियारालाई, आफ्नो सहरलाई, आफ्नो सबै कुरालाई त्यागेर हाम्रो नेपाललाई रोजेको हाम्रो बहिनी, हाम्रो बेटी र हाम्रो बुहारीलाई हामी ससम्मान नागरिकता प्रदान गरौं । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय गोपाल भट्टराई ।

**<u>माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्षज्यू, आज हामी नागरिकता विधेयक जुन पारित भएर राष्ट्रपतिकहाँ गइसक्या थियो । र त्यसको राष्ट्रपतिले संवैधानिक प्रक्रियाअनुसार उहाँलाई लागेका सुझावहरू र केही छलफल गर्नुपर्ने विषयहरूलाई समेत इङ्गित गरेर एउटा सन्देश पठाउनुभो' र त्यसमा हामी छलफल गरिरहेका छौं ।

यो नागरिकता संशोधन विधेयकमाथि पुनः छलफलमा आज हामी जुटेका छौं । नागरिकता जस्तो संवेदनशील विषय यस विषयलाई अलि हचुवाको भरमा विधेयकलाई अगाडि बढाउने काम भयो । यो विषय जनस्तरसम्म पनि धेरै विवादित हुन पुगेको छ । प्रतिनिधि सभाको विषयगत समितिले छलफल गरी पारित भई प्रतिवेदनसमेत बनिसकेको विधेयकलाई फिर्ता लिएर हतार हतारमा अर्को विधेयक पारित गर्नुपर्ने अवस्था सिर्जना गर्ने काम भयो । वैवाहिक अङ्गीकृत होस् वा आमाको नामबाट पनि नागरिकता पाउनुपर्छ

भन्ने सन्दर्भमा होस् यस्ता सबै खाले नागरिकताका विषयमा अलि घनिरत छलफल हुनुपर्ने थियो । भएन । प्रतिनिधि सभाको विषयगत समितिमा निर्णय गर्ने माननीयहरू प्रतिनिधि सभाका बहुसङ्ख्यक माननीयहरू सोही प्रतिवेदनको पक्षमा हुनुहुन्न थियो । अहिले के चमत्कार भयो र आफ्नो निर्णयविरुद्ध जानुपर्यो? सोचनीय अवस्था छ । अहिले पनि विधेयकको छलफलको क्रममा राष्ट्रिय सभामा पनि विवेक प्रयोग गर्दा चित्त बुझाउनुभएको छैन । तर पक्षमै मतदान गर्न बाध्य हुनुहुन्छ । कानुन निर्माणमा समेत आफ्नो विवेक प्रयोग गर्न नपाउने अवस्था छ ।

सम्माननीय अध्यक्षज्यू, यो विधेयकमा राष्ट्रपतिज्यूले चासो जननिर्वाचित संविधान सभाबाट जारी भएको संविधानअनुसार नागरिकता प्राप्तिका लागि बन्ने यो पहिलो विधेयक भएकोले प्रस्तुत विधेयकले इतिहासदेखि वर्तमानसम्म विभिन्न समयमा जारी भएका संविधान तथा कानुनद्वारा नागरिकता सम्बन्धमा गरिएका व्यवस्थालाई स्मरण गर्न उपयुक्त हुन्छ भन्नुभएको छ । २००९ सालमा पहिलो नागरिकता ऐन जारी भएबाट अहिलेसम्म भएका कानुन व्यवस्था विभिन्न समयमा नागरिकता कानुनमा सुधार गर्नको लागि बनेका आयोगहरू र ती सुझावहरू कार्यान्वयन गर्नको लागि समितिहरू सबै समीक्षा र अध्ययन गरेर मात्र यो विधेयकमा केही सुधार हुन सक्थ्यो । त्यसतर्फ राज्यको ध्यान गएन । अङ्गीकृत नागरिकताको सम्बन्धमा २०३२ सालमा संविधान संशोधन गरेर यहीं बसोबासको आधारमा नेपालमै उत्पति भएको व्यक्तिको हकमा २ वर्ष, नेपाली नागरिकसँग वैवाहिक सम्बन्धमा विवाह भएको महिलालाई कम्तीमा ५ वर्ष र अन्यको हकमा कम्तीमा १५ वर्ष नेपालमा बसोबास गरेर सर्त पूरा गरेपछि मात्र अङ्गीकृत नागरिकता प्राप्त गर्ने व्यवस्था देखिन्छ । यी र यस्ता इतिहासमा गरिएका अभ्यास र अन्तर्राष्ट्रिय प्रचलनलाई समेत ध्यान दिनुपर्ने हो । त्यसतर्फ ध्यान गएको देखिएन ।

सम्माननीय अध्यक्षज्यू, यस सन्दर्भमा माननीय मन्त्रीज्यूले विधेयकमा उठेका प्रश्नहरूको जवफ स्पष्टीकरण दिने क्रममा यो विधेयक गत सरकारले ल्याएको विधेयक र अध्यादेशको निरन्तरता हो भन्ने कुरा पटक पटक उठाइरहनुभएको छ । यदि त्यसो हो भने पनि विधेयक प्रस्तुत भइसकेपछि सम्बन्धित समितिमा छलफल हुने संशोधन प्रस्ताव गर्ने र त्यो विधेयकलाई पूर्णता दिने व्यवस्था हामी गरेका व्यवस्था हो । प्रतिनिधि सभाको राज्य व्यवस्था समितिले सोही आधारमा प्रतिवेदन तयार गरेको होइन र? त्यसैले यो विधेयकमा वैवाहिक अङ्गीकृत आमाको नामबाट दिइने नागरिकता, प्रादेशिक पहिचान

आदि विषयमा विधायन समितिमा माननीय देवेन्द्र दाहाल र माननीय भैरव सुन्दर श्रेष्ठ र माननीय भगवती न्यौपाने प्रस्तावको प्रस्तावलाई समर्थन गर्न चाहन्छु ।

अहिले यो नागरिकता विधेयक समाजमा समेत व्यापक छलफल चलिरहेको छ । त्यसो भएर यसलाई अलि गम्भीरतापूर्वक लिएर आएका विषयहरू अहिले माननीय मन्त्रीज्यूले नियमावलीमा समेत समेट्ने कुराहरू उठाउनुभो' भन्ने सुनियो । प्रादेशिक पहिचानसहितको नागरिकता जस्तो विषय नियमावलीमा होइन यसैमा संशोधन गरेर ल्याउनुस्, त्यसमा स्वीकार गरेर जानुस्, प्रतिनिधि सभालाई पनि कन्भिन्स गर्नुस् र यो विधेयक संशोधनसहित पारित गर्न नि व्यवस्था गर्नुस् । यही कुरा राख्दै मेरा भनाइहरू यहीँ अन्त्य गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय तुलसा कुमारी दाहाल ।

**<u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक (पहिलो संशोधन) विधेयक, २०७९ को सम्बन्धमा हामी छलफल गरिरहेका छौं । जुन विधेयक चैं सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारको लागि सन्देशसहित पठाउनुभएको छ । र त्यो विधेयकमाथि हामीले छलफल गरिरहँदा विधायन व्यवस्थापन समितिले संशोधनकर्तालाई पनि बोलाएर छलफल गर्नुपर्थ्यो । र विषय विज्ञहरूलाई पनि बोलाएर छलफल गर्नुपर्थ्यो । तर त्यसो नगरीकन एकदम हतारमा छिटो पास गर्न खोज्नु यसको भित्री कारण के हो? बुझ्न हामीलाई पनि गाह्रो भइरहेको छ । र प्रक्रिया पुर्याउन खोजे जस्तो मात्र गरिएको छ । फिर्ता आएको ऐन जस्ताको तस्तै फिर्ता गर्नु राष्ट्र प्रमुखलाई अपमान गरेको जस्तो महसुस भएको छ । अध्यादेश र विधेयकमा फरक हो भन्ने कुरा माननीयले राखिसक्नुभएको छ । हामी यो बुझ्न सक्दछौं । अध्यादेश तत्काल समस्याको समाधान गर्ने विषय, छिनोफानो गर्ने विषय हो भने त्यो सार्वजनिक संसदले नै फैसला गर्ने कुरो हो । विधेयक पूर्ण रूपमा कानुनको समीक्षा हुन्छ । समयसापेक्ष बनाइन्छ । तर यसमा त्यसो गरिएन । त्यही कुरोको सम्बन्धमा केही कुरा म यहाँ राख्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, यो विधेयक २०७५ साल साउन २२ गते प्रतिनिधि सभामा दर्ता हुन्छ । प्रतिनिधि सभाका राज्य व्यवस्था तथा सुशासन समितिले लामो बहस र छलफल गर्छ । र त्यसमा आएको निष्कर्षलाई समेट्दै प्रतिवेदन बुझाउँछ । राज्य व्यवस्था तथा सुशासन समितिले वैवाहिक अङ्गीकृत नागरिकताको सम्बन्धमा ७ वर्षको प्रावधान राखेर बुझाएको थियो । जनताको प्रतिनिधि भएको सार्वभौम संस्था प्रतिनिधि सभा, राष्ट्रिय सभा जस्तो गरिमामय संस्थामा गहन रूपमा छलफल हुनुपर्थ्यो । नागरिकता प्राप्तिको विषयमा अन्तर्राष्ट्रिय अभ्यासहरूलाई पनि हेर्नुपर्थ्यो । देशको भौगोलिक अवस्था, सानो देश, छिमेकी ठुला राष्ट्र, धना जनसङ्ख्या भएको खुल्ला सिमाना, विश्वव्यापीकरणलगायत विभिन्न विषयमा ध्यान दिँदै पुर्खाको बलिदान र सङ्घर्षबाट जोगिएको हाम्रो देशको अस्तित्व के हुने हो भन्ने विचारमा सोच विचार पुर्याउनुपर्थ्यो । गठबन्धन सरकारले त्यो गरेन ।

हामीले जुन २०६३ लाई संशोधन गर्न बनेको विधेयकमा समग्र पक्षलाई किन ल्याइएन? यसको दफा ३ मा रहेको नेपालभित्र फेला परेको पितृत्व र मातृत्व ठेगान नभएको प्रत्येक नाबालक निजको आमा बाबुको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक ठहरिन्छ भन्ने कुरामा हाम्रो आपत्ति छैन । यो यिनीहरूले पाउनुपर्छ । नेपालको नागरिक आमाबाट जन्मिएका जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने छन् भन्ने कुरामा आमाको नामबाट प्राप्त गर्ने नागरिकताको सम्बन्धमा यो एउटा महिला आन्दोलनको उपज पनि हो । म यहाँ महिला भएर उभिरहँदा यही कुराको माग जीवनभरि गरेका थियौं । तर त्यो व्यक्ति कहाँ जन्मियो? कसरी हुर्कियो? त्यसको पहिचान के हो भन्ने कुरालाई ख्याल गर्नुपर्थ्यो । नेपालमा जन्मिएको व्यक्तिले नागरिकता लिँदाको बखत निजको आमा बाबु दुवै नेपाली रहेछन् भने त्यस्तो नेपालमा जन्मिएको व्यक्तिले वंशजको आधारमा नागरिकता पाउनुपर्ने कुरामा पनि हाम्रो आपत्ति छैन । र छैन पनि हामीले भनेका थियौं ।

तर स्वघोषणाको विषय यो संविधानको धारा ३८ को अपमान गरेको छ । र यो स्वघोषणाको विषयले लैङ्गिक रूपमा विभेद गरिएको छ । त्यो नाबालक बच्चाहरूको अधिकारको हरण गरिएको छ । त्यसैले यो विषयमा सोच्नुपर्छ भन्ने हाम्रो विषय हो । यस विषयमा सोच विचार गरी केही वर्षसम्म नेपाली नागरिकतसँग विवाह गर्ने विदेशी नागरिकको हकमा राजनीतिक अधिकारबाहेक अन्य अधिकारको सुनिश्चितता गर्दै केही वर्ष

नेपालमा बसिसकेपछि यहाँको सबै कुराको जानकारी भइसकेपछि उनलाई नागरिकता नदिने भन्ने हाम्रो विषयमा होइन । तर परमादेशी सरकारले कुनै सुनवाइ नगरी बहुमतको आधारमा पास गरी राष्ट्रलाई अप्ठ्यारो पार्ने काम गरिरहेको छ । बहुमतको नाममा दम्भ देखाउँदै जे पनि गर्न सकिन्छ भन्ने सोच र चिन्तन हाबी हुनु, प्रतिपक्षको आवाज र सुनवाइ नगर्नु यो यथार्थ पनि हो । यो राष्ट्रियताको विषय हो नागरिकताको विषय । सामान्य विषय होइन । यसमा गम्भीर हुनुपर्छ । आज गरेको निर्णयले भोलि ठुलो असर पर्न सक्छ । त्यसैले यो विषयमा गम्भीर रहनुभनिरहेका छौं । यस विषयमा सम्माननीय राष्ट्रपतिले गहन अध्ययन गरी सार्वभौम संसदमा नागरिकता जस्तो गम्भीर र संवेदनशील विषयमा पुनः एकपटक देश र जनतालाई साक्षी राखेर भविष्य सम्झिएर, पुर्खाको बलिदानलाई सम्झिएर नेपाली जनताका लागि कुनै बाधा र अड्चन नपरोस् भन्ने विषयमा सोच गरी दिशा निर्देशन फिर्ता गरी पठाउनुभएको छ । यसतर्फ वर्तमान सरकारको ध्यान जान सकेन ।

बालुवाटारको कथा अगि नै माननीयज्यूहरूले राखिसक्नुभएको छ । म दोहोर्याउन चाहन्नँ । प्रतिपक्षको नाताले सरकारलाई सहयोग गरिरहेका छौं र गरी पनि रहने छौं । तर सरकार किन संवेदनशील छैन? यो सोचनीय विषय हो । मैले यो कुरा भनिरहँदा कुनै पनि नेपालीहरूले नागरिकताबाट वञ्चित गरिनुहुँदैन । उनीहरूले पनि पाउनुपर्दछ भन्ने कुरामा प्रतिबद्ध छु । तर नागरिकता जस्तो विषयलाई हलका रूपमा लिनुहुँदैन । कुनै पनि नेपालीहरू नागरिकता प्रमाणपत्र पाउनेबाट वञ्चित हुनुहुँदैन भन्ने कुराको ख्याल गरिनुपर्छ । यसै बहानामा कुनै पनि विदेशी नागरिकले नेपाली नागरिकता पाउनेतर्फ पनि उत्तिकै हामी सचेत हुनुपर्दछ । यहाँ भारतको कुरा होइन । यो विश्वव्यापीकरणले विभिन्न अन्तर्राष्ट्रिय भारतभन्दा बाहेकका देशहरू पनि आगमन बढिरहेको छ । यो कुरालाई पनि हामीले ध्यान गर्नुपर्छ र समयसापेक्ष बनाउनलाई प्रयास गर्नुपर्छ । माननीयज्यूहरूले भारतको कुरालाई तीनतिर चैं ..... गरिएको छ, तीनतिर घेरिएको छ । त्यहींबाट खुल्ला सिमानाको कारण प्रवेश हुन्छ भन्ने कुराले होइन । अन्तर्राष्ट्रिय रूपमा पहिलो चैं विभिन्न देशबाट आएर बसोबास गर्ने बसोबासीहरूको सङ्ख्या बढिरहेको छ । र यो कुरा भोलि भविष्यको लागि संवेदनशील हुन सक्छ । यसलाई खुल्ला नगरौं भन्ने कुरालाई ध्यान दिनुपर्छ भन्ने कुरा हामीले उठाइरहेको छौं । नेपालको नागरिकता प्राप्तिको इतिहासलाई पनि हामीले हेरौं यो । सम्माननीय राष्ट्रपतिज्यूले ध्यान आकर्षण गराउनुभएको विषय पनि हो ।

नेपाल सरकार संवैधानिक कानुनमा २००७ सालमा बनेको अन्तरिम शासन विधान र २००७ सालमा बनेको र २०१५ सालमा बनेको नागरिकतासम्बन्धी प्रावधानमा वैवाहिक अङ्गीकृतको कुरा राखिएको छैन । २००९ साल असार १० गते नेपालमा पहिलोपटक नेपाली नागरिकता ऐन जारी भएको देखिन्छ । यसको दफा ३ मा वैवाहिक अङ्गीकृत नागरिकताको प्रावधान राखियो । जसमा नेपाल राज्यको कानुन, रीतिबमोजिम नेपाली नागरिकको साथ कुनै किसिमको वैवाहिक सम्बन्ध भएकी स्वास्नी मानिस नेपालको नागरिक ठहरिने छ भनियो । यस्तै विक्रम संवत् २०१९ मा नेपालको संविधान जारी गरियो । यसको धारा ७ (ग) मा वैवाहिक नागरिकतासम्बन्धी प्रावधान राखिएको पाइन्छ । जसमा नेपालको नाम, कानुन, रीतिबमोजिम नेपालीको नागरिकसँगको साथ कुनै किसिमको वैवाहिक सम्बन्ध भएकी स्वास्नी मानिसलाई नेपालको नागरिकता प्राप्तका लागि कुनै सर्त राखेको पाइँदैन । यस्तै विक्रम संवत् २०२० मङ्सिर २९ गते नेपाली नागरिकता अध्यादेश जारी गरिएको थियो । यसको दफा ६ मा राष्ट्रिय भाषा बोल्न र लेख्न सक्ने, जीवन निर्वाहाका लागि साधन र योग्यता भई नेपालमा कुनै व्यवसाय गरी बसेको असल चालचलन गरेकोलाई २ वर्ष र १२ वर्ष प्रावधान राखेर अङ्गीकृत नागरिकताको व्यवस्था गरेको पाइन्छ । विक्रम संवत् २०३२ मङ्सिर २६ गते नेपालको संविधान दोस्रो संशोधन गरियो । अङ्गीकृत नागरिकताको लागि ५ वर्षको प्रावधान राखेको देखिन्छ । यस्तै गरी २०३७ वैशाख २० गते जनमत सङ्ग्रहपछि पुष १ गतेपछि नेपालको संविधान तेस्रो संशोधन गरियो । यसमा फेरि वैवाहिक नागरिकताका लागि ५ वर्ष पर्खनुपर्ने प्रावधान हटाइयो । र निजले विदेशी नागरिकता त्यागेपछि संविधानबमोजिम दिने व्यवस्था गरियो ।

सम्माननीय अध्यक्ष महोदय, विक्रम संवत् २०३८ सालमा असोज ३१ गते नेपाल नागरिकता ऐन, २०२० तेस्रो संशोधन गरी वैवाहिक अङ्गीकृत नागरिकता पाउनको लागि राखेको ५ वर्षको समय पनि हटाइयो । विक्रम संवत् २०४७ साल कात्तिक २३ गते २०१९ सालमा जारी भएको नेपालको संविधानलाई खारेज गरी नेपाल अधिराज्यको संविधान २०४७ जारी गरियो । यसको धारा ९ (५) मा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले विदेशको नागरिकता त्याग्ने कारबाही चलाएपछि नागरिकता दिने व्यवस्था गरियो । २०६३ मङ्सिर १० गते नागरिकता ऐन, २०२० खारेज गरियो । र यसको दफा ५ मा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नागरिकता लिन चाहेमा तोकिएको ढाँचामा अधिकारीसमक्ष निवेदन

दिनुपर्ने, विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा पेस गर्नुपर्छ भनियो । विक्रम संवत् २०६३ मा नागरिकता ऐनको प्रावधानै अन्तरिम संविधान, २०६३ ले निरन्तरता दिएको थियो । अन्तरिम संविधानको धारा ८ (६) मा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले चाहेमा अङ्गीकृत नागरिकता लिन सक्ने भनियो । विक्रम संवत् २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधानको भाग २ मा नागरिकता धारा ११ (६) मा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा सङ्घीय कानुनबमोजिम नेपालको अङ्गीकृत नागरिकता लिन सक्ने भनिएको छ । नागरिकता ऐनलाई संविधान अनुकूल बनाउने उद्देश्यले २०७५ साल साउन २२ गते नेपाल नागरिकता ऐन संशोधन गर्न प्रतिनिधि सभामा दर्ता भएको हो । यसको दफा ४ (२) मा वैवाहिक अङ्गीकृत प्राप्त गरेको महिलाले ६ महिनाभित्र विदेशको नागरिकता परित्याग गरेको निस्सा पेस गर्नुपर्ने भन्ने प्रावधान प्रस्ताव गरियो ।

नागरिकता, २०६३ लाई संशोधन गर्न बनेको विधेयकमाथि राज्य व्यवस्था र सुशासन समितिले प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिले यस विधेयकमा छलफल गरी २०७७ साल असार ९ गते प्रतिवेदन प्रतिनिधि सभामा पेस गर्‍यो । वर्तमान सरकार नेपाल नागरिकता ऐन, २०६३ लाई २०७९ असार २४ गते फिर्ता लिएर असार २५ गते सचिवालयमा दर्ता गरियो । वैवाहिक अङ्गीकृत नागरिकता प्राप्त विषय समय समयमा अलग र फरक निर्णय भएको पाइन्छ । यस विषयमा ध्यान दिनु आवश्यक छ । समय सान्दर्भिक भएर निर्णय लिनुपर्छ । विगतमा भएका केही कमी कमजोरीलाई सच्याउनु प्रयत्न गर्नुपर्दछ । हिजो यस्तो थियो भनेर गलत कुरा निरन्तरता दिनुहुँदैन भन्ने मलाई लाग्दछ ।

सम्माननीय अध्यक्ष महोदय, अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्दा पनि अङ्गीकृत नागरिकताको सम्बन्धमा देशहरूमा फरक फरक अनुभव र फरक फरक प्रावधानहरू राखेको पाइन्छ । भारतमा सात वर्षे प्रावधान छ । माननीयज्यूहरू सबैलाई थाहा छ, हामीलाई थाहा छ । बङ्गलादेशमा पाँच वर्षे प्रावधान छ । भुटानमा सन्तान जन्मिएपछि मात्र आमालाई नागरिकता दिने प्रावधान छ । माल्दिभ्समा बाह्र वर्षको छ । अमेरिकामा तीन वर्षको छ । बेलायतमा निवेदन दिनुपूर्व संयुक्त राज्यमा तीन वर्ष बसोबास गरेको हुनुपर्ने भनिएको छ । उनीहरूले आआफ्नो भाषा, संस्कृति, परम्परा, ज्ञान, भूगोल, सार्वभौमिकता, राजनीति स्वतन्त्रप्रति अटल र निष्ठा विश्वास जस्ता प्रावधानहरू राखेका छन् ।

सम्माननीय अध्यक्ष महोदय, हाम्रो देशको सन्दर्भलाई हेर्दा नागरिकताको विषयमा गम्भीर हुनुपर्ने हो । यो देशको राष्ट्रियता, स्वाधीनता, सार्वभौमिकता, भूगोल, सिमाना, भाषा, संस्कृति, परम्परा, प्रचलन र भावनासँग पनि जोडिएको छ । प्रस्ताव गरिएको संशोधन विधेयकमा किन अङ्गीकृत नागरिकताको विषय हटाएर प्रस्ताव गरियो । यसमा कुनै कारण हुनुपर्दछ । अरू विषय आएका छन् । यही विषयलाई हटाउनुपर्ने कारण के हो? म यो प्रश्न गर्न चाहन्छु । विगतमा वैवाहिक अङ्गीकृत नागरिकता प्राप्त गर्ने विषय र प्रावधानहरू हेर्दा विदेशी महिलालाई कमजोर रूपमा आकलन गरिएको छ । त्यही भएर पनि होला सरिताहरूको जन्म भयो । र हामी त्यो कुरालाई के भन्न चाहन्छौं भने फेरि अरू सरिताहरू नजन्मिउन भन्नेतर्फ हामीले ध्यान दिन आवश्यक छ । अहिले हाम्रो हातमा भएको बेलामा हामीले हताशमा, हतारमा गलत गर्यौं भने हाम्रो पुस्ता भविष्यमा पछुताउने छ । हरेक आन्दोलन र जनआन्दोलनलाई आधार मानी आधार वर्ष तोकी नागरिकताको खुल्ला गर्नु, लचिलो हुनु यो राम्रो कुरा होइन । तर गरियो, गरिँदै छ । अहिलेसम्म भइरहेको छ । सीमा तोकिनुपर्छ । तर एकपल्ट, दुईपटक हुन्छ । बारम्बार तोकिदै आएको छ । यो सधैं लचिलो बन्दा भविष्यमा ठुलो धोका हुन्छ भन्ने कुरामा सचेत बनौं भन्न चाहन्छु ।

नेपाली नागरिक महिलासँग विवाह गर्ने पुरुषको हकमा पनि बोल्नुपर्छ । तर बोलेको छैन । यहाँ समस्या भारतको मात्र होइन । भारतबाहेक अन्य देशबाट पनि प्रवेशको कमी छैन । त्यसैले हामी ..... भारतलाई नजिक नबनाऊँ भन्न चाहन्छु । नागरिकता प्राप्तिको लागि आमा र बच्चाले गर्ने स्वघोषणा लैङ्गिकताको अपमान गरेको छ । आमालाई पीडा दिने । बच्चालाई समेत मानसिक यातना दिने काम गरेको छ । यसतर्फ यस विषयलाई, यस मर्मलाई आत्मसाथ गर्नुपर्छ । स्वघोषणा इच्छामा छोड्नुपर्छ । शङ्का लागेमा प्रमुख जिल्ला अधिकारीले अनुसन्धान गर्न सक्ने व्यवस्था गर्नुपर्छ । त्यसैले यो मैले अगि पनि भने संविधानको धारा ३८ विपरीत रहेको छ ।

सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारले गरेको नागरिकता प्राप्तिसम्बन्धी व्यवस्था फितलो छ । भविष्यमा नेपालको सार्वभौमिकतामाथि आँच आउन सक्दछ । सङ्कट पर्न सक्दछ । यसतर्फ सोच्नको लागि म आग्रह गर्दछु । तर के गर्नु मोटा कान भएको गठबन्धको सरकारले सुन्ने हो कि होइन । शङ्का छ अझै पनि । नेपाली नागरिकतासँग वैवाहिक सम्बन्ध रहेको विदेशी नागरिकको हकमा सात वर्षको समय न्याय ..... । आवश्यक भएका अङ्गीकृत नागरिकता दिने गरी प्रशासनिक र राजनीति

अधिकारबाहेक आर्थिक, सामाजिक, संस्कृतिक, शैक्षिकलगायतका अधिकारहरू प्रदान गर्ने व्यवस्था गरिनुपर्छ । म नेपाल सरकार सम्माननीय प्रधानमन्त्री र गृह मन्त्रीलाई बेहोसबाट होसबाट आउन र निन्द्राबाट बिउँझिनको लागि अनुरोध गर्न चाहन्छु । हामीले नदेखेको विषय र सन्दर्भमा राष्ट्रपतिले औंल्याउनुभएको छ । यसतर्फ कतिको विचार गरियो? वा गरिएन? प्रतिनिधि सभाले जे गरे पनि राष्ट्रिय सभा बुद्धिजीवीहरूको सभा हो । यसले चिन्तन मनन गर्नैपर्छ । गम्भीर भएर सोच्नैपर्छ । एक माना एक ढिक्का भएर हामीले विवेक पुर्याएर निर्णय गर्नैपर्छ । र म सम्पूर्ण माननीयज्यूहरूलाई आग्रह पनि गर्न चाहन्छु यो विषयमा गम्भीर बनौं भनेर ।

वास्तविक नेपालीले नागरिकता पाउन् । नागरिक नहुँदा दैनिक जीवनयापन गर्न शिक्षा, रोजगार, व्यापार, व्यवसायलगायतका कुराहरूबाट वञ्चित भएका छन् । हामीले यहाँ आज बोलिरहेका छौं । उनीहरू सुनिरहेका छन् । के गर्ने हो भनेर? राष्ट्रिय सभा जस्तो गरिमामय संसदले पक्कै हाम्रो पक्षमा बोल्ने छ भनेर । मैले अगि पनि भनें हामीलाई आपत्ति छैन ती जो नेपालीहरूले नागरिकता पाउने कुरामा । तर यसै बहानामा विदेशीहरूलाई छिराउने काम नगरौं भन्न चाहन्छु । यो बेठिक कुरा हो । यहाँहरू के गर्न खोज्दै हुनुहुन्छ? लोकप्रियता हासिल गर्ने नाममा देशलाई सङ्कटमा पार्ने काम नगरौं । र सङ्कटमा पार्ने काम गर्यौं भने इतिहासले हामीलाई पछि भविष्यले धिक्कार्ने छ । म फेरि एकपटक गठबन्धन सरकारलाई प्रश्न गर्न चाहन्छु । नागरिकता प्रदान गर्ने विषय बहुमत देखाएर पास गर्ने काम होइन । यस्तो विषयमा राष्ट्रिय सहमतिको आवश्यकता हुन्छ । यहाँ प्रतिपक्षको दल पनि छ । नेकपा एमाले पनि छ । तपाईंहरूले नेतृत्वसँग छलफल गर्नुभो'? त्यो छलफलको के निष्कर्ष आयो? बुद्धिजीवीहरूको कुरा सुन्नुभएको छ? जनता के भनिरहेका छन्? गठबन्धनबाहेक अरू पनि दल छन् भन्ने कुरो ख्याल गरौं । हेक्का राखौं । कसैको निहित स्वार्थ पूरा गर्नको निम्ति, कसैलाई बचन दिएको भरमा हामीले यो बहुमतको नाममा गलत निर्णय गर्यौं भने दुर्भाग्य हुने छ । यो देशको दुःखद पक्ष हुने छ । त्यसैले यो बेठिक काम नगरौं भनेर अनुरोध गर्न चाहन्छु ।

नागरिकता राष्ट्रको पहिचान, नागरिकताभित्र राष्ट्रको पहिचान लुकेको हुन्छ । जसले दिँदै छ उसले नेपाली हुनुमा गर्व महसुस गर्दछ । जसले नागरिकता प्राप्त गर्छ उसले आफू नेपाली हुनुमा गर्व महसुस गर्दछ भने दिनेले नेपाली भए नभएको पहिचान गरेर मात्रै दिने गरिन्छ । देशको भाषा, संस्कृति, स्वाधीनता, निष्ठा झल्किने गर्दछ ।

नागरिकतामा एउटा नेपालमा जन्मिएको बच्चाले नागरिकताको लागि जन्मदर्ता गर्नुपर्छ । १६ वर्षसम्म पर्खिनुपर्छ अनि मात्र उसले नागरिकता प्राप्त गर्न सक्छ । नेपाली नागरिकसँग विवाह गरेको विदेशी नागरिकले किन केही वर्ष पर्खन सक्दैनन्? यो उनीहरूको विषय होइन । यो हाम्रो विषय हो । हाम्रा नीति नियममा बाँधिनुपर्ने विषय हो । विदेशीको लागि हामी वकालत नगरौं । नेपालीको पक्षमा बोलौं । नेपालीको पक्षमा वकालत गरौं भन्न चाहन्छु । उनीहरूलाई आवश्यकता छ भने केही वर्ष पर्खिएर नेपालको नागरिकता लिन सक्दछन् । भाषा सिक्दछन्, संस्कृति जान्दछन् । यहाँको परम्परागत मूल्य मान्यतालाई जानकारी राख्छन् । त्यसैले हतार केको लागि? कसको लागि? कसको स्वार्थ पूरा गर्न खोजिरहेका छौं? यो भन्न चाहन्छु ।

आज तपाईंहरू सत्तामा हुनुहुन्छ । सरकारमा हुनुहुन्छ । भोलि अरू पनि आउन सक्छन् । सदाका लागि हामी सत्तामा छौं भन्ने कुरा नसोचौं । नागरिकता पाउनुपर्नेलाई राज्य र सरकारले निरन्तर प्रदान गर्दै जानुपर्छ । नागरिकता प्रदान गर्ने विषयलाई असजिलो बनाउनुहुँदैन । भविष्यमा पछुताउने गरी निर्णय पनि नगरौं । कुनै पनि बहानामा क्षणिक स्वार्थ पूरा गर्नको निम्ति ज्यादै लचिलो भयौं भने विगतका गल्तीलाई सच्याउने बेला पनि हो यो । विगतको गल्तीलाई सच्याएर जाऔं । हामीले हिजो गल्ती गरेका थियौं । आज पनि फेरि गल्ती गरौं भन्ने कुरालाई नदोहोर्याऔं भन्न चाहन्छु । र जहाँ हामीले गल्ती देखेका छौं, कमजोरी भएको छ इतिहासमा त्यो कुरालाई हामीले सच्याउनुपर्छ । विगतका आन्दोलनहरूलाई स्मरण गरौं । केको लागि ती आन्दोलनहरू भएका थिए? हामीले उपलब्धिहरू के प्राप्त गर्यौं? त्यो कुरालाई पनि हामी स्मरण गरेर गम्भीर बनौं भन्न चाहन्छु । तपाईंहरू अहिले कसैको विचार सुन्ने पक्षमा हुनुहुन्न भन्ने मलाई लागिरहेको छ । हामीलाई थाहा छ । र कसको हितमा काम गर्दै हुनुहुन्छ? बहुमत छ भनेर आज तपाईंहरू गलत निर्णय गर्नुहुन्छ भने जनताले तपाईंहरूलाई प्रश्न सोध्ने छन् । हामी सोधिरहेका छौं । र म अझै पनि भन्न चाहन्छु राष्ट्रिय सहमति जुटाएर, छलफल गरेर यो राष्ट्रियताको विषयमा गम्भीर भएर मात्रै छलफल गरौं ।

सम्माननीय अध्यक्ष महोदय, विधायन समितिमा माननीयज्यूहरूले राख्नुभएको फरक मतलाई पनि समर्थन गर्न चाहन्छु । फरक मतमा यो देशको राष्ट्रियता झल्किएको छ । हामीले हाम्रा पुस्ताहरूलाई ख्याल गरौं, राष्ट्रलाई ख्याल गरौं । यो राष्ट्रियताको सवाल हो भनेर माननीयज्यूहरूले राख्नुभएको छ । यो हामीलाई त मौका दिनुभएन । विधायन समितिमा गएर छलफल गर्ने संशोधनकर्ता कसैलाई पनि । तर यो फरक

आएको मतलाई पनि समावेश गर्नुपर्छ र म माननीय गृह मन्त्रीलाई अनुरोध गर्न चाहन्छु । उहाँले चाहनुभयो भने, उहाँले प्रयास गर्नुभयो भने अझै पनि छिनोफानो हुन्छ । अझै पनि हामीले उहाँलाई यो अनुमति दिइरहेका छौं । तपाईं अझै सोच्नुहोस्, अझै सम्झिनुहोस् । र सही नेपालीले नागरिकता प्राप्त गर्नुपर्छ, पाउनुपर्छ र गलत निर्णय नगरौं । त्यो गलत निर्णयले भोलि हाम्रा सन्तानले पछुताउनुपर्ने छ भन्ने कुरोलाई सर्तक गराउनुपर्छ । सत्ता र पदमा सधैं रहिँदैन । भएको बेलामा हामीले सही निर्णय गरौं । नेतृत्व सही गरौं । देश र जनताको पक्षमा हामी निर्णय गरौं । यो अरू देशको सवाल होइन । यो हाम्रो देशको सवाल हो । हाम्रो सानो देश छ । ठुला छिमेकी राष्ट्र छन् । ठुला जनसङ्ख्या छ । र त्यो जनसङ्ख्याले हामीलाई भोलि के गर्छ भन्न सक्दैनौं । आज हात नखोलौं । र हामीले आफ्नो नेपाली नागरिकहरू कोही नछुटुन् भन्नेतर्फ ध्यान दिएर हामीले कानुन बनाउन आवश्यक छ । र सम्माननीय राष्ट्रपतिज्यूले हामीलाई जुन जिम्मेवारी दिनुभएको छ र यो जिम्मेवारीलाई पूरा गरौं । यो इगोको रूपमा हामी नलिऊँ । र यो प्रतिस्पर्धाको विषय पनि नबानाऊँ । राष्ट्र र जनतालाई बिचमा राखेर, मनमा राखेर निर्णय गरौं भन्ने कुरालाई म नेपाल सरकारलाई फेरि आग्रह गर्न चाहन्छु, अनुरोध गर्न चाहन्छु । अहिले पनि समय सकिएको छैन । यसलाई प्रतिपक्षको विषय भनेर नसोचिदिनुहोला । तपाईंहरू पनि हिजो बोल्दै हुनुहुथ्यो । नागरिकता संवेदनशील विषय हो भनेर, गम्भीर विषय हो भनेर । राष्ट्रियताको पक्षमा हामीले सही निर्णय गर्नुपर्छ भनेर । म एकचोटि ती आफूले बोलेका कुरालाई स्मरण गर्नको निम्ति अनुरोध गर्छु र यो विषयमा गम्भीर भएर निर्णयको ..... निम्ति फेरि आग्रह गर्दै आफ्नो भनाइ यहीं टुङ्ग्याउँछु । हवस्, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय इन्दिरा देवी गौतम ।

**<u>माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, हामी हाम्रो देशको बारेमा, हाम्रो देश कस्तो बनाउने भन्ने बारेमा, यो देशमा रहेका हाम्रा नागरिकहरूका अधिकारहरू कस्तो हुनुपर्छ भन्ने बारेमा र हामीले यहाँ रहेका, यहाँ जन्मिएका, यहाँ बसोबास गरेका वंशजका आधारमा, जन्मसिद्धका आधारमा रहेका नेपालीहरूलाई नेपालको नागरिकता दिलाउने सवालमा चैं गम्भीर भएर छलफल गर्ने सन्दर्भमा हामी यहाँ छलफल गरिरहेका छौं । र यो छलफललाई हामीले योभन्दा

अगाडि नै प्रतिनिधि सभाले छलफल गरेर, राष्ट्रिय सभाले छलफल गरेर राष्ट्रपतिको मा पठाइसकेपछि राष्ट्रपतिले संविधानसम्मत ढङ्गबाट नागरिकताका सवालमा उठेका कुराहरू, नागरिकताका सवालमा हामीले गरेका निर्णयहरूमा पुनर्विचार गर्नुपर्ने आवश्यकता महसुस गरेर राष्ट्र प्रमुखको हैसियतले सम्माननीय राष्ट्रपतिले सन्देशसहित संसदलाई जिम्मेवार बनाएर पुनर्विचार गर्नको निमित्त जुन सन्देश पढाउनुभएको थियो । त्यो सन्देशमाथि संसद कतिको जिम्मेवार भयो? सरकार कतिको जिम्मेवार भयो? भन्ने प्रश्न आज तपाईं हाम्रो सामुन्नेमा टड्कारो रूपमा आएको छ । तपाईं हाम्रो सामुन्नेमा तेर्सिएको छ । आम जनताहरूमा पनि यो एउटा छलफलको विषय बनेको छ ।

राष्ट्रपतिले सन्देशसहित पठाउनुभो' । के उहाँले त्यहाँ उल्लेख गर्नुभएका बुँदाहरू राष्ट्र हितविपरीतका बुँदाहरू छन्? नेपाली नागरिकले नागरिकता नपाउने सवाललाई नदिनको लागि भनेर कुनै बुँदाहरू इङ्गित गरिएको छ? जुन कुरा राष्ट्रपतिले हामीलाई पुनः छलफल गर्नु भनेर पठाउनुभएको छ हामी किन त्यस बारेमा संवेदनशील हुँदौन? हामीले त्यहाँ रहेका बुँदाहरूलाई, उहाँले सोध्नुभएका कुराहरूलाई, उहाँले पुनर्विचार गर्नुपर्ने एकपल्ट संसदको अधिकारलाई सुनिश्चित गर्नको निम्ति यो संसदले गर्ने निर्णय हो । तपाईंहरू अझै पनि निर्णय गर्नुस् । यी कुराहरू यो विधेयकमा जुन समावेश गरेर आएको छ यसमा पुनर्विचार गर्नको निमित्त सदनलाई अधिकार दिनुभएको थियो पुनः छलफलको लागि । तर प्रतिनिधि सभामा छलफल नगरीकन बहुमत र अल्पमतका आधारमा जस्ताको तस्तै फेरि यो राष्ट्रपतिको मा पठाउने मनसायबाट वर्तमान सरकार जसरी अगाडि बढ्यो यो सरकारको राम्रो नियति भने होइन । यसले के देखाउँछ भने यो सरकार सधैँभरि टिक्ने होइन । कुनै पनि सरकार, कुनै पनि पार्टी जनताले मत दिएर निश्चित समयसम्मको लागि सरकार बनाइन्छ । यो तैपनि अहिलेको वर्तमान सरकार भनेको अस्वाभाविक तरिकाबाट बनेको वर्तमान सरकार छ । यसले राष्ट्रपतिले निर्दिष्ट गरेका विषयहरूमाथि यत्रो अपमानजनक तरिकाले राष्ट्र प्रमुखमाथि राष्ट्र प्रमुख एउटा व्यक्ति सम्झेर जुन गतिविधि गरेको छ त्यो भनेको राष्ट्रको प्रमुख भनेको एउटा संस्था हो, एउटा पद हो, एउटा राष्ट्रको जिम्मेवार ठाउँ हो । त्यो जिम्मेवार ठाउँलाई सरकारले संसदले कसरी सम्मान गर्नुपर्छ भन्ने कुरा तपाईं हामीले नै आगामी पुस्ताहरूलाई सिकाउने पनि हो र अब बन्ने सरकारलाई पनि सिकाउनुपर्ने हो । तर हामी गलत तरिकाले अगाडि बढिरहेका छौँ । बल मिचाइ तरिकाले अगाडि बढिरहेका छौँ । यो किमार्थ सहज भने होइन । यसले राम्रो सन्देश दिँदैन । प्रतिनिधि सभामा जे गरियो तर

राष्ट्रय सभामा आएर एउटा विधायन समितिमा छलफल गर्ने जुन वातावरण बनाइदिनुभो' यसको लागि त पूर्ण माननीज्यूहरूले पनि धन्यवाद दिइसक्नुभएको छ ।

राष्ट्रपतिज्यू यसै संवेदनशील हुनुभएको होइन होला । राष्ट्रको माया गरेरै होला । जनताको हितकै लागि होला । संविधानको रक्षाकै लागि होला । राष्ट्रपतिलाई संविधान रक्षा गर्ने पूर्ण अधिकार पनि छ भन्ने कुरो संविधानमा पनि लेखेको छ । हामीले संविधान पनि सबै त्यसको व्याख्यता हामी नभए पनि त्यसमा लेखेका केही कुराहरू हामीले पनि अध्ययन गरिरहनुपर्दो रहेछ । यसर्थ म वर्तमान सरकारलाई जुन शैलीबाट, जुन तरिकाबाट यो विधेयकलाई अगाडि बढाएर जबरजस्तीसँगले राष्ट्र प्रमुखलाई दबाब दिने गरी राष्ट्र प्रमुखमाथिको एउटा सम्मानमा आँच आउने तरिकाले तपाईंहरूले अगाडि बढ्ने खोजिरहनुभ'को छ । यसमा पुनर्विचार गर्नको निमित्त म सरकारसँग आग्रह गर्न चाहन्छु । यसमा पुनर्विचार गर्वोस् ।

यो नागरिकतासम्बन्धी हाम्रो जुन विधेयक छ यो विधेयकको राष्ट्रसँग जोडिएको सवाल हो । देशसँग जोडिएको सवाल हो । जब म मेरो हातमा नागरिकता लिएर चाहे जहाँ सुकै जाऊँ विदेश जाऊँ, भारत जाऊँ अरब अथवा अरू युरोपियन देशतिर जाऊँ मेरो हातमा मेरो देश हुन्छ । मेरो हातमा जुन पासपोर्ट हुन्छ त्यो पासपोर्टमा मेरो नागरिकताको नागरिकता नम्बर हुन्छ । म नेपाली भएको पहिचान हुन्छ । म नेपालसँगै लिएर गएको हुन्छु । मसँग नेपाल हुन्छ । यसर्थ नागरिकता देशसँग जोडिएको एउटा देश हो । सिङ्गै देश हो । नागरिकता लेखिएको एउटा पन्ना मात्र होइन । नागरिकता त्यो सामान्य कुरो होइन । यो देश हो । नेपाल देश हो । तसर्थ, नेपालमा बस्ने हरेक नेपालीले नागरिकताका बारेमा गम्भीर हुन र नागरिकताका बारेमा पुनः बहस गर्न, छलफल गर्न र मेरो देशमा बस्ने कस्ता कस्ता नेपालीहरूलाई कुन खालको नागरिकता दिने भन्ने बारेमा बहस गर्ने पूर्ण अधिकार हुन्छ । मात्रै गठबन्धन सरकारले बालुवाटारमा बसेर यो यो गर्ने र यसरी गर्ने भनेर निर्णय गरेका आधारमा मेरो देशको नागरिकता बनाउनुहुँदैन । त्यो खालको दिनुहुँदैन ।

यहाँ धेरै ठुला मुद्दाहरू पनि छैनन् । यहाँ केही विषयहरू उठेका छन् । तर ती विषयहरू अत्यन्तै गम्भीर छन् भन्ने मलाई लागेको छ । यो विषयहरू राष्ट्रियतासँग जोडिएको विषयहरू जस्तोः हामीले बारम्बार उठाइरहेका छौं । यहाँभन्दा अगि पनि हामीले उठायौं कि हाम्रा छिमेकी मुलुकहरू भारत, चीन, भुटान, बङ्गलादेश र यसरी केही देशहरू हामीसँग गाँसिएका छन् । त्यहाँभन्दा बाहेकका अरू देशहरूबाट पनि नेपालमा

मान्छेहरू आएका छन्, आउँछन् । उनीहरू टुरिस्ट भिसामा आउँछन् । विभिन्न कारणले आउँछन् । तर उनीहरूको नियत के हो भन्ने कुरा त हामीले था' पाउँदैनौँ । तसर्थ, यहाँ हामीले यदि नागरिकता खुकुलो गर्दिने हो भने म प्रष्टसँग नेपालीहरूले बुझ्ने गरी नेपाली भाषामा नि भन्छु मलाई निक्लिष्ट भाषा आउँदैन । छलछामको कुरोहरू हामीले गर्नुहुँदैन । सदनमा उभिएर बोलिरहँदा सांसदहरूले सरकार चलाइरहँदा सरकारले र प्रधानमन्त्रीहरूले ढाँट्ने, छल्ने र झुक्क्याउने काम गर्न हुँदैन । किनभने जनताहरूले त था' पाउँछन् नि । आज ढाँटे पनि भोलि त था' पाउँछ नि । भोलि ढाँटे पनि पर्सि त था' पाउँछ नि । के गर्दै छन्, किन यस्तो गर्दैछन् भन्ने कुरो त जनताले था' पाउँछ नि ।

हरेक तिकडमले, हरेक तरिकाले, हरेक सडयन्त्रले जनताहरूलाई बहस बसमा पारेर केही गतिविधिहरू गरेर केही समयमा हामी जितौँला । अथवा केही समयमा हामी टिकौँला । तर त्यो सधैं स्थायी त हुँदैन त । इतिहास सत्य कुरो त बोल्दिन्छ त फेरि । आज गरेका गल्तीहरू भोलि इतिहासले त सत्य बोल्दिन्छ त । आज पनि सत्य बोल्ने मान्छेहरू छन् त । भनिरहेका छन् त सरकार के गरिरहेको छ? सरकार कसरी चल्न चाहिरहेको छ? सरकारले यो विधेयक कसरी अगाडि बढाइरहेको छ? कसको इसारामा यो सरकारले यो विधेयकलाई अगाडि बढाइरहेको छ? अगिल्लो सरकारले विधेयकलाई अगाडि ल्याउँदाखेरि अङ्गीकृतकै बारेमा पनि बुरुक बुरुक उफ्रिनु हुन्थ्यो उहाँहरू । नागरिकताका सवालमा उहाँहरूले सहज वातावरण दिनुभएको थिएन । असहज वातावरण हुँदाहुँदै पनि धेरै नेपाली नागरिकहरूले जुन नेपाली नागरिकता प्राप्त गर्नुपर्थ्यो उनीहरूले नागरिकता प्राप्त गर्न नसकेको सन्दर्भमा धेरै कामहरू उनीहरूका रोकिएको कारणले नागरिकताको आवश्यकता महसुस गरेर त्यति बेला सरकारले अध्यादेशमार्फत नागरिकता ल्याएको थियो । त्यो नागरिकतालाई, अध्यादेशबाट ल्याएको नागरिकतालाई अहिलेको त्यति बेलाको अध्यादेशद्वारा ल्याएको विधेयकलाई त्यति बेला पूर्ण विरोध गरियो, रोकियो । नेपाली नागरिकलाई नागरिकता लिनबाट वञ्चित गराइयो । त्यो वञ्चित गराउने को थियो? अहिलेका वर्तमान गठबन्धनका सरकारमा रहेका गठबन्धनहरू, गठबन्धनको सरकार थिएन? त्यही पार्टीमा रहनुभ'का सांसदहरू हुनुहुन्न थियो? के एमालेले चैं नागरिकता नदिऊँ भनिरहेको छ र नेपाली नागरिकलाई नागरिकविहीन बनाउनुहुँदैन भनेर एमाले नै संवेदनशील भएको हो? एमालेले नै नागरिकतासम्बन्धी विधेयकलाई अगाडि बढाउन खोजेको हो? रोक्नुभ'को हो उहाँहरूले?

अनि आज आएर उहाँहरूले हिजो एमालेले अगि सारेको । एमालेको पालामा २०७५ सालमा संसदमा संसदको राज्य व्यवस्था सुशासन समितिमा छलफल भएर प्रतिवेदन अगाडि बढिरहेको । त्यो प्रतिवेदन खोइ त आज? त्यो प्रतिवेदन संसदमा छलफल गराउनुपर्दैन थियो? त्यो प्रतिवेदन राष्ट्रिय सभामा छलफल गराउनुपर्दैन थियो? त्यो प्रतिवेदनमाथि संसदमा प्रतिनिधि सभा र राष्ट्रिय सभामा छलफल गराउँदा के बिग्रिन्थ्यो? त्यहाँ भ'का राम्रा कुरालाई कसले अस्वीकार गर्थ्यो? नेपाली नागरिकहरूलाई नागरिकता दिनुहुँदैन भनेर कसले भन्थ्यो? हामी भन्दैन थियौं । हामी चाहदैनौं । नेपाली नागरिकहरू जसले नागरसकता प्राप्त गर्नुपर्छ उहाँहरूलाई नागरिकता दिनुपर्छ । नागरिकविहीन बनाउनुहुँदैन । धेरै युवाहरू, धेरै युवतीहरू शिक्षाबाट वञ्चित भइरहेका छन् । रोजगारीबाट वञ्चित भइरहेका छन् । बैङ्कमा खाता खोल्न पाइरहेका छैनन् । बाहिर पढ्न जानेहरू पढ्न जान पाइरहेका छैनन् । विद्यालयमा भर्ना हुनुपर्नेहरूले पनि बाबु आमाको नागरिकताको कारणले विद्यालयमा भर्ना हुन पाइरहेका छैनन् । यी विविध कारणले हामी नागरिकतालाई अगाडि बढाउन चाहन्थ्यौं र अहिले पनि हामी चाहन्छौं । मात्रै केही राष्ट्रियताका सवालमा र केही भोलि आउने समस्याका सवालमा आजै सचेत हुनका लागि हामीले संसदको ध्यान आकर्षण गर्न खोजेका हौं । राष्ट्रपति, सम्माननीय राष्ट्रपतिज्यूले पनि तिनै विषयहरूमा भोलि आउने जटिलताहरू र आजसम्म नागरिकताका सवालमा भएका बारम्बार फेरिएका निर्णयहरू, गरिएका निर्णयहरू एउटा निर्णय गर्यो । अनि त्यो केही समयपछि पुनः संशोधन गर्नुपर्ने अवस्था फेरि अर्को निर्णय गर्यो । फेरि संशोधन गर्नुपर्ने अवस्था । त्यति गर्दा पनि साँच्चैका नेपाली नागरिकहरू नागरिकताबाट वञ्चित हुने अवस्था र समग्र नागरिकतालाई एक मुस्ट रूपमा आगामी दिनमा यो खालको समस्या नहुने गरी दीर्घकालीन रूपमा व्यवस्थित तरिकाले नागरिकतालाई व्यवस्थित गरौं भन्ने कुराहरू हो । त्यसर्थ, यो नागरिकतालाई अलिकति गम्भीर भएर, संवेदनशील भएर सोचौं ।

यसभित्र जस्तो हामीले अहिलेसम्म नेपालमा ५, ६ किसिमका नागरिकताको बारेमा हामीले नागरिकता प्राप्त गर्छौं । एउटा नागरिकता प्राप्त गर्ने प्रावधान छ वंशजको आधारमा । जो बाबु आमा दुवै जना नेपाली नागरिक छन् उसले वंशजको आधारमा नागरिकता प्राप्त गरेको छ । नागरिकता प्राप्त गर्नुपर्छ । यो वंशजको आधारमा भयो । ठिक छ । अब यही वंशजको आधारमा अर्को एउटा क्वोइसन जन्मेको छ जुन महिलाहरूको अस्मितामाथि उभिएको छ यो । वंशजको आधारमा पिता बाबु नेपाली छ,

आमा विदेशी छ भने उसले वंशजको आधारमा नागरिकता पायो । आमा नेपाली छ, बाबु विदेशी छ भने त्यो बच्चाले अङ्गीकृत नागरिकता लिनुपर्ने । यसमा के भयो? विभेद भयो । नेपाली नागरिक आमा छ । उसको सन्तान हो । उसले नेपाली नागरिकता वंशजको आधारमा नागरिकता प्राप्त गर्न नसक्ने कारण के? बाबु विदेशी भएको कारणले । अनि अर्को बाबु नेपाली छ, आमा विदेशी छ । बच्चाले वंशजको आधारमा नागरकता प्राप्त गर्ने कारण के? बाबु नेपाली नागरिकता भएको कारणले । यो विभेद संविधानले स्वीकार गर्छ जस्तो मलाई लाग्दैन । संविधानले यसो भन्न खोजेको छ जस्तो मलाई लाग्दैन । संविधानको धारा ३८ मा यो लिङ्ग विभेद उल्लेख छैन । महिलालाई सम्मानजनक बाँच्न पाउने अधिकार, समानजनकको अधिकार, नेपाली नागरिकले प्राप्त गर्ने सम्पूर्ण अधिकार महिलाहरूले प्राप्त गर्ने कुराहरू त्यसमा उल्लेख छन् । यसो भएको हुनाले वंशजको आधारमा रहेको यो कानुन अथवा यो विधेयकसमेत अहिले हामीले यसमा कुरा उठाइरहेका छौं । विभेद गर्न हुँदैन भन्ने कुराहरू हामीले उठाइरहेका छौं । र यो विभिन्न चरणमा विभिन्न खाले प्रावधानहरू यसमा उल्लेख भएको पाइन्छ ।

२००९ सालमा जब यो पहिलोपटक नागरिकताको सवाल उठ्यो त्यति बेर नेपालमा विदेशीले पनि बिहे गरेर, विदेशी महिलाले बिहे गरेर आएपछि अथवा विदेशीले बिहे गरिसकेपछि नागरिकता विधिवत् रूपमा विवाह गरेको, त्यहाँको पद्धतिअनुसार, नियमानुसार विवाह गरिसकेपछि उसले वंशजको आधारमा नागरिकता प्राप्त गर्ने जुन प्रावधान थियो पछि फेरि २०१९ सालमा यसलाई फेरि उल्लेख गरियो । र २०२० सालमा फेरि विधेयकको रूपमा अगाडि ल्याइयो । संविधान संशोधन गरियो । यसमा पितृत्वलाई बढी महत्त्व दिँदै गइएको छ । र त्यसपछि आएर यो निरन्तर चाहे वंशजको आधारमा होस्, चाहे जन्मसिद्धताको आधारमा होस्, चाहे अङ्गीकृतताको आधारमा होस् यो नागरिकता महिला र पुरुषको बिचमा अत्यन्तै विभेद गरिएको अवस्था छ ।

यो अङ्गीकृतको सवालमा एकदम गम्भीर विषयहरू पूर्व माननीयज्यूहरूले पनि उठाउनुभएको छ । नेपाली महिलाबाट नेपाली नागरिकता प्राप्त गरेको नेपालकी छोरीले जन्माएको सन्तानलाई यदि उसको बुवाको अथवा बुवाको बारेमा बुवा विदेशी छ भने पनि बुवा को हो भन्ने उसले प्रमाणित गर्नुपर्ने । उसले मैले नेपाली नागरिक म हुँ । मैले मेरो बच्चालाई वंशजको आधारमा नागरिकता दिन्छु भन्ने उसले पाउँदिन । विदेशी बाबु छ भने विदेशी बाबुबाट जन्मेको सन्तानले विदेशको नागरिकता लिएको छुइनँ । मैरै बाबुले लिएको छैन । विभिन्न खाले त्यहाँ सर्तहरू राखेर जुन प्रावधानहरू राखिएको

छ यो चैं अत्यन्तै गम्भीर विषय हो । बाबुको टुङ्गो नलाग्दा, बाबु टुङ्गो नलागेको अवस्थामा जुन नेपालको नागरिकता वंशजको आधारमा नागरिकता दिइन्छ पछि बाबुको टुङ्गो लागिसकेपछि विदेशी छ भने उसलाई फेरि नेपाली नागरिकता प्राप्त गरेको, वंशजको आधारमा नागरिकता प्राप्त गरेकोलाई फेरि अङ्गीकृतमा परिणत गर्दा त्यो बच्चामा पनि एक खालको उसको मनोविज्ञानमा पनि असर पर्ने र आमाको पनि जुन अधिकार हो, आमाको जुन आत्मसम्मान हो त्यसमा पनि ठेस पुग्ने भएको हुनाले यो अङ्गीकृत नागरिकताका सवालमा महिला र पुरुषको बिचमा गरिएका विभेदहरूलाई समान रूपले हेर्नुपर्छ भन्ने कुराहरू हामीले यसमा उठाउका छौं ।

र अर्को कुरा यो नागरिकताकै सवालमा हामीले एउटा आमाले एउटा बच्चा जन्माउँछे । ऊ विविध कारणले जन्मिएको हुन्छ सन्तान । उसको बलात्कारले होस् अथवा विदेशमा गएर कामको सिलसिलामा विदेशमा गएर विविध कारणले गर्भवती भएको अवस्था होस्, नेपालमा बाध्यताले फर्किएको होस् हो त्यतिबेर उसले बाबुको पहिचान दिन नसक्दा विदेशी हो आशङ्कामा जुन बच्चामाथिको समस्याहरू सिर्जना हुन्छ त्यसमाथि पनि पुनर्विचार गर्नुपर्ने हामी महसुस गरेका छौं ।

र अर्को कुरा म यिनै विषयहरूमा नागरिकतालाई हामीले सहज नबानाऊँ । ३, ४ ओटा कुराहरू हामीले बारम्बार उठाउने गरेका छौं । एउटा कुरा होः- यो अङ्गीकृत नागरिकता । जुन नेपाली पुरुषले महिलालाई विवाह गरेर ल्याएपछि ल्याउनेबित्तिकै नागरिकता दिने अथवा महिलाले बिहा गरेर कोही विदेशी पुरुष आउँछ भने उसलाई नागरिकता दिने अथवा नदिने भन्ने सवालमा पनि २ खालको प्रावधानहरू नराखौं । केही समय हामीले उहाँहरूलाई प्रतिक्षा गर्न लगाऊँ । केही समय पर्खिन लगाऊँ । राष्ट्रियता भन्ने कुरो के हो भने त्यहाँ बसेर त्यो देशको माटोसँग भिजेर त्यो देशप्रति प्रेम गर्ने अथवा त्यो देशको लागि एउटा समर्पित भावनाको विकास गर्ने र केही समय पर्खिसकेपछि त्यो नागरिकताको पनि केही महत्त्वहरू हुने भएको कारणले गर्दाखेरि केही समयको प्रावधान हामी राख्नुपर्छ भन्ने हामीलाई लागेको छ । मलाई लागेको छ खास गरी । नेपाली महिलाले विदेशी पुरुषसँग विवाह गरेर आए पनि स्वदेशी पुरुषले विदेशी महिला विवाह गरेर ल्याए पनि एक समान रूपमा राखौं । र ५ वर्ष, ७ वर्षको एउटा अस्थायी नागरिकताको व्यवस्था हामीले गरिदिनुपर्छ र उहाँहरूलाई अरू सम्पूर्ण क्षेत्रमा अधिकारहरू दिने, सबै सुविधाहरू लिन सक्ने मात्रै राजनीतिक र प्रशासनिक क्षेत्रमा चैं उहाँहरूलाई तत्काल हामीले कुनै व्यवस्था गर्न अहिले हुँदैन भन्ने कुराहरू हो ।

अर्को, गैरआवासीय नेपालीहरूको सवाल उठेको छ । यो निकै लामो समयदेखि यी कुराहरू उठिरहेका छन् । विविध कारणले कामका सिलसिलामा अरू देशहरूमा गएर उनीहरूले काम गर्नुपर्ने, पढ्नुपर्ने अथवा केही इलमहरू गरिरा' छन् । अरू देशमा गएर उनीहरूले आफ्नो कर्म थलो बनाइरहेका छन् । तर उनीहरू नेपालमा केही गर्न चाहन्छन् । लगानी गर्न चाहन्छन् । म नेपालमा केही गर्छु । मेरो आफ्नो मातृ देश हो । म जन्मेको देश हो । मेरो देश हो भनेर उनीहरूले चाहन्छन् भने उनीहरूलाई गैरआवासीय नेपाली नागरिकता दिने सवालमा हामीले कन्जुस्याइँ गर्नुहुँदैन । त्यसलाई सहज ढङ्गले हामीले नागरिकता प्रदान गर्नुपर्छ भन्ने कुराहरू हामीले उठाउनुपर्छ । र यी विषयमा खास गरी अहिले हामीले गम्भीर भएर हेर्नुपर्ने कुरा भनेको अङ्गीकृत नागरिकताका सवालमा र महिला र आमा र बच्चाले बाबुको बारेमा जुन स्वघोषणा गरेर जुन कुराहरू स्वघोषणाका सवालहरू हामीले राखेका छौं । यसले चैं आमालाई र त्यो जुन बच्चा नागरिकता लिने, नागरिकता लिनुपर्ने जुन नेपाली बच्चा हो अथवा त्यो साबालक भइसकेको अवस्थामा त्यसले चैं उसको स्वाभिमान उसभित्र आउने एक खालको मनोविज्ञानमा असर पर्ने भएको कारणले यो के हो भने नेपाली आमाबाट जन्मिएपछि बाबुको बारेमा धेरै क्वोइसनहरू नगरौं । नेपाली बाबु छ, नेपाली आमा छ । त्यो वंशजको आधारमा भयो । नेपाली आमा छ । उसले सन्तान जन्माइ । विदेशी बाबु छ तर उसले सन्तान जन्माई भनेदेखि यदि पुरुषले पनि विदेशी महिलाबाट जन्माएको बच्चा पनि अङ्गीकृत हुन्छ भने महिलाको पनि अङ्गीकृतै राखौं । होइन भनेदेखि दुवैलाई वंशजको आधारमा हामीले नागरिकताको व्यवस्था गर्नुपर्ने हुन्छ । र अङ्गीकृतको बारेमा चैं यसरी बाहिरबाट आएर बसोबास गर्नेहरूलाई अङ्गीकृत नागरिकताको व्यवस्था गर्नुपर्छ भन्ने मलाई मेरो आफ्नो व्यक्तिगत रूपमा यो पनि एउटा सदनसमक्ष राख्न चाहन्छु ।

र हाम्रो जुन ६ खालका नागरिकताहरू छन् यी नागरिकताका बारेमा विभिन्न चरणहरूमा यी विभिन्न संशोधनहरू हुँदै आएको हुनाले अहिलेको सन्दर्भमा फेरि पनि हामी राष्ट्रिय सहमतिविना राष्ट्रिय सहमति नगरीकन आम रूपमा यो प्रतिपक्षलाई समेत बेवास्ता गरेर एक ढङ्गले आफूले पेलानको रूपमा यस्तो गम्भीर विषयलाई चैं वर्तमान सरकारले अगाडि बढाउनुहुँदैन भन्ने मलाई लागेको छ । यसरी हामी यो नागरिकताका बारेमा धेरै कुराहरू उठाइरहेका छौं । यसरी यो नेपालको नागरिकतालाई हामीले नेपालको नागरिकताको महत्त्व झल्काउने गरी त्यो खालको विधेयक ल्याऊँ । त्यो खाले हामीले

संविधानमा संशोधन गरौं । र राष्ट्रपतिज्यूले जुन सन्देश दिन खोज्नुभएको छ, जुन सन्देशमार्फत हामीलाई पुनर्विचार गरियोस् भनेर हामीलाई सन्देश पठाउनुभ'को छ त्यसमा चैं सम्पर्ण कुराहरू उल्लेख हुन् भन्ने कुराहरू म सदनको ध्यान आकर्षण गर्न चाहन्छु । र आम नेपालीहरूलाई पनि म के भन्न चाहन्छु भने यो देशमा हामी नागरिकताविहीन भएर नेपालीहरूलाई राख्ने भन्ने पक्षमा कोही पनि छैनौं ।

सबै नेपालीहरूले नागरिकता पाउनुपर्छ । अगि पूर्ववक्ता एक जना माननीयज्यूले भन्नुभो' भारतबाट यसरी मान्छेहरू ख्वारख्वारी आउँछन् त यहाँ । भारतीयहरूलाई इङ्कित गरेर नागरिकता नदिने भन्ने कुराहरू तपाईंहरूले उठाइरहनुभएको छ भन्ने कुरा माननीयज्यूले उठाउनुभयो । त्यो सवालमा हाम्रो कुरा होइन । भारतलाई मात्र हेरेर हामीले यी कुराहरू उठाइरहेका छैनौं । हामी समग्र अरू अरू देशबाट पनि यहाँ आएर बसोबास गरेर अथवा नागरिकता लिने प्रावधानअनुसार गलत तरिकाबाट सजिलै नागरिकता प्राप्त गर्ने प्रावधान हुँदाखेरि भरे ती विभिन्न मुलुकबाट आएका मानिसहरूबाट हुने गतिविधिहरू उसले हातमा नागरिकता लिइसकेपछि त उसले गरेका गतिविधिहरू त नेपालीले गरेको हुन्छ नि त । तसर्थ, यो नेपाली नागरिकता दिँदाखेरि धेरै कुराहरूमा हामीले होस् गर्नुपर्छ । राष्ट्रियलाई, राष्ट्रलाई गम्भीर असर पर्ने खालका, भोलि राष्ट्रलाई चुनौतीहरू थपिने खालका निर्णयहरू गरेर त्यो खालको निर्णयका आधारमा नागरिकताहरू दिँदा भोलि यो देशले जवाफ दिनुपर्ने हुन्छ । आज हामीले गरेका निर्णयहरूले भोलिका सन्ततिहरूलाई अप्ठ्यरो पार्ने वातावरण हामीले बनाउनुहुँदैन ।

हामी सानो मुलुक छौं । हाम्रा देशमा जनसङ्ख्या  छेउछाउका मुलुक राष्ट्र छिमेकी राष्ट्रको भन्दा थोरै जनसङ्ख्या भएका मुलुक हौं हामी । त्यो देश हौं हामी । जनसङ्ख्याको हिसाबले पनि, देशको हिसाबले पनि हामी सानो अवस्थामा रहेका छौं । तसर्थ, यो सङ्ख्या र यो देशको भौगोलिक बनाओटाई मध्यनजर गर्दै हामीले राष्ट्रको सुरक्षाको निमित्त, भोलिका अप्ठ्याराहरूबाट जोगिनको निमित्त आजैदेखि दूरदर्शी तरिकाले निर्णय गरौं । दूरदर्शी भएर सोचौं । दूरदर्शी तरिकाका निर्णयहरू गरौं । जसले भोलि पछुताउनु नपरोस् भन्ने कुराहरू हामीले हेक्का राख्नुपर्छ । तसर्थ, म सम्माननीय अध्यक्ष महोदयमार्फत यो सदनमा रहनुभएका, प्रतिनिधि सभाका सदनमा रहनुभएका माननीय सांसदहरूलाई नागरिकताका बारेमा जुन हामीले बहस चलाइरहेका छौं, जुन हामीले छलफल गरिरहेका छौं तपाईंहरूको साँच्चै छातीमा हात राखेर भन्नुस् त तपाईंहरूले के निर्णय भा'को छ? यो सबै ठिक छ त? जुन तरिकाले तपाईंहरूले यो विधेयकलाई अगाडि

बढाइरहनुभएको छ के यो ठिक छ त? यो साँच्चै यो सहज र साँच्चै सजिलो, साँच्चै राम्रो नजिर बन्छ त यसले? असल नजिर बन्छ यसले? भन्दा पक्कै पनि यसले असल नजिर नबनाउने तरिकाले हामी अगाडि बढिरहेका छौं । यसर्थ यो नेपालको नागरिकतासम्बन्धी जुन एकदम ठुलो बहस हामीले गर्नुपर्ने आवश्यकता छैन ।

यहाँ भएका ३, ४ ओटा बुँदाहरूमा हामी गम्भीर हुने हो भने ३, ४ ओटा बुँदालाई गम्भीरतापूर्वक लिने हो भने ती ३, ४ ओटा बुँदालाई हामीले दूरदर्शी तरिकाले विश्लेषण गर्ने हो भने हामी यसलाई यति धेरै ठुलो मुद्दाको रूपमा, इगोको रूपमा हामीले लिनुपर्ने आवश्यकता होइन । नेकपा एमाले पनि र यो सदनमा रहनुभएका सम्पूर्ण सांसदहरूको सबैको एउटै लक्ष्य हो । एउटै लक्ष्य भनेको नागरिकता नेपालीले पाउनुपर्छ । जसले नागरिकता पाउनुपर्छ भन्ने हो । तर मात्रै के हो भने नागरिकता पाउने प्रावधानहरू कस्ता कस्ता राख्ने भन्ने बारेको मात्रै बहस हो । यसमा अङ्गीकृत नागरिकताको सवालमा हाम्रो अलिकति भिन्न धारणा रहेको हुनाले यस सम्बन्धमा वर्तमान सरकार अथवा सदन अलिकति गम्भीर होस् र त्यतातिर विशेष ध्यान दिओस् । आगामी दिनमा देशलाई अप्ठ्यारो नपरोस् । देश सङ्कटमा नपरोस् । अगिल्लो पुस्ताले गरेका निर्णयहरूले आउँदा पुस्ताहरूले दुःख नपाउन् । र जटिलतातिर हामी धकेलिँदै हामी नजाऊँ भन्ने कुराहरू यो सदनसमक्ष राख्दै म बिदा हुन्छु । हवस् त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सोनाम गेल्जेन शेर्पा ।

(बस्नुस् माननीयज्यू ।)

माननीय सोनाम गेल्जेन शेर्पा ।

**<u>माननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, मैले छोटो कुरा उठाउन चाहें । यो जुन किसिमले नागरिकता विधेयक आ'को छ सरकारले के कुरा खोज्नुपर्छ भन्दाखेरि नागरिकताको स्थायी समाधान खोज्नुपर्छ । जहिले पनि नागरिकतासम्बन्धी विवाद भइरहने । जहिले पनि हामी समाधान गरिरहने । यो कति वर्षसम्म गइरहने त यस्तो? हरेक देशमा नागरिकता विधेयकहरू आउँछ । त्यसले राष्ट्रको समाधान गरेको हुन्छ । त्यसले स्थायी समस्याको समाधान गरेको हुन्छ । तपाईं इन्डियामा हेर्न जानुस्, अमेरिका हेर्न जानुस्, कुनै पनि

देशमा हेर्न जानुस् त्यहाँ नागरिकतासम्बन्धी कुनै पनि प्रश्नवाचक चिह्नहरू उठ्दैन । त्यो समस्याको समाधान भइरहन्छ । त्यो कानुनले एड्रेस गरिरा'को हुन्छ । तर हामी एक वर्षमा नागरिकसम्बन्धी केही विषयवस्तुहरू ल्याउँछौं । त्यसलाई समाधन गर्न खोज्छौं । फेरि अर्कोचोटि अर्को मुद्दा आउँछ । त्यसलाई समस्याको समाधान गर्न खोज्छौं । यो निरन्तर रूपमा चल्यो भने हाम्रो समस्याको समाधान चैं कहिले हुन्छ? मैले यहाँ भन्न खोजेको कुरा के हो भन्दाखेरि यो सबै नागरिकताको विषयलाई जहिले पनि यहाँ हामीले सदनमा उठाउँछौं । सरकारले उठाइन्छ । यो तराइलाई नै इङ्गित गरेर उठा'को हुन्छ । राष्ट्रियताको सवालमा कुरा गर्दा तराईसँग जोडिएको हुन्छ । सबै कुरा जोडिएको हुन्छ । तर आज मलाई भन्न मन लाग्यो पहिला हाम्रो प्रतिनिधिहरू थिएन । केही थिएन । यो त तराईको मात्र समस्या नभएर नेपालको पूर्वदेखि पश्चिमसम्म भ'को हिमाली क्षेत्रको पनि एउटा समस्या यो नागरिकतामा देखिरा'को छ । योसम्बन्धमा सरकार मौन छ ।

विगतमा जन्मको आधारमा नेपाली नागरिकता प्राप्ति भनेर २०४६ साल चैत मसान्तसम्म नेपालमा सरहदभित्र जन्म भई नेपाली स्थायी रूपले बसोबास गर्दै आएको व्यक्ति जन्मको आधारमा नेपाली नागरिक हुने छ । उपधारा (२) (१) बमोजिम नागरिकता प्रमाणपत्र प्राप्त गर्न चाहने व्यक्तिले संविधान सभाको निर्वाचन हुनुअगावै निवेदन दिने र नागरिकताको प्रमाणपत्र गर्ने व्यवस्था तोकिएबमोजिम हुने छ भनेर यहाँ स्पष्ट व्यवस्था गर्या रैछ । र उपदफा (३) (२) बमोजिम समय अवधिभित्र विशेष कारण निवेदन दिन नसक्ने व्यक्तिले यो ऐन प्रारम्भ भ'को मितिले २ वर्षभित्र तोकिएबमोजिम निवेदन दिन सक्ने छ भनेर चैं त्यस बेला तराईमा नागरिकता बाँडियो । तर पहुँचको आधारमा, यातायातको कठिनाइले यता उति गरेर गोठमा बस्ने हिमाली क्षेत्रका ती यो अवस्थामा नागरिकता पाउने मान्छेले आफ्नो पहुँच प्रशासनसम्म नि पुर्याउन नसक्ने, चार, पाँच दिन हिडेर जिल्लासम्म जान नसक्नेले चैं सूचनाबाट उनीहरू वञ्चित भयो । उनीहरूले यो कानुनको ज्ञान राख्न सकेन । ती वञ्चित भ'का व्यक्तिहरूलाई पनि कस्तो खालको चैं प्रावधान राखेर नेपालले नागरिकता दिने भन्ने कुरा प्रावधानमा हुनुपर्यो । यो तराईको मात्र समस्या होइन ।

सबैभन्दा राष्ट्रवादी को हो भन्दाखेरि तराईमा बसेर ४५ डिग्री खपेर त्यहाँको सीमा सुरक्षा गर्ने राष्ट्रवादी हो । पहाडमा -25 डिग्रीमा, -25 डिग्रीमा कठ्याङ्गरेर बसेर, चौरी चराएर बसेर त्यो हिमाली क्षेत्रको पिल्लरहरू हेर्ने ती राष्ट्रवादी हो । हामी त यहाँ

राष्ट्रवादको नाममा चैं यहाँ कुरा गरिरा'का छौं कि यहाँ भाषण गरिरा'का छौं । तर राष्ट्रवादी कहाँ छ भन्दाखेरि यो सीमामा बस्ने मान्छेहरूकोमा छ । तराईमा बस्नेहरूको मा छ । हिमालमा बस्ने मान्छेहरूको मा छ । त्यसको सम्बोधन किन हुन सक्दैन? यो सरकारले किन सम्बोधन गर्न सक्दैन? त्यसकारण यति भन्दाभन्दै पनि म यहाँ केही कुराहरू राख्न चाहन्छु । के कुरा राख्न चाहन्छु भन्दाखेरि हामीले एउटा विचार गरौं अहिले जुन किसिमले राष्ट्रपतिज्यूबाट संवेदनशील भएर यो विषयमा, नागरिकको विषयमा राष्ट्रपतिले तार्किक रूपमा धेरै विचार विमर्श गरेर जुन किसिमको सन्देश यहाँ पठाउनुभ'को छ यस विषयमा हामी किन छलफल गर्न चाहँदैनौं? राइट छ भने राइट छ भनेर हामी किन छलफल गर्न चाहँदैनौं? रङ र छ भने रङ छ भनेर हामी किन छलफल गर्न चाहदैनौं? यस विषयमा पनि सरकारको ध्यान आकृष्ट हुनुपर्यो ।

जसरी अङ्गीकृतको विषयमा, वैवाहिक अङ्गीकृतको विषयमा मलाई के लाग्छ भन्दाखेरि समय सीमा नतोकौं । तर यहाँ प्रावधान के भन्या छ भने कुनै विदेशी केटी नेपालमा आएर कुनै नेपालीले बिहा गरेको खण्डमा उसले उताको देशको नागरिकता छाडेको निस्सा पेस गरेमा भन्या छ । त्यसलाई हामीले बदल्न सक्दैनौं? त्यो देशको नागरिकता छोडेको प्रमाण पेस गरेमा मात्र भनेर हामीले गर्न सक्दैनौं? त्यसले समाधान निस्किदैन? हामीले दुई दिन पर्ख, चार दिन पर्ख भनेर भनिरहनुपर्छ? तर दोहोर नागरिकता हाम्रो संविधानले व्यवस्था गरेको छैन । यो अवस्थामा दोहोरो नागरिकता धेरै बढ्ने प्रवल सम्भावना हुन्छ । यो तराईको मात्र समस्या होइन । यो हिमालको मात्र समस्या हैन, यो देशको पनि समस्या हो । अब हेरिराखुस् यो सरकारले हेरिराखुस् अर्को वर्षदेखि यो नागरिकताको प्रावधान सुरु भइसकेपछि इमानदार बुहारीहरूलाई, इमानदार मान्छेहरूलाई, इमानदार देश भक्तहरूलाई नागरिकता दिने कुरामा हाम्रो कठिनाइ होइन । हाम्रो प्रश्न वाचक चिह्न होइन । तर समस्या कहाँतिर हो भने भोलि यो नागरिकताको प्रावधान रहिसकेपछि यहाँ कति जनाले बिहा गर्छ, कति जना डिभोर्स हुन्छ भन्ने तथ्याङ्क हेर्नुस् । त्यो तथ्याङ्कबाट देखाउँछ कि नेपालमा गैरकानुनी नागरिकता कति बन्छ भन्ने कुरा त्यहाँबाट देखाउँछ । यहाँ तराई बासीको कुरा मात्र होइन । इन्डियाको कुरा मात्र होइन । तर यहाँ नेपालमा बस्ने यति सजिलो प्रावधान राखिसकेपछि नक्कली बिहा गरेर यहाँ नेपालमा चैं ६ महिना रहनुपर्यो भने पनि, सात महिना रहनुपर्यो भने पनि, दुई वर्ष रहनुपर्यो भने त्यस्तो खालको परिस्थिति सिर्जना हुन्छ । नेपालीले कति ओटा बिहा गर्न पाउने भन्ने केही कानुनी प्रावधान छ? डिभोर्स गर्यो भने जति पनि बिहा गर्न

पाइन्छ । त्यसकारणले यो कुरामा चैं यो जुन दफा छ त्यो आकृष्ट हुन्छ । त्यसले हाम्रो व्यापारदेखि लिएर रहन सहनदेखि लिएर संस्कृतिदेखि लिएर ..... ठुलो सम्भावना म देख्दछु । यस विषयमा म सरकारको ध्यान जाओस् भनेर म भन्न चाहन्छु ।

अर्कोतर्फ संविधानको संरक्षण गर्ने को हो भन्दा राष्ट्रपति हो । राष्ट्रपति भ'को हैसियतले राष्ट्रपतिले सम्माननीय राष्ट्रपतिज्यूले जुन किसिमले संविधानलाई एड्रेस गर्नको लागि जुन किसिमको सन्देश पठाउनुभ'को छ यो नागरिकता विधेयकसम्बन्धी सन्देश पठाउनुभ'को छ यसलाई पुनर्विचार गरियोस् भनेर राखिएको छ । हामी उहाँहरूको सम्मान किन नगर्ने? यसतर्फ पनि सरकारले सोच्नुपर्छ । हामी राजनीतिक गर्दै छौं । कोही राष्ट्रपति हुन चाहिर'का छौं । कोही प्रधानमन्त्री हुन चाहिरा'को छौं । तर आज त्यही पदलाई हामी अपमान गरिरा'का छौं । त्यही पदको अब हामी अपहेलना गरिरा'को छौं । हामी किन राष्ट्रपति हुन चाहने त त्यसो भए? त्यो अपमान हुने पदको किन चैं राष्ट्रपति हुन चाहने? किन प्रधानमन्त्री हुन चाहने? त्यसकारण यहाँ हुने माननीयज्यूहरू म गृह मन्त्रीज्यूलाई पनि आह्वान गर्न चाहन्छु भोलि तपाईं पनि त्यही ठाउँमा बस्नुहुन्छ । तपाईं अध्यक्ष हुनुहोला, प्रधानमन्त्री हुनुहोला त्यो ठाउँको अपमान गरिसकेपछि तपाईंलाई कस्तो लाग्छ? सम्मानमा चोट पुग्दैन? त्यसकारण आफ्नो सम्मानको लागि पनि यो राष्ट्रपतिको जुन किसिमको सम्मानीय राष्ट्रपतिज्यूको सन्देश छ त्यसलाई हामीले एड्रेस गर्न जरुरी छ ।

अर्को हामीले जुन किसिमले यो जुगाँको लडाइँ गरिरा'को छौं यसले हाम्रो राष्ट्रियता कहाँ पुर्याउँछ? हाम्रो देश कहाँ पुर्याउँछ? यसतर्फ पनि राष्ट्रको ध्यान हुन जरुरी छ । तर हामी आज टाउको टाउको भनेर कानुन बनाउँदै छौं । हाम्रो अलिकति नैतिकता छैन? हामी हिजो एउटा प्रतिनिधि सभामा एउटा विधानमा छलफल गरेर राज्य व्यवस्था समितिले छलफल गरेकै त्यही विधेयकलाई ल्याएर अगाडि बढाउन सक्थ्यौं । हाम्रो स्रोत साधन तेत्रो खर्च भो' । तीन, चार वर्ष लागेर त्यहाँ राज्य व्यवस्था समितिमा बसेर हामीले छलफल गर्यौं । राज्यको कति स्रोत साधनहरू खर्च भो' । त्यसमा हामीले अलिकति नैतिकता हामीले पुर्याउनुपर्दैन? अब जनताले के सोच्छ भने फास्ट ट्र्याकमा गर्यो भने त जे पनि हुने रैछ नि त । संविधान संशोधनको प्रस्ताव पनि एकैचोटि दुई दिनमै हुने रैछ, चार दिनमै हुने रैछ । किन समितिहरू चाहियो? एत्रो खर्च चैं किन उसमा गर्नुपर्यो भनेर जनताले प्रश्न गर्दैन? त्यसकारण प्रतिनिधि सभामा जे भो', भो' । तर राष्ट्रिय सभामा आइसकेपछि राष्ट्रिय सभामा जुन किसिमको छलफल भो' एउटा प्रक्रिया

पुर्याइयो । अल्पमत बहुमतमा जे विभाजन भए पनि नभए पनि एउटा समितिमा गयो । विधायन समितिमा गयो । विधायन समितिबाट बहुमतले पारित भएर यहाँ आयो यो प्रस्ताव । त्यसको लागि पनि राष्ट्रिय सभाका अध्यक्षलगायत सम्पूर्ण माननीय सदस्यज्यूहरू, गृह मन्त्रीज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । किनभने प्रतिनिधि सभाभन्दा हामी राष्ट्रिय सभा अलिकति परिपक्व छौं भन्ने कुरा यो एउटा म्यासेज चैं नेपालभरि ग'को छ । यसको लागि पनि आभार व्यक्त गर्दछु ।

र अन्तमा यो नागरिकता विषय अलि संवेदनशील भएर सोचौं । स्थायी समस्याको समाधान गरौं । स्थायी समस्याको समाधान गरेन भने यो नागरिकता विधेयकलाई स्थायी समाधन गरिएन भने फेरि भोलि अर्को तर्क उठ्ने छ । अर्को विषयमा उठ्ने छ । त्यसकारण गृह मन्त्रीज्यू अब त तराईलाई मात्र सम्बोधन गर्न नलागौं । उत्तरितर हिमाल पनि छ, सगरमाथा पनि छ । त्यहाँतिर पनि सम्बोधन गर्नेतिर यो नागरिकता विधेयकलाई ध्यान पुगोस् । यहाँतिर पनि नागरिकता विधेयकले चैं सम्बोधन गरोस् भन्ने अपेक्षाका साथ म आफ्ना कुरालाई यहीं टुङ्ग्याउँछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय जितेन्द्र नारायण देव ।

**<u>माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अहिले हामी नेपाली नागरिकता (पहिलो संशोधन), २०७९ विधेयकमाथि छलफल गरिराखेका छौं । यो छलफल गर्ने क्रममा मैले एउटा केही वर्षअगाडि यो देशको एउटा प्रधानमन्त्री भइसकेको ठुलै पार्टीको राष्ट्रिय अध्यक्ष पनि भइसकेको एउटा कम्युनिष्ट नेताले मलाई भन्नुभएको कुराबाट म आफ्नो कुरा अगाडि बढाउन चाहन्छु । उहाँले मलाई यो छ, सात वर्षअगाडिको कुरा हो । जति बेला संविधान सभा जति बेला थियो र हामी संविधान बनाउन लागी परेका थियौं । त्यति बेला विभिन्न विषयहरूमा डिस्कोर्स भइराखेको थियो, छलफल, विमर्श भइराखेको थियो, अन्तरक्रिया भइराखेको थियो । हामी सबैलाई था' भएकै कुरा हो । त्यति बेला त्यही सिंहदरवारभित्रको राज्य व्यवस्था समितिको हलमा एउटा कोठामा मेरो हात समातेर एउटा कोठामा लगेर त्यो नेताले मलाई भन्नुभा' थियो यो बडा सान्दर्भिक छ, सम्माननीय अध्यक्ष महोदय । जितेन्द्रजी हामीले आगोसँग, पानीसँग, जातिसँग, भाषासँग, संस्कृतिसँग धेरै खेल्नुहुँदैन । यी

विषयहरूको बारेमा छलफल गरिरहँदा बडो सन्तुलित भएर, बडो संवेदनशील भएर एउटा सीमाभित्रै बसेर छलफल गर्नुपर्छ र निष्कर्ष दिनुपर्छ । त्यसले नै हाम्रो मुलुकको राष्ट्रियतालाई बलियो गर्छ । त्यसले नै हाम्रो मुलुकको क्षेत्रिय एकतालाई बलियो गर्छ ।

र त्यसले नै हाम्रो मुलुकको समग्रमा आन्तरिक राष्ट्रवादलाई बलियो गर्छ । किन भन्दाखेरि हाम्रो मुलुकमा त्यो नेताले मलाई भन्नुभ'को थियो मलाई लाग्छ त्यो सही कुरा थियो । कि हाम्रो मुलुकमा हाम्रो मुलुक कुनै दुर्घटनामा गयो भने राष्ट्रिय अखण्डताको हिसाबले भौगोलिक अखण्डताको हिसाबले दुर्घटनामा गयो भने त्यसको कारण बाह्य कारण हुँदैन । बाह्य कारणले कुनै अन्य मुलुकले हामीलाई आक्रमण गरेर हाम्रो राष्ट्र सिद्याइदिने त्यो सम्भावना म कम देख्छु जितेन्द्रजी । बढी सम्भावना देशभित्रकै हामी बहुसंस्कृतिक, बहुजातीय, बहुभौगोलिक विशेषता भएको हाम्रो समाज हो । यदि हामी आफ्नो देशभित्रको नेपाली नागरिकतहरूको विभिन्न जाति र समुदाय र सांस्कृतिक समूहहरूको विशिष्टतालाई र विशेषतालाई नेपालका राजनीतिक पार्टीहरूले राम्रोसँग मनन गर्न हामी सकेनौं र बुझ्न सकेनौं भने त्यसले हाम्रो मुलुकलाई दुर्घटनामा पार्न सक्छ यो कुरा मलाई भन्नुभा' थियो ।

र मलाई लाग्छ आज हामीले जुन ढङ्गले आज यो नागरिकताको विधेयकमा सम्माननीय अध्यक्ष महोदय, जुन ढङ्गले डिस्कोर्स भइराखेको छ यो सङ्घीय संसदभित्र मात्रै होइन सङ्घीय संसदबाहिर पनि जसरी डिस्कोर्स भइराखेको छ र यो मुलुकका केही ठुला पार्टीका ठुलै नेताहरूले र केही शीर्ष नेताहरूले समेत जुन ढङ्गले केही आपत्तिजनक र कुनै संस्कृति विशेषलाई, कुनै जाति विशेषलाई, कुनै भुगोल विशेषलाई बाण लाग्ने गरी, तिर घोचिने गरी, पीडा हुने गरी जुन अभिव्यक्ति भइराखेको छ त्यसले नेपालको राष्ट्रियतालाई बलियो गर्दैन सम्माननीय अध्यक्ष महोदय । यो कुरा म नेपालका शीर्ष नेताहरूलाई र ठुला पार्टीका ती नेताहरूलाई जो त्यसरी पेस भइराख्नुभा' छ उहाँहरूलाई त्यो ढङ्गले पेस नहुनुहोस् भनेर म आग्रह गर्न चाहन्छु नं. १ ।

नं. २ सम्माननीय अध्यक्ष महोदय, यो मेरो आक्षेप पनि होइन टिप्पणी मात्रै हो । यो सिभिएर क्रिटिसिजम पनि होइन । यसलाई ठुलो आलोचनाको रूपमा पनि म लिन चाहन्नँ । मेरो क्वोइसन मात्रै हो र टिप्पणी मात्रै हो । कि आज जुन ढङ्गले देशको प्रमुख प्रतिपक्षले र प्रमुख प्रतिपक्षसँग जोडिएका केही बुद्धिजीवीहरूले, केही माननीय सांसदज्यूहरूले र केही अन्यले पनि यो वैवाहिक अङ्गीकृतको विषयलाई, यो वैवाहिक अङ्गीकृको विषयलाई अहिले मुख्य रूपमा सङ्घीय संसदभित्र र सङ्घीय संसदबाहिर

पनि वैवाहिक अङ्गीकृतको विषयलाई आवश्यकताभन्दा बढी ओभर पोलिटिसाइजेसन अध्याधिक राजनीतिकरण गरेर पुरै राजनीतीकरण गरेर जुन ढङ्गले अगाडि बढाइराखेको छ जो कि राजनीतिको विषय यो होइन । राजनीतिसँग जोडिएर अगाडि जानुपर्ने विषय होइन यो । चुनाउको जोड घटाउसँग राजनीतिसँग जोडिएर बहस हुन गयो भने यो वैवाहिक अङ्गीकृतको विषय र तीसँग जोडिएका अन्य विषयहरू पनि ती विषयहरूलाई हामीले एउटा सेफ ल्यान्डिङ दिन सक्दैनौं । जेन्युनली ल्यान्डिङ दिन सक्ने स्थिति बन्दैन । त्यो आग्रह र पूर्वाग्रहलाई इन्भाइट गर्छ । र त्यो आग्रह र पूर्वाग्रहबाट निर्देशित भएर, दबित भएर यदि हामी अगाडि बढ्यौं भने यो विषयले हामीले सदा सदाको लागि सबैलाई चित्त बुझ्ने गरी समाधान दिन सक्दैनौं ।

त्यसकारण मैले तीनटा मेरा कुराहरू म टिप्पणीको रूपमा क्वोइसनको रूपमा म राख्न चाहन्छु । आज वैवाहिक अङ्गीकृतको विषयलाई यसरी उछालिराखेको प्रमुख प्रतिपक्ष जति बेला आदरणीय नेता केपी ओलीको नेतृत्वको सरकार थियो झन्डै झन्डै दुई तिहाइ बहुमतको सरकार । २०७५ सालमा उहाँले, त्यो सरकारले विधेयक पेस गर्‍यो प्रतिनिधि सभामा । यदि वैवाहिक अङ्गीकृतको सवाललाई रिभ्यू गर्नुपर्ने थियो र अहिलेका एक्जिस्टिङ संवैधानिक व्यवस्था र कानुनी व्यवस्थाले वैवाहिक अङ्गीकृतसम्बन्धी अहिलेको प्रचलित कानुनी र संवैधानिक व्यवस्थाले राष्ट्रियतामा खतरा नै ल्याएको थियो । राष्ट्र समाप्त गर्ने यो धारा हो र कानुनी प्रबन्ध हो भने त्यो पार्टीले लाग्या थियो र त्यो ठुलो नेताहरूलाई लाग्या, त्यो पार्टीको ठुलो नेताहरूलाई लाग्य थियो भने त्यो विधेयकमा त्यो नर्मल अवस्थाको त्यो विधेयक, नर्मल समयको त्यो विधेयक, दुई तिहाइ बहुमतनजिकको सरकारको त्यो विधेयकमा वैवाहिक अङ्गीकृतसम्बन्धी व्यवस्था किन परेन? सम्माननीय अध्यक्ष महोदय, यसको जवाफ दिनुपर्दछ । यसको जवाफ प्रमुख प्रतिपक्षले र तत्कालीन प्रधानमन्त्री माननीय केपी ओलीजीले यसको जवाफ नदिउनजेलसम्म यो आरोप रहिरहन्छ कि त्यो पार्टीले नागरिकताको विषयलाई राजनीतीकरण गरिराखेको छ । गलत ढङ्गले ..... न्यासनालिजम; नक्कली राष्ट्रवाद खोक्रो राष्ट्रवादलाई प्रसय दिइराखेको छ भन्ने आरोप लाग्छ । म चाहन्छु त्यो आरोप नलागोस् । त्यो पनि एउटा ठुलो जिम्मेवार पार्टी हो । देशमा डेमोक्रेसी ल्याउनको लागि, देशलाई परिवर्तनको दिशामा अगाडि बढाउनको लागि नेकपा एमालेको पनि ठुलो भूमिका छ । यो कुरासँग म सहमत छु । तर यसको जवाफ नेपाली जनताले खोजिराखेको छ आज कि किन त्यो विधेयकमा परेन वैवाहिक अङ्गीकृतको सवाल? नं. १

नं. २ थोरै बहुत यिनै विषयसँग जोडिएको । यदि त्यो पार्टीलाई लागेकै हो एक हातमा सिन्दुर अर्को हातमा नागरिकता । यज्ञमै नागरिकता दिने, बिहाको यज्ञमै नागरिकता दिने अब यी शब्दावलीहरू जो त्यो लेभलको नेताहरूबाट व्यक्त भइराखेको छ । त्यसले यहीं नेपालभित्रको एउटा संस्कृतिक समूहलाई एउटा समुदायलाई कति पीडा हुँदो हो? यो कुरालाई एकछिन छोड्दिऊँ । त्यो पीडाहरू, भावनातरि म जान्नँ । राजनीतिमा भावनाको कुनै ठाउँ हुँदैन भनौं मलाई धेरै ठुलो गुरुले केही दिनदेखि सिकाइरा' छ । जितेन्द्रजी अब तपाईं भावनामा नजानुस् । भावुक नहुनुस् । राजनीतिमा कहिले काहीं अत्यन्तै नराम्रो कुराहरू पनि हुन्छ । तपाईं राजनीति गर्नुहुन्छ भने तपाईंलाई अत्यन्त चित्त नबुझ्ने कुराहरू अन्याय हुन्छ । तर तपाईं त्यसलाई पचाएर बस्नुस् । त्यसकारणले म त्यो कति पीडा भइराखेको छ जसलाई एक हातमा सिन्दुर र एक हातमा नागरिकता भनेर भनिएको छ, जसलाई त्यो लक्षित गरिएको छ त्यो समुदायलाई कति पीडा हुँदो हो? के एकछिन तपाईं छातीमा हात राखेर कहिले सोच्नुभा' छ तपाईंहरूले? तर खेर छोड्दिऊँ । त्यो कुरालाई म भन्न चाहन्नँ ।

तर के भन्दाखेरि अध्यादेश ल्याउँदाखेरि त्यो अध्यादेशमै पनि वैवाहिक अङ्गीकृत नागरिकताको कुरा त आएन नि । के हो त यदि त्यो विधेयक ल्याउने बेलामा ल मिस भयो रे एकचोटि, मिसै भो', छुट्यो । म मनसायमा म इन्टेन्सनमा प्रश्न गर्दिनँ । तर बारम्बार त हुँदैन नि । दोस्रोचोटि अध्यादेश ल्याउँदाखेरि वैवाहिक अङ्गीकृतको विषय किन छोड्यो त्यो सरकारले? त्यही सरकारले हो नि त । केपी ओली नेतृत्वको सरकारले अध्यादेश ल्याएको थियो नि । अनि त्यस भए खुरुक्क नेपालमा मिडियाहरूले लेखेका पनि छन् । इलेक्ट्रिक प्रवाह विद्युतीय प्रवाह जस्तो सम्माननीय राष्ट्रपति महोदयले चट्ट घोषणा भो' त्यसलाई अथेन्टिकेट गर्नुभो' । त्यतातिर म आउँला, त्यतातिर म आउँला सम्माननीय राष्ट्रपतिज्यूको सन्दर्भतिर म एकछिनपछि आउँछु । तर त्यो अध्यादेशमा किन परेन? किन ल्याएन? यदि यति माया लाग्दो यो वैवाहिक अङ्गीकृतको अहिलेको अवस्थाले यो देशलाई दुर्घटनामै लैजान्छ देश टुक्रा टुक्रा हुन्छ, देश फिजी हुन्छ, सिक्किम बन्छ भनेर भन्ने नेताहरूले त्यो अध्यादेशमा किन वैवाहिक अङ्गीकृतको सवाललाई अगाडि बढाउनुभएन? क्वोइसन मार्क मेरो । त्यसकारण इन्टेनसनमा यो ठाउँमा मैले मनसायमा क्वोइसन गरिरा' छु । तिर कहीं निशाना कहीं । नजर कहीं निशाना कहीं ।

अब तेस्रो कुरा यहीसँग जोडिएको तेस्रो कुरा अहिले केही साथीहरूले के भन्नुभो भन्दाखेरि सम्माननीय अध्यक्ष महोदय, मैले सुनें । यही सुनें । कि बालुवाटारमा चार, पाँच जना नेताहरू बसेर अब यो पुनर्विचारको लागि आइसकेको यो सन्देशको सन्दर्भमा यो विधेयक जुन पुनर्विचारको लागि आयो त्यसलाई जस्ताको तस्तै पास गर्ने निर्णय गर्यो । यो चार, पाँच जना नेताहरू बालुवाटारमा बसेर यसो गर्न मिल्छ? कसले त्यो अधिकार दियो भनेर क्वाइसन तेर्साउनुभो' यहाँ । मेरो पनि त्यस्तै क्वोइसन छ । जस्ताको तस्तै मेरो क्वोइसन छ । कि केपी ओली नेतृत्वको सरकारले विधेयकमा नल्याएको वैवाहिक अङ्गीकृतको विषय २०७५ सालमा त्यो विषयलाई राज्य व्यवस्था समितिभित्र जस्केलाबाट छिराउने अधिकार, जस्केलाबाट छिराउने अधिकार तत्कालीन नेकपाको केन्द्रीय सचिवालयको केही नेताहरू जो सीमामा बस्दै बस्नुहुन्न । जसलाई सीमामा बसेका भरखरै एक जना माननीयजीले बोल्नुभो' । म एकदम हृदयदेखि म धन्यवाद दिन चाहन्छु माननीय शेर्पालाई । उत्तर, पूर्व, दक्षिण, पश्चिम चारैतिरका थोर बहुत डिग्रीमा फरक होला, नम्बरमा फरक होला, क्वान्टिटीमा फरक होला । तर तथ्य के हो? चारैतिरका सीमा । अहिले उत्तरी त्यो आइरन कर्टन जुन उत्तरतिर लाग्या छ, फलामको सीमा जुन लागिएको छ त्यसलाई लुज गर्दिऊँ त । १९५० कै सन्धि जस्तो सन्धि उत्तरसँग पनि हाम्रो भएको भए चाहे जुन डिग्रीमा दक्षिण, पूर्व र पश्चिमतिर सीमा पार वैवाहिक सम्बन्ध हुन्छ उत्तरतिर पनि हुन्थ्यो होला ।

आजैको न्यूज, आजको न्यूजमा सम्मानीय अध्यक्ष महोदय, म भन्दै छु केही गोर्खा जिल्लाको चुमनुब्री गाउँपालिकाका विभिन्न वडाहरूमा तिबेतियन भाषाको बारेमा संस्कृतिको बारेमा पढाउने गरिन्छ । आजै न्यूज आ'को छ । यो खालको सांस्कृतिक एसेटमा, म यसलाई एसेट भन्छु सांस्कृतिक एसेट । सम्पत्ति हो हाम्रो यो । धरोहर हो यो । यसलाई धरोहरको रूपमा च्यालेन्जको रूपमा होइन धरोहरको रूपमा म लिन्छु यसलाई । उत्तरतिर हाम्रो त्यो सम्बन्ध छ । पूर्वतिर सारा पूर्वका हाम्रा नेपाली नागरिकहरूको विवाह नर्थ इस्टमा इन्डियाको नर्थ इस्टमा हुने गरेको छ । दक्षिणतिरको नेपाली नागरिकहरूको, नेपालीहरूको विवाह दक्षिण सीमापारि हुने गरेको छ । पश्चिमतिरका नेपाली नागरिकहरूको विवाह सीमापारि उतरा खण्डमा हुने गरेको छ । खालि एउटा समुदायसँग मात्रै जोडिएको प्रश्न होइन यो । त्यसरी त्यो निर्णय गर्दाखेरि जुन राज्य व्यवस्था समितिमा आयो निर्णय त्यस बेलामा कुन राजनीतिक पार्टीहरूसँग नेपाली काँग्रेस त एउटा त्यति बेला प्रमुख प्रतिपक्षको रूपमा थियो नि त ।

नेपाली काँग्रेस एउटा यस्तो पार्टी थियो २००७ सालदेखि आजसम्मको डेटमा नेपाली काँग्रेसले यो देशमा जति पनि अग्रगामी परिवर्तनहरू भ'को छ सात सालको परिर्वतन होस्, ४६ सालको परिवर्तन होस्, ६२ सालको परिवर्तन होस् या २०७२ सालमा नयाँ संविधानको घोषणाको कुरा, नयाँ संविधानको घोषणाको सन्दर्भ होस् । नेपाली काँग्रेसले त नेतृत्वदायी भूमिका गरेर यो मुलुकलाई अग्रगमनतिर अगाडि बढाउनमा कहिले पनि पछि नपरेको पार्टी हो नि त । त्यो पार्टीसँग के अलिकति पनि सरसल्लाह भयो त? त्यति बेला के त्यो अहिले तपाईंहरूले अहङ्कार, घमन्ड त्यसको उन्माद त्यो घमन्ड र अहङ्कारको उन्माद तपाईंहरूमा पनि चढेको थियो नि त । जति बेला नेकपाको सरकार थियो त्यो उन्माद र घमन्ड र इगो तपाईंकै ती नेताहरूले कहिले भन्ने गर्नुहुन्थ्यो २५ वर्षमा नेकपाको सरकार । २५ वर्षसम्म चियाउनै हुँदैन काँग्रेसले भन्या हो कि होइन? त्यसलाई म घमन्ड र इगोको हिसाबले होइन डेमोक्रेटिक कल्चरको अभाव, हाम्रो मुलुकमा डेमोक्रेटिक कल्चरको अभाव छ ।

प्रमुख प्रतिपक्ष भनेको वेटिङ गोभर्मेन्ट हो । वेटिङ प्राइम मिनिस्टर हो प्रतिपक्षको नेता पार्लियामेन्टरी डेमोक्रेसीमा । र म यही सम्माननीय अध्यक्ष महोदय, गरिमामय सदनमा मैले बारम्बार भन्ने गरेको छु कि नेपालका केही यस्ता विषयहरू छन् परराष्ट्र सम्बन्धको विषय भन्या छु, सुरक्षको विषय मैले भन्या छु, नागरिकताकै विषय मैले भन्या छु । तीर, चारवटा विषय मैले भन्या छु । प्राकृतिक स्रोत र सम्पदाहरू दोहनको सन्दर्भ मैले भनेको छु । यस्ता केही विषयहरूमा आम सहमति कि सर्वसम्मति त्यो नभए पनि आम सहमति त्यो पनि भएनन् भने मेजर पोलिटिकल फोर्सेसहरूको बिचमा सहमति गरेर जानुपर्दछ । अनि मात्रै हाम्रो देश एउटा विकास र समृद्धिको दिशामा अगाडि बढ्छ र नेपालको राष्ट्रियता बलियो हुन्छ । त्यसकारणले त्यो गरिएन । त्यो गरिएन त्यो ढङ्गले आयो ।

र म यो क्वोइसन फेरि तेस्रो क्वोइसन गर्न चाहन्छु । त्यति बेला ल ठिक छ नेपाली काँग्रेस र मधेसवादी दलहरूको नोट अफ डिसेन्ट थियो राज्य व्यवस्था र सुशासन समितिमा । तर बहुमतले त पास गरेको थियो नि त । बहुमतको निर्णयले पार्लियामेन्टमा ल्याउन तत्कालीन प्रधानमन्त्री केपी र त्यो दल नेकपालाई कसले रोक्यो? किन ल्याएन? त्यसकारण मेरो निष्कर्ष के हो भन्दाखेरि वैवाहिक अङ्गीकृतको विषयमा आज प्रमुख प्रतिपक्षले राजनीति गर्दै छ । इन्टेन्सन खराब छ । राजनीति गर्दै छ । नेसनलिजमको विषयमा कन्सिस्टेन्सी भएन । पवित्रता भएन । साँच्चिकै नेपालको

राष्ट्रवादलाई बलियो गर्ने गरी पोलिसी बनेन, एक्जिक्युसन भएन । विचार अभिव्यक्तिहरू भएन भन्ने मलाई लाग्छ सम्माननीय अध्यक्ष महोदय । त्यसकारण म अहिले निष्कर्षमा यो भन्छु यो सन्दर्भको निष्कर्षमा यो तीनटा प्रश्नको जवाफ म नेपाली काँग्रेसको संसदीय दलको एउटा सदस्य र सिपाहीको नाताले म माग्न चाहन्छु प्रमुख प्रतिपक्षसँग । भोलि बोल्ने साथीहरूले या प्रमुख प्रतिपक्षले नेपाली जनतालाई नेपाली काँग्रेसले मात्र होइन नेपाली जनतालाई भन्नुपर्यो तीन समयमा तीनटा यो म सन्दर्भ उल्लेख गरें । तीनटै सन्दर्भमा वैवाहिक अङ्गीकृतको बारेमा प्रमुख प्रतिपक्षले किन यो विषयलाई अगाडि बढाएन भन्ने मेरो क्वोइसन हो । म एकदम विथ डियू रेस्पेक्ट त्यो पार्टीप्रति मेरो विथ डियू रेस्पेक्ट विनाआक्रोस म यो कुरा राख्न चाहन्छु ।

अब म सम्माननीय अध्यक्ष महोदय, तपाईंलाई म विशेष रूपमा धन्यवाद दिन चाहन्छु । म भोलि बोल्न पा'को भए अलिकति मेरो मनमा थियो कि मैले नेपालको संविधान, २०६३, नेपाल नागरिकता ऐन, २०६३ र अहिलेको २०७२ सालको अहिलेको वर्तमान हाम्रो संविधान सबैको भोलि बोकेर आउँथें । र हरेक दफा, उपदफा म यहाँ केलाउँथें । र म भन्थें तर त्यो मौका आज मैले पाइनँ । आजै बोल्नुपर्ने स्थिति खडा भयो । म आज बोल्दै छु । तपाईंले निर्धक्कसँग बोल्नुस् । सान्दर्भिक बोल्नुस् तर समयको सीमा छैन तपाईंले भन्नुभो' यसको लागि म तपाईंलाई धन्यवाद दिन चाहन्छु ।

चौथो मेरो क्वोइसन गरेर म त्यसपछि अगाडि अर्को विषयमा प्रवेश गर्छु । चौथो कुरा के भन्दाखेरि त्यो २०६३ नेपालको अन्तरिम संविधान जसलाई म अस्ति पनि भनेको थिएँ कि यो एउटा नेपाली समाजको रूपान्तरणकारी इपोग्मयाटिक युगान्तकारी जसलाई युगान्तकारी दस्तावेज भनिन्छ । जसरी १२ बुँदे सम्झदारी नेपाली राजनीतिको ऐतिहासिक रूपमा युगान्तकारी सम्झदारी थियो । जसले नेपाली समाजका केही उत्पीडन, विभेद र शोषणको रूपहरू के हो त्यसले उद्घाटित गरेको छ त्यो १२ बुँदे सम्झादरीले । त्यसमा सबै मेजर पोलिटिकल फोर्सेसहरूले त्यो कुरालाई स्वीकार गरेको छ । त्यसरी नै नागरिकताको सम्बन्धमा युगान्तकारी संविधान मानिन्छ । त्यो संविधान, २०६३ को संविधान नागरिकताको सन्दर्भमा २०६३ को ऐनलाई युगान्तकारी मानिन्छ । कि जनक्रान्तिपछि नेपाली जनताको समस्यालाई साँच्चिकै समस्यलाई सम्बोधन गर्ने काम गरेको छ । त्यो राजा महेन्द्रको बेलाको र वीरेन्द्रको बेलाको जति बेला गाउँ फर्केर सुरु भा' थियो र पञ्चायती व्यवस्थाको चरम खोक्रो राष्ट्रवादमा ग्रसित भइराखेको थियो त्यो पञ्चायत सिस्टम बत्तिस, तेत्तिस सालमा त्यति बेलाको सन्दर्भ जोडेर

सन्देश पठाउन हुन्छ? जति बेला एक जाति, एक भाषा, एक संस्कृति यो मुलुकमा मात्रै छ बाँकी केही पनि छैन भन्ने लहर चलिराखेको बेलाको सन्दर्भ सम्माननीय राष्ट्रपतिजीले त्यो सन्देशमा जोड्नुहुन्छ? के त्यही राष्ट्रवाद हामीले खोजेको हो? प्रमुख प्रतिपक्षले भन्नुपर्यो । कि राजा वीरेन्द्रको राष्ट्रवाद, राजा महेन्द्रको राष्ट्रवाद र प्रमुख प्रतिपक्ष नेकपा एमालेको राष्ट्रवाद उही हो भनेर भन्नुपर्यो । आजको नेतृत्वले भन्नुपर्यो । मलाई लाग्छ कि होइन त्यो । मलाई मदन भण्डारी कमरेडले मलाई भन्नुभा' थियो कि राजा वीरेन्द्रको राष्ट्र नेकपा एमालेको राष्ट्रवाद होइन । नेकपा एमालेको राष्ट्रवाद प्रगतिशील राष्ट्रवाद हो । त्यसमा छ कि छैन आज नेकपा एमाले प्रमुख प्रतिपक्ष?

त्यसकारणले म के भन्न चाहन्छु भन्दाखेरि आज त्यो पोजिसनबाट र त्यही कुरालाई २०७२ को संविधानमा, अहिलेको संविधानमा हामी व्यवस्था गरेका छौं । कुनै नयाँ कुरा होइन । र भन्दाखेरि एउटा क्रान्तिले उत्पादन गरेको; क्रान्तिले दिएको त्यो चाहिँ एउटा अग्रगमनकारी विषयबाट अग्रगामी एजेन्डाबाट आज प्रमुख प्रतिपक्ष ब्याक किन भइराखेको छ? के भयो? के यस्तो आइपर्यो? एक जना माननीय, सम्माननीय अध्यक्ष महोदय, एक जना माननीयजीले बडा राम्रो कुरा भन्नुभो' । कि यो कुराको निर्क्योल हुनुपर्यो । वैवाहिक अङ्गीकृत, म एकदम ठिक छ हिजो अस्ति पनि कान्तिपुरमा धेरै आर्टिकलहरू आइसक्या छ, तथ्य तथ्याङ्कहरू आइसक्या छ । सबैले हामीले रिकल गरौं सम्झौं र वैवाहिक अङ्गीकृत भएर ती महिलाहरू सम्मानित महिलाहरू जो नेपाल पस्नुभा' छ, कहाँ? कुन ठाउँमा? कसरी? कहाँ राष्ट्रियताको विरुद्धमा विद्रोह गर्नुभा' छ? कहाँ नेपालको विरोधमा नारा लगा'को छ? नं. १ ।

नं. २: म कमसेक्म यति आग्रह गर्न चाहन्छु सम्माननीय अध्यक्ष महोदय, कि यो संविधानको धारा २८९ लाई पनि पढियोस् । संविधानको धारा 289, २८९ लाई पनि पढियोस् । जसमा हामीले बहुत दूरदर्शी भएर संविधान निर्मातामध्यको एक जना व्यक्ति म पनि हुँ । र त्यो संविधान बहुत दूरदर्शी भएर राष्ट्रियतालाई शीर्ष स्थानमा राखेर मध्यनजर गरेर २८९ को हामीले व्यवस्था गरेका छौं । र त्यसमा भनेका छौं नेगेटिभ लिस्ट छ त्यहाँ । र त्यसमा हामीले लेखेका छौं कि नेपालका केही संवैधानिक, प्रमुख संवैधानिक पदहरूमा अङ्गीकृत नागरिक जान पाउँदैन । यो चेक लिस्ट हामीले २८९ मा राखेका छौं । 289 मा राखेको छ । अनि यो वनको बाघले नखाने मनको बाघले तपाईंहरूको कुन पूर्वाग्रहले खाइराखेको छ? कस्तो मनोविज्ञान छ तपाईंहरूको? कस्तो मनोविज्ञान हो यो? एक जना माननीयजीले भूत भन्नुभो' । कस्तो भूत हो? म त भूत

भन्दिनँ । महाभूत । किन पस्यो तपाईंहरूको दिमागमा? नेपालीहरू एक ठाउँ आयो भने नि मेरो पनि अठचालिस, उनन्चास वर्षको राजनीतिक जीवन छ सम्माननीय अध्यक्ष महोदय । मलाई आत्मविश्वास छ हामी नेपालीहरू हिमाल, पहाड र मधेस, पूर्व र पश्चिम हामी नेपालीहरू एक ठाउँमा आयौं भने दुनियाको कुनै पनि ताकतले नेपालको राष्ट्रियतालाई खतरामा ल्याउन सक्दैन । नेपालको राष्ट्रवादलाई समाप्त गर्न सक्दैन । त्यो ताकत हामीसँग छ । हाम्रो राष्ट्रवादलाई केही भ'को भए सायद त्यो दोस्रो विश्वयुद्ध कालमा या सात सालकै वरिपरिमा केही हुन सक्थ्यो । आजको युग, आजको मितिमा कसैले नेपालको राष्ट्रमाथि खतरा छ भन्ने कोही पालछ भने या त कुरा राजनीति बुझ्या छैन, या त पढ्दै पढ्दैन, या एउटा महाभूत गोजीमा राखेर हिँडिराखेको छ ।

त्यसकारणले मलाई लाग्छ कि वैवाहिक अङ्गीकृतको सन्दर्भमा केही छलफल, राष्ट्र बहस, विमर्श जुन चैं सङ्केत राष्ट्रपतिज्यूको सन्देशमा पनि छ त्यसमा गर्न सकिन्छ । गर्न नेपाली काँग्रेस तयार छ । नेपाली काँग्रेस एउटा डेमोक्रेटिक पार्टी हो । बहस, विमर्शबाट नेपाली काँग्रेस कहिले पछाडि हट्दैन र अहिलेको गठबन्धन सरकार पनि यो बहस र अन्तरक्रियाबाट पछाडि हट्दैन । त्यसकारण यो कुरा भन्दै म अर्को एउटा कुरा अब राख्न चाहन्छु के भन्दाखेरि सम्माननीय अध्यक्ष महोदय, मैले समय बढी लिइराखेको छु । अब समय त दिनुभा' छ सम्माननीय अध्यक्ष महोदयले । त्यसकारण अब कुरा त राख्नै पर्यो ।

अब म के राख्न चाहन्छु भने जुन विषयमा अहिले हामी छलफल गरिराखेका छौं कि राष्ट्रपतिजीले सन्देश पठाउनुभ'को छ । पुनर्विचार गर्न सकिन्छ भने गर्नुस् भनेर या गर भनेर सङ्घीय संसदलाई भनेको छ । कम्प्लिट्ली हाम्रो देशको वर्तमान सम्माननीय प्रधानमन्त्रीजीले उहाँले भन्नुभा' छ कि जे सन्देश माननीय राष्ट्रपतिबाट आ'को छ त्यो संवैधानिक छ । प्रधानमन्त्रीजीले आफै भन्नुभा' छ जे सन्देश आ'को छ त्यसलाई सरकारले सकारात्मक रूपमा लिएको छ । र दुई दिन, हिजो र अस्ति दुई दिन जुन विधायन व्यवस्थापन समितिमा जे हामी बहस, छलफल गयौं र यही पनि रोस्ट्रमबाट बारम्बार अहिलेको सरकारको माननीय गृह मन्त्रीज्यूले बारम्बार त्यही लाइट सविस्तार आफ्ना कुराहरू राख्नुभ'को छ । त्यही लेटर एन्ड स्प्रिडमा आफ्ना कुराहरू सविस्तार राख्नुभ'को छ । म यहाँनिर एउटा क्वोइसन गर्छु आफ्टर अल तीन जना जो राष्ट्रपतिबाट मनोनित भएर हामी आएका छौं, जो हामी छौं र सात प्रदेशबाट आठ सत्ता छपन्न जनाभन्दा ५९ जना हामी जो छौं आखिर यहाँ आइसकेपछि त वि आर पार्लियामेन्ट

मेम्बर । हामी राष्ट्रपतिप्रति लोयल त होइनौं नि । हामीले मर्यादा, प्रतिष्ठा, गरिमा, मान सम्मान हामी सांसदहरूले सबैभन्दा पहिला हेर्नुपर्यो भने कसको हेर्नुपर्यो? कसको हुनुपर्यो सम्माननीय अध्यक्ष महोदय मैले भन्दाखेरि यो संसदको मान सम्मान, गरिमा, अधिकार क्षेत्र हेर्नुपर्यो । अरू हामी कोहीप्रति जिम्मेवार छैनौं । संविधान सुप्रिमेसी अफ कन्स्टिटच्युसन, संविधानको सर्वोच्चता, संविधानको सर्वोच्चताले जे व्याख्या गर्या छ त्यो रूपमा मात्रै हामी सम्माननीय राष्ट्रपतिप्रति हामी जिम्मेवार हुन्छौं । र हाम्रो संविधानले सेपरेसन अफ पावर, चेक एन्ड ब्यालेन्स, शक्ति पृथिकीकरण र नियन्त्रण तथा सन्तुलनको सिद्धान्तमाथि आधारित छ हाम्रो संविधान । यस्तो बेलामा हाम्रो संविधानले म धारा मैले भनिहालें भोलि बोल्न पाएको भए त्यो कोड गर्दिन्थें । तर हाम्रो संविधानमा के छ भन्दाखेरि राष्ट्रपतिजीकहाँ सङ्घीय संसदले प्रमाणीकरणको लागि पठाएको विधेयकलाई यदि सम्माननीय राष्ट्रपतिजीलाई यो लाग्यो कि यो पुनर्विचार गर्ने खालको छ भने पन्ध्र दिनभित्र पठाउन सक्ने सन्देशसहित पठाउने सक्ने भन्ने व्यवस्था संविधानको व्यवस्था हो । त्यो सम्माननीय अध्यक्ष महोदयले गर्नुभो' । सम्माननीय राष्ट्रपति महोदयले त्यो गर्नुभो' । त्यसले हाम्रो सरकारले, यो अहिलेको सरकारले, प्रधानमन्त्रीजीले एकदम संवैधानिकै भन्नुभा' छ । र यही संविधानमा के भन्या छ भने पुनर्विचारको लागि आइसकेको विधेयकलाई सङ्घीय संसदको अधिकारक्षेत्र के हो? जुरिडिक्सन के हो? क्षेत्राधिकारी के हो भन्दाखेरि अहिलेको संविधानले व्याख्या गरेको छ कि सङ्घीय संसदले चाह्यो भने संशोधनसहित पुनः चाह्यो भने संशोधनसहित । चाहेन भने यथा स्थितिमा जस्ताको तस्तै । सम्माननीय राष्ट्रपतिजीकहाँ पठाउन सक्ने संवैधानिक प्रबन्ध छ । र त्यसरी गइसकेपछाडि त्यसको पन्ध्र दिनभित्र नाइ नास्ती नगरीकन सम्माननीय राष्ट्रपतिजीले त्यो विधेयक प्रमाणीकरण गर्न पठाउनुपर्ने हुन्छ । यही होइन संवैधानिक प्रबन्ध? भनेपछि सम्माननीय राष्ट्रपतिजीले पठाएको कुरामा हामी यत्रो चिन्ता, चासो, सम्मान, मर्यादा, प्रतिष्ठाको कुरा उठाउने र सङ्घीय संसद जसको मेम्बर हामी हौं, वि आर द मेम्बर अफ द फ्यामेली सङ्घीय संसद भन्ने परिवार छ त्यो परिवारको सदस्य त हामी हौं नि त । (**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीयज्यू, वक्ता माननीयले यतातिर हेर्दा राम्रो होला, चियरतिर ।)

हाम्रो अधिकार हामी आफ्नो अधिकार हामीलाई संविधानले दिएको जुन एउटा क्षेत्राधिकार छ सम्माननीय अध्यक्ष महोदय, त्यसलाई हामीले हेर्ने कि नहेर्ने? त्यसकारण जे कुरा भइराखेको छ सम्माननीय अध्यक्ष महोदयले पनि संवैधानिकै कुरा गर्नुभा' छ र

संङ्घीय संसदले अहिले जुन ढङ्गले विधेयकलाई अगाडि बढाइराखेको छ त्यो चाहिँ एकदम संवैधानिक रूपमा अगाडि बढिराखेको छ । अब यस्तो बेलामा म अरू कुरा त होइन तर एउटा कुरा मात्रै हो मेरो कुनै आलोचना होइन खालि ध्यान आकर्षण मात्रै हो मेरो । एउटा सांसदको नाताले मात्रै ध्यान आकर्षण हो । किनभने सम्माननीय राष्ट्रपतिजीले पनि ध्यान आकर्षण भनेर ८ बुँदा पठाउनुभा' छ । मेरो पनि सम्माननीय राष्ट्रपतिजीलाई एउटा सांसदको नाताले ध्यान आकर्षण के मात्रै हो भने तपाईंको सल्लाहकार हाम्रो संविधानको लेटर यान्ड स्पिरिट के हो भन्दाखेरि सम्माननीय राष्ट्रपतिजीको पहिलो सल्लाहकार, सुझाव दिने पदाधिकारी कोइ हो भने सम्माननीय प्रधानमन्त्रीज्यू हो । त्यो सरकारका सारा सल्लाहहरू सम्माननीय प्रधानमन्त्रीजीमार्फत राष्ट्रपतिमा जाने गर्दछ । यो संवैधानिक प्रबन्ध हो । त्योबाहेक पनि खास खास संवेदनशील विषयहरूमा, राष्ट्र महत्त्वका विषयहरूमा कहिलेकाहीँ कानुनी सल्लाहहरू पनि लिन सकिन्छ । नागरिक समाजसँग, कानुन वक्ताहरूसँग, विज्ञहरूसँग लिनु त्यो आपत्तिजनक हुँदैन । त्यतिसम्म पनि मान्न सकिन्छ । एउटै कुरा मेरो चाहिँ ध्यान आकर्षण के हो भने आगामी दिनमा नगर्नुहोला, अहिले गर्नुभो' त्यो राम्रो भएन । त्यो के भन्दाखेरि आर्मी बाहालवाला आर्मी जनरल र अवकास प्राप्त आर्मी जनरलहरूलाई बोलाएर यो नागरिकताको विषयको बारेमा जो कि फेडेरल पार्लियामेन्टको विषय हो । जनताद्वारा चुनिएका जनप्रतिनिधिहरूले बनाउने विधेयक हो । यहाँ रहिराखेको विषयको बारेमा अवकास प्राप्त र बाहालवाला आर्मी जनरलहरूसँग जुन सल्लाह भयो त्यो मलाई सांसदको नाताले विनम्रतापूर्वक विथ अल डिउ रेस्पेक्ट टु द इस्टिट्युसन अफ द राइट अनरेवल प्रेसिडेन्ट यो सल्लाह राम्रो भएन । यसको म्यासेज के गयो भन्दाखेरि मिडियामा के आयो भन्दाखेरि कतै तपाईं नेपालका पोलिटिकल पार्टीहरूलाई, नेपालको सरकारलाई तपाईंले थ्रेट त गरिराख्नुभा' छैन? खबरदार है । हाम्रो मुलुकमा १७ साल भ'को थियो नि त । त्यो कुरा त ताजै छ नि त । त्यसकारणले त्यो अलिकति राम्रो भएन भनेर एकदम विथ अल डिउ रेस्पेक्ट मैले भनिहालेँ । ध्यान आकर्षण मैले गराएँ । बाँकी कुराहरू एकदम ठिक छ । उहाँले जे पठाउनुभ'को छ सम्माननीय राष्ट्रपतिजीले जे पठाउनुभा' छ त्यसलाई अब अन्तिम बुँदा मेरो के हो भन्दाखेरि अहिलेको सरकारले अत्यन्त सकारात्मक रूपमा लिएको छ र त्यसमा चिन्तन मनन भइराखेको छ, गरेको छ जुन कुरा माननीय गृह मन्त्रीज्यूबाट सबिस्तार विधायन व्यवस्थापन समितिको बैठकमा आइसकेको छ । त्यो कुरामा चाहिँ छोटकरीमा केही कुरा राख्न चाहन्छु ।

अहिलेको जुन सम्माननीय अध्यक्ष महोदय, अहिलेको जुन विधेयको व्यवस्था छ यसलाई तीन खण्डमा हेर्न सकिन्छ । तीनटा महलमा हेर्न सकिन्छ । एउटा वर्तमान विधेयकको जुन व्यवस्था छ त्यसमा अहिलेको विधेयकमा तीनटा कुरा गरिएको छ । जो टोटल संविधानसम्मत छ । एउटा जन्मसिद्धका सन्तानहरूलाई वंशजको नागरिकता दिने कुरा जुन गरिएको छ त्यो चाहिँ टोटल संविधानसम्मत छ । त्यो संविधान पढेर था' भइहाल्छ । र सम्माननीय राष्ट्रपतिजीले पनि त्यो असंवैधानिक छ भनेर उहाँले भन्नुभा' छैन । त्यसकारण यो साबित भइसक्यो कि कम्प्लिट संवैधानिक छ सम्माननीय अध्यक्ष महोदय । दोस्रो के भन्दाखेरि आमाको नाममा वंशजको नागरिकता सन्तानले पाउने । एउटा चैं स्वघोषणा गरेर त्यसको जुन कार्यविधि कानुन भन्छ प्रोसिडुरल ल त्यो हिसाबले त्यो मन्त्रालयले बनाउने कुरा भो । क्याबिनेटले पास गर्ने कुरा भो' । त्यो आधारमा जाने कुरा दोस्रो छ । जो कि त्यो पनि स्वयम् अहिलेको संविधानको व्यवस्था हो । र तेस्रो भनेको गैरआवासीय नेपाली नागरिकले पाउने राजनीतिक र प्रशासनिक अधिकारबाहेक सामाजिक, सांस्कृतिक र आर्थिक अधिकार पाउने कुरा । यो तीनटा कुरा मात्रै छ यसमा, यो विधेयकमा । यो तीनटा कम्प्लिटली संवैधानिक छ, कम्प्लिटली संवैधानिक छ । जसमा कसैले पनि क्वोइसन खडा गरेको छैन । भन्दाखेरि यदि यो कम्प्लिट चैं क्वोइसन खडा कसैले खडा गर्न सकेको छैन किनभने यो कम्प्लिट संवैधानिक छ भने यो तीनटा कुरालाई त हामी एकदम खुला हृदयले कम से कम सम्बोधन गरौं न हौं । यसलाई पनि किन यो हजमोला खानुपर्ने? किन पचिनराखेको? किन अपच भइराखेको? त्यसकारण एउटा त यो विधेयकको सन्दर्भको तीनटा कुरा ।

दोस्रो कुरा के भन्दाखेरि सम्माननीय अध्यक्ष महोदय, विधायन व्यवस्थापन समितिको बैठकमा माननीय मन्त्रीजीले सबिस्तार व्याख्या के गर्नुभो' भन्दाखेरि सम्माननीय राष्ट्रपतिजीले विमर्शको लागि र ध्यान आर्कषणको लागि ७ र ८ गरेर १५ बुँदे जुन सन्देश पठाउनुभा' छ त्यसमध्येको दुइटा बुँदालाई जो नियमावलीसँग जोड्न सकिन्छ नियमावलीसँग जोडेर यो प्रादेशिक पहिचानलाई सम्बोधन गर्ने कुरा । र खास गरेर यो स्वघोषणाको कुरालाई नारी अस्मिता र नारी संवेदनशीलता, आमाको संवेदनशीलता, अस्मिता, गोपनीयता, त्यो भावनात्मक मर्म सबैलाई विचार गरीकिन अहिलेको संविधानले दिन सकेको म्याक्सिमम फ्रेमभित्र बसेर त्यसलाई चाहिँ त्यो जुन भोलि कार्यविधि कानुन बन्छ प्रोसिडियर अफ ल बन्छ त्यो चाहिँ त्यसमा सम्बोधन त्यसरी गरिन्छ भनेर सिन्सियरली अहिलेको सरकारको तर्फबाट माननीय गृह मन्त्रीजी त्यो दुइटा कुरा

राख्नुभो' । अहिले भरखरै विधायन व्यवस्थापन समितिबाट जुन रिपोर्ट आ'को त्यो कुरामा पनि त्यो उल्लेख भएको सन्दर्भ हो । र त्यसकारणले यो दुइटा कुरा त आखिर सम्माननीय राष्ट्रपतिज्यूको सन्देशलाई त अहिलेको सरकारले त सम्बोधन गर्‍यो नि त । यो पनि गरेन भन्ने? आखिर सन्देश नआ'को भए सायद हुन सक्थ्यो, मिस हुन सक्थ्यो यो दुइटा कुरा जाँदैन थियो अगाडि । त्यत्रो चैं सम्माननीय राष्ट्रपतिज्यूको गरिमालाई, प्रतिष्ठालाई, मानलाई, मर्यादालाई जो शब्दहरू प्रयोग भइरा' छ त्यसलाई त सम्बोधन गर्‍यो नि त यो सरकारले । गर्न तयारै भो नि त । यो त ..... । यति कुराले त सरकारले कम से कम वाह राम्रो गर्‍यो भनेर भन्दिनुपर्‍यो नि त । यदि हामी कुनै पूर्वाग्रह छैन भनेर भन्नुपर्‍यो नि । त्यसकारण दोस्रो कुरा ।

अन्तिम कुरा के सम्माननीय अध्यक्ष महोदय, विधेयको व्यवस्थाको सन्दर्भ, अब त्यसपछाडि नियमावलीसित जोडिएको सन्दर्भ र तेस्रो भनेको अब केही विषयहरू दुइटा विषय । खास गरी वैवाहिक अङ्गीकृतको सन्दर्भ र संविधान संशोधनसँग जोडिएको सन्दर्भ र राजनीतिक सहमतिसँग जोडिएको सन्दर्भ । यो लास्ट मेरो पोइन्ट हो सम्माननीय अध्यक्ष महोदय । ठिक छ हाम्रो माननीय गृह मन्त्रीजीले समेत, हाम्रो पार्टी नेपाली काँग्रेसले समेत, नेपाली काँग्रेस संसदीय दलले समेत र सम्माननीय प्रधानमन्त्रीजीले समेत बारम्बार भन्नुभा' छ कि संविधान भनेको कुनै लकिरको फकिर होइन । यो गतिशील दस्ताबेज हो । आवश्यकताअनुसार हरेक चिजमा परिवर्तन हुन्छ । तर कुरा के मात्रै हो भने ती परिवर्तनले अग्रगमनलाई सम्बोधन गर्छ कि पश्चगमनलाई सम्बोधन गर्छ? यो कुरा ख्याल गर्नुपर्छ । अग्रगमनलाई फरवार्ड मुभिङ अग्रगमनलाई सम्बोधन हुने गरी सदा नेपाली काँग्रेस संविधान संशोधनको विषयमा देशको मेजर पोलिटिकल फोर्सेसहरूसँग छलफल गर्न, विमर्श गर्न, अन्तरक्रिया गर्न र एउटा निचोडमा जान, निष्कर्षमा जान तयार छ ।

त्यसकारण वैवाहिक अङ्गीकृतकै विषय बन्द भयो बन्द भयो अब कहिले खुल्दैन यो चैं एकदम कुरान भयो, बाइबल भयो, रामायण भयो जे छ त्यही ठिक छ भन्ने नेपाली काँग्रेसको दृष्टिकोण होइन नि । यसमा पनि छलफल हामी गर्न सक्छौं आगामी दिनमा । तर के भन्दाखेरि यो विषय संविधान संशोधनसँग जोडिएको विषय हो । लैङ्गिक समानता महिलाहरूलाई त हामी नागरिकता दिइराख्या छौं विदेशी महिला वैवाहिक अङ्गीकृतको सन्दर्भमा त जुवाइँहरूलाई पनि दिनुपर्छ भन्ने जुन माग भइराखेको छ त्यो नारा उठिराखेको छ त्यो सन्दर्भ अहिलेको संविधानको व्यवस्थालाई एक्जिस्टिङ यथावत्

राखेर सम्बोधन हुन सक्ने विषय होइन । त्यसकारणले लैङ्गिक समानताको विषय, वैवाहिक अङ्गीकृतको विषयलगायतका केही विषयहरूमा आगामी दिनमा मैले बुझेंअनुसार यो सरकार पनि र मुख्य रूपमा नेपाली काँग्रेस पार्टी र नेपाली काँग्रेस संसदीय दल खास गरी नेपाली काँग्रेसको लिडरसिप, नेपाली काँग्रेस पार्टी आगामी दिनहरूमा मेजर पोलिटिकल फोर्सेसहरूसँग यी विषयहरूमा सहमति गरेर, छलफल गरेर अगाडि बढ्न तयार रहेको बेहोरा म सम्माननीय अध्यक्ष महोदयमार्फत यो गरिमामय सदनमा भन्न चाहन्छु । किन भन्दाखेरि यो विषय अलिकति के भन्दाखेरि यो नागरिकताको विषय रोटी बेटीको सम्बन्ध मात्रै होइन सम्माननीय अध्यक्ष महोदय, मात्रै होइन । हिजै काठमाडौं पोष्टमा एउटा इङ्लिसमा आर्टिकल निस्क्या छ । नेपालको ठुलो विद्वान्ले आर्टिकल लेख्नुभा' छ । हाम्रो नेपालका केही क्षेत्रहरूसँग रोटी बेटीको रूपमा र केही क्षेत्रसँग रोजीरोटीको रूपमा । रोटी बेटीको रूपमा मात्रै होइन यो रोजीरोटीको रूपमा पनि जोडिएको विषय हो । र यो विषय केही हदसम्म देशभित्रका विषय र केही हदसम्म अन्तर्राष्ट्रिय विषय ती विभिन्न देशबाट वैवाहिक अङ्गीकृत भएर आइराखेको छ । त्यसकारणले यो विषयलाई नेपाली काँग्रेस एउटा अत्यन्त पुरानो पार्टी, डेमोक्रेटिक पार्टी, इतिहास बोकेको पार्टी र मुख्य रूपमा मोडिरेट पार्टी हामी कुनै पनि एक्सट्रिमिजममा नेपाली काँग्रेस इतिहासमा कहिले पनि एक्सट्रिमिजम नगएको । हरेक आन्दोलनहरूमा एउटा अग्रगामी ढङ्गले जाने गरी सन्तुलित भूमिका, मध्यमार्गी भूमिका खेलेर अगाडि बढ्ने कुरा भएको हुनाले यो दुइटै सवाललाई, राष्ट्रियतालाई बलियो हुने गरी नेपालको राष्ट्रियता भौगोलिक अखण्डतालाई बलियो गर्ने गरी नेपालभित्रका भूगोल भूगोल बिचको सम्बन्ध र जाति जातिबिचको सम्बन्ध र संस्कृति संस्कृतिबिचको सम्बन्धलाई बलियो पार्ने गरी अर्थात् आन्तरिक राष्ट्रवादलाई बलियो गर्ने गरी र हाम्रा दुवै छिमेकीसँगको सम्बन्धलाई पनि अत्यन्त सन्तुलित राख्ने गरी यी विषयहरूलाई ल्यान्डिङ दिनको लागि, निर्कोल गर्नको लागि र निष्कर्ष दिनको लागि नेपाली काँग्रेस संसदीय दल नेपाली काँग्रेस तयार छ भन्ने कुरा सायद मैले भन्नु अतियुक्ति नहोला । यो कुरा यो गरिमामय सदनमा राख्दै सम्माननीय अध्यक्ष महोदय, म आफ्नो कुरालाई यहीं विराम दिन चाहन्छु । समय अलि बढी लिन गएँ भने जस्तो मलाई पनि फिल भो' यसको लागि म क्षमा प्रार्थी छु । तथापि म सम्माननीय अध्यक्ष महोदयलाई मुरी मुरी धन्यवाद, समयको लागि मुरी मुरी धन्यवाद दिँदै म आफ्नो कुरालाई यहीं विराम दिन चाहन्छु । धन्यवाद । नमस्कार ।

**<u>पुनः पीठासीन</u>**ः- सम्माननीय अध्यक्ष श्री गणेशप्रसाद तिमिल्सिना ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, छलफलमा भाग लिन नाम उपलब्ध गराउनुहुने माननीय सदस्यहरूको बोल्ने क्रम नसकिएकोले यो छलफल राष्ट्रिय सभाको अर्को बैठकमा पनि जारी रहने बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल भदौ १७ गते शुक्रवार अपराह्न १४:५९ बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ भदौ १७ गते शुक्रवार अपराह्न १४:५९ बजे बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १९:५४ बजे ।**